सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० भदौ २०८०, शनिबार (16 Sep 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १५६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

कान्ति अस्पतालको गेटमै पुगेका गम्भीर बिरामीलाई पनि 'सेटिङ'मा पठाइन्छ निजीमा

बालबालिकाको मात्रै उपचार हुने विशिष्टीकृत एक मात्र सरकारी अस्पताल कान्तिमा देशभरबाट बिरामी आउँछन् । तर, केही कर्मचारीले कमिसनको लोभमा दूरदराजबाट आउने विपन्न बिरामीलाई अनेक बहानामा निजी अस्पतालमा पठाउँछन्, छेउमै रहेको शिक्षण अस्पतालको नामसमेत लिँदैनन् ।

शिवहरि घिमिरे / नयाँ पत्रिका



१ आइसियू छैन भन्दै अप्रेसन गर्न निजीमा पठाइयो

जन्मँदै मुटुमा प्वाल परेको ६ महिने छोराको अप्रेसन गर्न भन्दै पाल्पा रामपुरकी बिनु क्षेत्री काठमाडौं आइन् । तर, काठमाडौं आएलगत्तै बच्चालाई ज्वरो र निमोनिया देखियो । १४ भदौमा उनी छोरा बोकेर कान्ति बाल अस्पतालको इमर्जेन्सी कक्षमा पुगिन् । तर, ज्वरो र निमोनियासमेत भएको शिशुलाई आइसियू छैन भन्दै अस्पतालले फिर्ता पठाइदियो । कान्तिकै डाक्टरको सिफारिसमा उनले बिरामीलाई कलंकीस्थित नेसनल अस्पताल पुऱ्याइन् । 'कान्तिमा भर्ना नलिएपछि त्यहींका डाक्टरको सिफारिसमा नेसनल अस्पताल पुऱ्याएँ । छोरालाई निमोनिया भइसकेको रहेछ । ११ दिन आइसियूमा राख्नुपऱ्यो,' उनले भनिन् । बिनुका श्रीमान् हाल विदेशमा छन् । मुटुमा प्वाल परेको समस्या लिएर अप्रेसन गर्न आएकी उनले शिशुको उपचारमा अहिलेसम्म तीन लाख खर्च गरिसकेकी छिन् । तर, अप्रेसनको प्रक्रिया भने सुरु भएको छैन ।

२ कान्तिका सेक्युरिटी गार्डले निजी अस्पतालमा पठाएका कैलालीका कृष्ण रोकायाले सिध्याए पाँच लाख

कैलाली घोडाघोडीका कृष्ण रोकायाले १२ भदौ बेलुकी ६:१५ मा पाँच वर्षीय छोरा अर्पणलाई कान्ति अस्पताल पुऱ्याए । उच्च ज्वरो आएपछि धनगढी हुँदै जहाज चढेर उपचार गर्न आएका उनलाई कान्ति अस्पतालको गेटबाटै फर्काइयो । कृष्णले टाढाबाट आएको र बच्चाको अवस्था सिकिस्त रहेको बताउँदै गार्डसँग अनुनय गरे । गार्डले जेनतेन ढोकाबाट भित्र छिर्न दिए, तर डाक्टरले बेड खाली नभएको भन्दै बिरामी लिन मानेनन् । इमर्जेन्सीको गेटमा उभिएका सेक्युरिटी गार्डले कृष्णलाई कलंकीमा रहेको नेसनल अस्पतालमा लैजान भने । बच्चाको राम्रो उपचार हुने अस्पताल थाहा नभएका कृष्णले गार्डको कुरा सुनेर बच्चालाई सोही अस्पताल लगे । त्यहाँ पाँच दिनसम्म भेन्टिलेटरमा राखेर उपचार भयो । नेसनल अस्पतालले भेन्टिलेटरमा राखेको दैनिक २५ हजार शुल्क लिने गरेको छ । भेन्टिलेटर, औषधि र सामान्य बेडमा राखेर उपचार गर्दा कृष्णको हालसम्म पाँच लाख खर्च भइसकेको छ । 'सरकारी अस्पताल सस्तो र राम्रो छ भन्ने सुनेर कैलालीदेखि बच्चा कान्तिमा पुऱ्याएँ, तर त्यहाँ त उपचार गर्ने मानेननू,' उनले गुनासो गरे, 'टाढाबाट आएको बताउँदासमेत कुनै प्रतिक्रिया दिएननू, सेक्युरिटी गार्ड र इमर्जेन्सीका डाक्टरले नेसनल अस्पताल लैजान भनेका थिए, तर यहाँ निकै महँगो रहेछ ।'

३ इमर्जेन्सीका डाक्टरले नै बेड छैन भन्दै हेर्न मानेनन् बिरामी

भक्तपुर बालकोटकी गोमा क्षेत्रीले डेढ वर्षीया छोरी जेनिशालाई अचानक ज्वरो आएपछि १२ भदौ राति ९ बजे कान्ति अस्पतालको इमर्जेन्सीमा पुऱ्याइन् । तर, त्यहाँ पुग्नेबित्तिकै इमर्जेन्सीमा छिर्न गार्डले अवरोध गरे । जेनतेन ठेलमठेल गर्दै इमर्जेन्सीमा बिरामी पुऱ्याए पनि डाक्टरले बेड खाली नभएको भन्दै उपचार गर्न मानेनन् । इमर्जेन्सीमै पुऱ्याएको बच्चाको उपचार सुरु नभएपछि गोमा छटपटाउन थालिन् । इमर्जेन्सीमा चिकित्सकलाई उनले बच्चालाई के भएको हो हेरिदिन अनुनयविनय गरिन् । तर, रातिको समयमा उच्च ज्वरो आएकी जेनिशालाई डाक्टरले जाँच्नसमेत मानेनन् । त्यहाँ उभिएका गार्डले गोमालाई कलंकीमा रहेको नेसनल अस्पतालमा लैजान सुझाव दिए । त्यसपछि गोमाले काठमाडौं महानगरपालिकाको एम्बुलेन्स बोलाइन् । 'रातिको समयमा धेरै नै ज्वरो आएर अस्पताल पुऱ्याएको इमर्जेन्सीका डाक्टरले हेर्ने मानेनन्, त्यहाँ खटिएका गार्डहरूले नेसनलमा लैजानुस् त्यहाँ डाक्टरहरू राम्रो हुनुहुन्छ भन्दै एकोहोरो भनिरहेका थिए,' उनले भनिन्, 'महानगरको एम्बुलेन्स आएपछि बिरामी नेसनलमै लगेँ, कान्तिमा उपचार गर्न डाक्टरले नै मानेनन् ।'

४ डेंगुका बिरामीलाई समेत इमर्जेन्सी छिर्न नदिई पठाइयो नेसनल अस्पताल

दोलखाका विष्णु खत्रीले सात वर्षीय छोरा सन्देश खत्री ज्वरो र डेंगु संक्रमणले सिकिस्त भएपछि १८ भदौ बेलुकी ६ बजे कान्तिको इमर्जेन्सी वार्डमा पुऱ्याए । सेक्युरिटी गार्डलाई बिरामीको अवस्थाबारे विष्णुले जानकारी गराए । तर, सेक्युरिटी गार्डले नेसनल अस्पताल लैजान सुझाव दिए । तर, खत्रीले छोरालाई निकै गाह्रो भएको भन्दै ठेलमठेल गर्दै इमर्जेन्सी

» पृष्ठ २ मा क्रमशः

■ दुई सय मिटर दूरीमा रहेको शिक्षण अस्पतालमा भने रेफर नै गरिन्न

कान्ति बाल अस्पतालदेखि करिब दुई सय मिटर दूरीको फरकमा छ त्रिवि शिक्षण अस्पताल (टिचिङ)को बाल उपचार कक्ष । तर, कान्तिले यहाँ बेड भए-नभएको बुझ्दै नबुझी अन्य निजी अस्पतालमा बिरामी पठाउने गरेको छ । टिचिङको बाल वार्डका बालरोग विशेषज्ञ डा. सूर्य थापाले यहाँ ६० बेड रहेको बताए । 'हामीसँग सबै गरेर ६० वटा मात्रै बेड छन्, त्यसमा पनि पिआइसियू ६ वटा र एनआइसियू आठवटा छन्,' उनले भने, 'हाल अस्पतालमा १२ जना विशेषज्ञ डाक्टर छौं ।' थापाका अनुसार यहाँ सबैभन्दा बढी रेफर गरिएका बिरामी आउँछन् । तर, कान्तिबाट रेफर नगरिने उनले बताए । 'मिर्गौला, लिभर, आन्द्रा, बाथरोग, शारीरिक विकास, अटिजमसम्बन्धी उपचार हामीकहाँ हुने गरेको छ । देशका विभिन्न अस्पतालबाट जटिल समस्या देखिएका बिरामी यहाँ रेफर गर्ने गरिन्छ । तर, कान्तिबाट रेफर भएको खासै थाहा छैन ।'

● डा. सूर्य थापा, बालरोग विशेषज्ञ, शिक्षण अस्पताल



देशका विभिन्न अस्पतालबाट जटिल समस्या देखिएका बिरामी यहाँ रेफर गर्ने गरिन्छ । तर, कान्तिबाट रेफर भएको खासै थाहा छैन ।

निजीमा बिरामी पठाएर उम्किन पाउँदैनन् सरकारी अस्पताल



● मोहनबहादुर बस्नेत, स्वास्थ्यमन्त्री

सरकारी अस्पतालहरूले बिरामीमाथि लापरबाही गर्ने र मिलेमतोमा निजीमा पठाउने गर्न पाउँदैनन् । बरु अस्पतालको संरचना व्यवस्थित गर्न मन्त्रालय तयार छ । कान्ति अस्पताललाई व्यवस्थित बनाउनेबारे पनि हामी गृहकार्य गर्दै छौं । सरकारी अस्पतालले निजीमा बिरामी पठाएर उम्किन पाउँदैनन् । मिलेमतोमा निजीमा बिरामी पठाउने गरिएको भए कारबाही हुन्छ ।

मिलेमतो गरेर बिरामी पठाएको प्रमाण भेटिए कारबाही गर्छौं



डा. सुमित अग्रवाल, प्रवक्ता, कान्ति बाल अस्पताल

हामीसँग जम्मा तीन सय २५ वटा मात्रै बेड छन्, तर बिरामीको संख्या थेगिनसक्नु हुन्छ । बिरामीको संख्या धेरै भएपछि अब्जर्भेसन वार्डमा एउटै बेडमा तीनजनासम्म पनि बिरामी राख्नुपर्ने अवस्था छ । यो हाम्रो दोष होइन, किनभने हामीसँग उपचार गर्ने ठाउँ यति मात्रै छ । हाल अस्पतालमा पिआइसियू १२ वटा र एनआइसियू बेड २५ वटा छन् । त्यसैले यहाँ आएका बिरामीलाई अन्त पठाउनुको विकल्प हुँदैन । अर्को कुरा, एउटै अस्पतालले मात्रै सबै बिरामी धान्न सक्दैन । कान्ति अस्पतालमा धेरै बिरामी आउँछन् । हामीकहाँ दैनिक इमर्जेन्सीमा आउनेमध्ये २५ प्रतिशत सिकिस्त हुन्छन् । उनीहरूलाई विभिन्न अस्पतालमा रेफर गर्नुपर्ने हुन्छ । रेफर गर्दा सुरुमा टिचिङ र पाटन अस्पतालमा पठाउँछौं । यदि सेक्युरिटी गार्डले आफूखुसी कुनै अस्पतालसँग मिलेमतो गरेर बिरामी पठाएको प्रमाण भेटिए कारबाही गर्छौं । यसअघि पनि तीनजनालाई कारबाही गरेका थियौं ।

झन्नयाँ

मेरा बालसखा सुवास नेम्वाङ



● झलनाथ खनाल

सुवास कमरेडको त्यो सहयोग म कहिल्यै बिर्सन सक्दिनँ

वासिङ्टनमा तरंग ल्याइरहेको एउटा चिनियाँ फोन



चीनले हुवावेको नयाँ फोनमार्फत अमेरिकालाई चिप युद्धमा पराजित गरेको हो ?

NIMB नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ गंगाको माटोबाट बनाइँदै छन् विश्वकर्माका मूर्ति



शब्द/तस्बिर : संजित परियार / नयाँ पत्रिका

असोज संक्रान्तिमा मनाइने विश्वकर्मा पूजाका लागि बाबा विश्वकर्माको मूर्ति बनाउन भारतको कोलकाताबाट आएका मूर्तिकार व्यस्त छन् । १२ जनाको समूहमा आएका उनीहरूले एक महिनामा करिब १६० वटा मूर्ति बनाइसकेका छन् । उनीहरू बिहानदेखि नै ललितपुरको कुपन्डोलमा मूर्तिमा रंग लगाउन, सजाउन र शृंगारमा व्यस्त हुन्छन् । उनीहरूले मूर्ति बनाउन रंग, शृंगारका सामान र माटो भारतको गंगाबाटै ल्याइएको उनीहरू बताउँछन् । 'गंगाको माटो ल्याएर नै मूर्ति बनाउँछौं । लरीमा दुई दिन लगाएर माटो ल्याएका हौं,' मूर्तिकार समूहलाई लिएर आएका दीपक हल्दारले भने । यो समूह तिहारसम्म बस्छ ।

■ प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण तय

हाङझाउमा राष्ट्रपति सीसँग भेट, बेइजिङमा समकक्षीसँग औपचारिक वार्ता

■ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्रसंघीय महासभाको ७८औं सत्रमा सहभागी हुन आज न्युयोर्क जाँदै

■ ५ असोजमा न्युयोर्कबाट सीधै एसियाली खेल उद्घाटन समारोहमा सहभागी हुन चीन भ्रमणमा जाने, १३ असोजमा स्वदेश फर्किने



भ्रमणका एजेन्डाबारे सदनलाई जानकारी गराउँदै प्रधानमन्त्री प्रचण्डले भने–

हाङझाउमा नै चिनियाँ राष्ट्रपति महामहिम सी जिनपिङसँग भेटघाटको कार्यक्रम रहेको छ । सोही दिन म १९औं एसियन गेमको समुद्घाटन समारोहमा सहभागी हुनेछु ।

कोभिड महामारीपछि प्रधानमन्त्रीस्तरमा हुने पहिलो उच्चस्तरीय भ्रमणले नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउनुका साथै नेपालको पूर्वाधार विकास, कृषि, ऊर्जा, पर्यटन, स्वास्थ्य, शिक्षालगायत विविध क्षेत्रमा छिमेकी मित्रराष्ट्र चीनबाट प्राप्त सहयोगबारे छलफल हुनेछ । भ्रमणका क्रममा कोभिडको कारण नियमित हुन नसकेका द्विपक्षीय व्यापार नाका र परम्परागत सीमानाकाहरू खोल्ने विषयमा समेत कुराकानी हुनेछ ।

पर्शुराम काफ्ले / नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड ५ असोजमा चीन भ्रमणमा जाने भएका छन् । प्रधानमन्त्री प्रचण्डले भ्रमणबारे प्रतिनिधिसभालाई शुक्रबार जानकारी दिएका छन् । शुक्रबार नै मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीको चीन भ्रमण स्वीकृत गरेको छ ।

संयुक्त राष्ट्रसंघीय महासभाको ७८औं सत्रमा सहभागी हुन शनिबार न्युयोर्क जान लागेका प्रधानमन्त्री प्रचण्ड समय अभावका कारण स्वदेश आउन नसकी त्यहींबाट चीन जान लागेका हुन् । प्रधानमन्त्री प्रचण्डले हाङझाउ, बेइजिङ, ल्हासा पुगेर उच्चस्तरीय भेटवार्ता गर्ने कार्यक्रम छ ।

प्रधानमन्त्रीको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री एनपी

» पृष्ठ २ मा क्रमशः

राष्ट्रसंघमा प्रधानमन्त्रीको सम्बोधनका विषयवस्तु के ?

प्रधानमन्त्री प्रचण्ड न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको महासभाको सत्रमा भाग लिन आज त्यसतर्फ जाँदै छन् । सभामा प्रधानमन्त्री प्रचण्डले नेपाली मौलिकताको लोकतन्त्र, समावेशी शासन प्रणालीको अभ्यास र समुन्नत नेपालको निर्माणमा भएका प्रयासबारे सम्बोधन गर्न लागेको जानकारी गराएका छन् ।

यस वर्षदेखि अल्पविकसित राष्ट्रहरूको समूहको अध्यक्षको हैसियतमा नेपालले ४७ वटा मुलुकको प्रतिनिधित्व गर्दै साझा चासोका विषयमा विभिन्न मञ्चमा धारणा राख्नुपर्ने जिम्मेवारी आएको उनले बताए । 'नेपालले हासिल गरेका राजनीतिक उपलब्धिहरूबारे अवगत गराउने, शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने नेपालको प्रयासमा अन्तर्राष्ट्रिय समुदायको सद्भाव लिने, अतिकम विकसित मुलुकबाट दिगो र स्थायी रूपमा स्तरोन्नति हुन आइपरेका चुनौतीबारे विश्व समुदायको ध्यानाकर्षण गर्ने,' प्रधानमन्त्रीले भने, 'अल्पविकसित मुलुकहरूको समूहको अध्यक्षको हैसियतले यो समूहका सदस्यराष्ट्रहरूले झेल्दै आएका विशिष्ट चुनौतीबारे आवाज उठाउने, जलवायु परिवर्तनबाट नेपालजस्तो पर्वतीय मुलुकमा परेको गहिरो र दूरगामी प्रभावहरूलगायतका नेपालका लागि चासोका विषय र प्राथमिकताहरूप्रति विश्व समुदायको ध्यानाकर्षण गराउने तयारी छ ।'

उनले दिगो विकास, जलवायु परिवर्तन, विश्वव्यापी महामारीका कारण सिर्जित स्वास्थ्य चुनौतीलगायतका विषयमा साइडलाइन वार्ता गर्ने कार्यक्रम छ । भ्रमणका लागि सानो र छरितो प्रतिनिधिमण्डल बनाइएको पनि प्रधानमन्त्रीले जानकारी दिए ।

उच्चका लागि २७ न्यायाधीश सिफारिस

१८ जिल्ला न्यायाधीश, ६ कानुन व्यवसायी र तीन न्याय सेवाका कर्मचारी सिफारिस

शिल्पा कर्ण / नयाँ पत्रिका

न्यायपरिषद्ले उच्च अदालतको न्यायाधीशका लागि २७ जनाको नाम सिफारिस गरेको छ । शुक्रबार बसेको परिषद् बैठकले जिल्ला न्यायाधीश र कानुन व्यवसायीसहित उच्चका लागि न्यायाधीश सिफारिस गरेको हो । उच्चमा अझै २९ न्यायाधीशको पद रिक्त छ ।

परिषद् बैठकले गरेको निर्णयमा जिल्ला न्यायाधीशकै बाहुल्य छ भने न्याय सेवामा कार्यरत सरकारी अधिकारीहरू पनि सिफारिस भएका छन् । जिल्ला न्यायाधीशबाट १८ र ६ जना कानुन व्यवसायीबाट सिफारिस भएका छन् । यसबाहेक नायब महान्यायाधिवक्ता एवं बेपत्ता छानबिन समितिका सचिव श्यामकुमार भट्टराई, सरकारी वकिल, न्याय प्रशासन र कानुन समूहबाट पनि एक-एकजना सिफारिस भएका छन् ।

परिषद् प्रवक्ता मानबहादुर कार्कीले गत आर्थिक वर्षमा सूचीमा परेका नामबाट उच्चको न्यायाधीशमा सिफारिस भएको बताए । ५६ रिक्तमध्ये २७ को पदपूर्ति भए पनि अझै मुख्य न्यायाधीशसमेत गरी २९ पद खाली रहेको परिषद्ले जनाएको छ । उच्चको बाँकी पदका लागि न्यायाधीश नियुक्तिको मापदण्डअनुसार प्रक्रिया अघि बढ्ने प्रवक्ता कार्कीको भनाइ छ । एक सय ६० जनाको दरबन्दी रहेको उच्च अदालतमा पछिल्लो समय एकतिहाइ न्यायाधीशको पद रिक्त

» पृष्ठ २ मा क्रमशः



उच्चमा अझै मुख्य न्यायाधीशसमेत गरी २९ न्यायाधीश खाली, सर्वोच्चमा ६ न्यायाधीशको पद रिक्त

सर्वोच्चको न्यायाधीशमा शर्माको नाम अनुमोदन



उच्च अदालतका न्यायाधीश विनोद शर्माको नाम संसदीय सुनुवाइबाट अनुमोदन भएको छ । सर्वोच्च अदालतको न्यायाधीशका लागि उनको नाम शुक्रबार समितिबाट अनुमोदन भएको हो । पछिल्लोपटक १० भदौमा बसेको न्यायपरिषद् बैठकले सर्वोच्चको न्यायाधीशमा उनलाई सिफारिस गर्दै संसदीय सुनुवाइका निम्ति नाम पठाएको थियो । त्यसअघि २१ भदौ ०७९ मा पनि उनको समेत गरी तीनजनाको नाम पठाइए पनि संसद्को कार्यकाल सकिएका कारण नियुक्ति हुन सकेको थिएन ।

न्यायाधीश शर्मालाई पुनः सिफारिस गरिएकोमा नियुक्ति प्रक्रिया अघि बढाउन संसदीय समितिले अनुमति दिएको हो । उनीविरुद्ध एउटा पनि उजुरी परेको थिएन । शर्मा उच्च अदालत जनकपुरमा कायममुकायम मुख्य न्यायाधीश थिए । सर्वोच्चमा प्रधानन्यायाधीशसँगै बढीमा २१ जना न्यायाधीश रहने संवैधानिक प्रावधान छ । अब सर्वोच्चमा ६ न्यायाधीशको पद रिक्त छ ।

चिकित्सक कुटपिट घटना
चिकित्सक संघले दियो किटानी जाहेरी

मकवानपुरमा **पोष्टराज अधिकारी**

चिकित्सक कुटपिट घटनामा संलग्न रहेको अभियोगमा दुईजनाविरुद्ध जिल्ला प्रहरी कार्यालय मकवानपुरमा किटानी जाहेरी परेको छ। नेपाल चिकित्सक संघले शुक्रबार बिहान हेटौँडा उपमहानगरपालिका- १२ का २९ वर्षीय अनुप प्रधान र १९ वर्षीय रोहित प्रधानविरुद्ध किटानी जाहेरी दिएको हो।

उनीहरूलाई हेटौँडा- १ मा रहेको सन्चो अस्पतालका चिकित्सकद्वय डा. विकास थापा र प्रशान्त बिडारीलाई कुटपिट गरेको अभियोगमा प्रहरीले बिहीबार नै पक्राउ गरिसकेको छ। प्रहरीले बिहीबार घटनामा संलग्न रहेको अभियोगमा बिहीबार नै हेटौँडा- १२ कै रमा प्रधान र रमिता प्रधानलाई पनि पक्राउ गरेको थियो। उनीहरू पनि प्रहरी हिरासतमै छन्। गत २५ साउनमा सन्चो अस्पतालमा उपचारका लागि आएका ४१ वर्षीय राजेश प्रधानको मृत्युको विषयलाई लिएर एक महिनापछि २८ भदौमा उनीहरूले अस्पताल पुगेर चिकित्सकद्वय थापा र बिडारीमाथि कुटपिट गरेका थिए।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं डिएसपी लक्ष्मी भण्डारीले दुईजनाविरुद्ध किटानी जाहेरी दर्ता भएको जानकारी दिए। जाहेरी नेपाल चिकित्सक संघका केन्द्रीय अध्यक्ष अनिलविक्रम कार्कीले दिएका हुन्। जाहेरीमा घटनामा संलग्न देखिएका सबैजनालाई चाँडोभन्दा चाँडो पक्राउ गरी प्रचलित कानुनअनुसार कारबाही गर्नुपर्ने माग गरिएको प्रवक्ता भण्डारीले बताए।

प्रहरीले चिकित्सक कुटपिट घटनामा पक्राउ परेका चारजनामाथि अनुसन्धान गर्न जिल्ला अदालत मकवानपुरबाट तीन दिनको म्याद थप गराएको छ। पक्राउ परेका चारजनालाई प्रहरी हिरासतमा राखी अनुसन्धान गर्न जिल्ला अदालत मकवानपुरबाट तीन दिनको म्याद थप गरिएको प्रवक्ता भण्डारीले जानकारी दिए। उनले घटनामा संलग्न भएका अन्यलाई सिसिटिभी फुटेज र पक्राउ परेकाहरूको बयानको आधारमा पक्राउ गर्ने बताए। प्रहरीले टेक्निकल र म्यानुअल सिस्टमबाट घटनाको अनुसन्धान थालेको उनको भनाइ छ।

स्वास्थ्यकर्मी आन्दोलित, आकस्मिकबाहेकका सेवा बन्द

चिकित्सक कुटपिट घटनाको विरोधमा शुक्रबार हेटौँडाका सम्पूर्ण स्वास्थ्य संस्थाका आकस्मिकबाहेकका सबै सेवा पूर्ण रूपमा बन्द गरिएको छ। हेटौँडाका सरकारी तथा निजी स्वास्थ्य संस्थाका आकस्मिकबाहेका सबै सेवा प्रवाह बन्द गरिएको हो। मकवानपुरको एक मात्र सरकारी अस्पताल हेटौँडा अस्पतालमा पनि शुक्रबार आकस्मिक र फार्मेसीबाहेकका सबै सेवा बन्द गरिएको थियो।

स्थानीय प्रशासनले सुरक्षाको प्रत्याभूति दिलाउन नसकेको र त्रासपूर्ण वातावरणमा काम गर्न सक्ने अवस्था नरहेकाले आकस्मिकबाहेकका सेवा बन्द गरिएको हेटौँडा अस्पतालका मेसु डा. रामचन्द्र सापकोटाले बताए। बुधबारको घटनाले चिकित्सक तथा स्वास्थ्यकर्मीहरू काम गर्न सक्ने मनस्थितिमा नरहेको उनको भनाइ छ। घटनाको विरोधमा हेटौँडा अस्पतालको आकस्मिक र फार्मेसी सेवा सञ्चालनमा रहे पनि ओपिडी, बिरामी भर्ना र ल्याबलगायतका सेवा बन्द रहेको डा. सापकोटाले बताए।

हेटौँडा अस्पतालका ७९ जनाले बुझाए राजीनामा

बुधबारको घटनाले काम गर्ने वातावरण नरहेको भन्दै हेटौँडा अस्पतालमा कार्यरत ७९ चिकित्सक एवं स्वास्थ्यकर्मीले सामूहिक राजीनामा दिएका छन्। उनीहरूले स्थानीय प्रशासनले सुरक्षाको प्रत्याभूति दिलाउन नसकेको र त्रासपूर्ण वातावरणमा काम गर्न सक्ने अवस्था नरहेकाले सामूहिक राजीनामा बुझाएको जनाएका छन्। उनीहरूले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सापकोटालाई राजीनामा बुझाएका हुन्।

मोटरसाइकल हरायो

मिति २०८०/०५/२५ गते काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.-८, बेशिगाउँ पार्किङबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको **220 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : आयुष तामाङ
मो.सा.न.: बा. प्र. ०२-०४० प १७८३
चेसिस न. : **MD2A13FX9MCJ98794**
इन्जिन न. : **DKXCMJ33054**
सम्पर्क न. : **9823760597**

मिल्कि वे सेयर ब्रोकर कम्पनी लि.
(स्टक ब्रोकर नं. ८४)
का.म.पा-३, महाराजगंज, काठमाडौं

प्रथम वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/५/३० गते

यस मिल्कि वे सेयर ब्रोकर कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८० भाद्र २१ गते बसेको बैठकको निर्णय बमोजिम कम्पनीको प्रथम वार्षिक साधारणसभा मिति २०८० असोज २१ गते आइतबार अपरान्ह ३:३० बजे कम्पनीको रजिष्टर्ड कार्यालय का.म.पा.-३, महाराजगंज, काठमाडौंमा बस्ने भएकोले आदरणीय सेयरधनी महानुभावज्यूहरूलाई उपस्थितिको लागि यसै सूचना मार्फत अनुरोध गर्दछौं।

प्रस्तावहरू :

१. **आ.व. २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।**
२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफानोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने।**
३. **संचालक समितिमा संस्थापक समूहबाट ३ जना संचालक निर्वाचित गर्ने।**
४. **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**
५. **प्रबन्ध-पत्र तथा नियमावली संशोधन सम्बन्धमा।**
६. **विविध।**

रोकियो विभूषण वितरणको घोषणा
मर्यादित र व्यवस्थित गर्न कार्यदल गठन

नयाँ पत्रिका



आगामी संविधान दिवसमा सरकारले नयाँ विभूषण वितरणको घोषणा नगर्ने भएको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले आगामी ३ असोजमा मनाइन लागेको संविधान दिवसमा नयाँ विभूषण वितरणको घोषणा नगर्ने निर्णय गरेको हो।

विभूषण वितरणलाई व्यवस्थित गर्न कार्यदल गठन गर्ने निर्णय पनि मन्त्रिपरिषद्बाट भएको छ। विभूषणलाई मर्यादित र व्यवस्थित गरी गरिमा बढाई राष्ट्रको सम्मानका रूपमा स्थापित गर्न अन्तर्राष्ट्रिय अभ्यास र प्रचलित कानुनसमेतको अध्ययन गरी कार्यदलले प्रतिवेदन दिनेछ। यसका लागि तीन महिनाको समय दिइएको छ। कार्यदलको प्रतिवेदन नआएसम्मका लागि विभूषण वितरण कार्य स्थगित गर्ने निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताइन्।

हरेक संविधान दिवसका अवसरमा वितरण गरिने विभूषण विवादमा पर्दै आएको छ। सत्ता, शक्ति र दलीय निकटताका आधारमा राष्ट्रका लागि योगदान नगरेकाहरूलाई पनि विभूषण दिइन थालेपछि विवादमा पर्दै आएको छ।

मन्त्रिपरिषद् बैठकले साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई ५० प्रतिशत भन्सार महसुल छुट गरी १०-१० हजार मेट्रिक टन चिनी आयात गर्न स्वीकृति दिने निर्णय पनि गरेको छ। त्यस्तै, कर प्रणालीको सुधारका लागि पूर्वमन्त्री विद्याधर मल्लिकको संयोजकत्वमा एक समिति गठन गर्ने निर्णय पनि भएको छ।

सिँचाइ नीति, २०८० र नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० स्वीकृत गरिएको छ। विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद्मा प्रस्तुत गर्न स्वीकृति दिने र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जपीडित नागरिकको न्यायिक समस्या स्थायी रूपमा समाधानका लागि अधिकारसम्पन्न न्यायिक आयोग गठन गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को चीन भ्रमण स्वीकृत गर्ने निर्णय पनि भएको छ।

कान्ति अस्पतालको...

पृष्ठ १ बाट क्रमशः

कक्षमा पुर्‍याए। तर, बच्चा सिकिस्त रहेको र त्यहाँ आइसियू नभएको भन्दै डाक्टरले भर्ना गर्न मानेनन्। त्यसपछि विष्णुले नेसनल अस्पताल नै लगे। 'कान्तिमा बेड खाली थिए, तर हामीलाई बस्न दिएनन्, डाक्टर र गार्डले नेसनल अस्पतालमै लैजानुस् भनेर हामीलाई भनेका थिए,' उनले सुनाए, 'तर, यहाँ ल्याएपछि पनि बाबुलाई निको भएको छैन, ज्वरो उस्तै छ, भएको पैसा सबै उपचार गर्दा सकियो।' आफूहरूसँग पैसा नभएको बताउँदा पनि सेक्युरिटी गार्ड र इमर्जेन्सीका केही डाक्टरले नेसनल नै लैजान दबाब दिएको उनको गुनासो छ।

५ १०६ डिग्री ज्वरो आएको बिरामीलाई हेर्दै नहेरी पठाइयो ब्लुक्रस अस्पताल

नुवाकोट विदुरका कृष्णकुमार श्रेष्ठले २१ भदौ बेलुकी ४ बजे तीन वर्षीय छोरालाई ज्वरो आएपछि कान्ति अस्पतालको इमर्जेन्सीमा पुर्‍याए। तर, त्यहाँ पुग्दा निकै भिड थियो। श्रेष्ठले बच्चालाई उच्च ज्वरो आएको बताउँदै इमर्जेन्सीमा जान दिन सेक्युरिटीसँग अनुरोध गरे। तर, उनलाई सेक्युरिटीले त्यहाँ छिर्न दिएनन्, बरु त्रिपुरेश्वरको ब्लुक्रस अस्पताल लैजान बिरामीका बुबा श्रेष्ठलाई सिफारिस गरे। 'बच्चालाई उच्च डिग्री ज्वरो आइरहेको थियो, तर कान्तिमा उपचार गर्नै मानेनन्, सेक्युरिटी गार्डले निजी अस्पतालको नाम र नम्बर दिएर पठाए,' उनले भने, 'निजी अस्पतालमा उपचार निकै महँगो छ।'

६ निजीमा बिरामी पठाउने तीन सेक्युरिटी गार्ड बर्खास्त

गत २४ माघमा मोरङकी २८ महिने बालिका प्रशंसा गौतमलाई उपचारका लागि आफन्तले महाराजगन्जस्थित कान्ति बाल अस्पताल लगे। त्यहाँ पुर्‍याउनासाथ सेक्युरिटी गार्डले उपचार गर्ने ठाउँ नभएको भन्दै 'मेट्रो काठमाडौं अस्पताल'मा लैजान बालिकाकी आमा गंगा गौतमलाई दबाब दिए। हिमाल अस्पतालमा उपचार सम्भव नभएपछि कान्तिमा लगेकी गंगाले सेक्युरिटी गार्डको कुरा सुनिन्। उनले इमर्जेन्सीको ढोकैबाट बिरामी फर्काएर मेट्रो काठमाडौं अस्पतालमा लैजाँदै थिइन्, तर बालिकाको बाटोमै मृत्यु भयो। त्यतिवेला सेक्युरिटी गार्ड सहदेव खड्काले निजी अस्पतालमा बिरामी लैजान भनेका थिए। निजी अस्पतालसँग सेटिङ गरेर बिरामी पठाउने गरेको थाहा पाएपछि सेक्युरिटी गार्ड खड्का, डेनिस शेर्पासहित तीनजनालाई अस्पताल प्रशासनले माघमै जागिरबाट निकालिदियो।

कान्ति बाल अस्पतालमा उपचारका लागि पुग्ने बिरामीलाई सेटिङका आधारमा निजी अस्पतालमा पठाउने गरेको पाइएको छ। गम्भीर अवस्थामा पुगेका बिरामीलाई समेत बेड अभावको बहाना बनाउँदै सेक्युरिटी गार्ड र चिकित्सकले अस्पतालको ढोकाबाटै निजी अस्पतालको नाम तोकेर फर्काइदिने गरेका छन्। केही बिरामीका आफन्त सेक्युरिटी गार्डको अवरोध छिचोलेर डाक्टरसम्म पुगे पनि डाक्टरले समेत गार्डले भनेकै निजी अस्पतालमा पठाएका घटनासमेत भेटिएका छन्। यस्तो धन्दामा संलग्न भएको पुष्टि भएपछि अस्पताल प्रशासनले यसअघि तीन सेक्युरिटी गार्डलाई कारबाहीसमेत गरिसकेको छ।

उनीहरूले बिरामी पठाएबापत निजीसँग कमिसन लिएर कान्तिको गेटबाटै बिरामीलाई 'कान्तिमा भन्दा राम्रो उपचार छ' भन्दै पठाउने गरेको स्रोतको दाबी छ। 'यहाँका सेक्युरिटी गार्ड र कतिपय चिकित्सकले नै निजी अस्पतालमा बिरामीलाई गेटबाटै पठाउने गर्छन्,' कान्ति बाल अस्पतालको प्रशासनमा कार्यरत एक कर्मचारीले भने, 'पहिले पनि तीनजना कर्मचारीले यसरी निजीसँग पैसा लिएर उनीहरूकहाँ बिरामी पठाएको प्रमाण भेटिएपछि जागिरबाट निकालिएको थियो।'

१४ वर्षमुनिका बालबालिकाको उपचार हुने कान्ति बाल अस्पतालमा तीनजना स्थायी र १६ जना अस्थायी सेक्युरिटी गार्ड छन्। उनीहरूमध्ये केहीले कान्तिमा आएका बिरामीलाई निजी अस्पतालसँगको मिलेमतोमा अन्त पठाउने गरेका छन्। उनीहरूले गम्भीर प्रकारका बिरामी बोकेर अस्पतालको इमर्जेन्सी ढोकामै पुगेका बिरामीलाई समेत निजी अस्पतालमा पठाउने गरेको पाइएको छ।

स्रोतका अनुसार केही सेक्युरिटी गार्डले निजी अस्पतालसँगको सेटिङमा कान्तिको गेटमै आइपुगेका बिरामीलाई समेत फर्काउने गरेका छन्। यतिसम्म कि उनीहरूले एम्बुलेन्स खोजिदिने र अस्पतालका व्यक्तिको नम्बरसमेत बिरामीलाई दिने गरेका छन्। हाल बच्चाको उपचारका लागि महाराजगन्जमा मेट्रो काठमाडौं अस्पताल, चाबहिलमा नेपाल-भारत अस्पताल, त्रिपुरेश्वरमा ब्लुक्रस अस्पताल, कलंकीमा नेसनल अस्पताल, बसुन्धरामा ईशानलगायतका निजी अस्पताल छन्। कान्ति बाल अस्पतालको गेटमा समेत निजी अस्पतालहरूको नम्बर राख्ने गरिएको छ। नजिकै रहेको त्रिवि शिक्षण अस्पतालमा पनि बालबालिकाको उपचारका लागि पर्याप्त ठाउँ भए पनि त्यहाँ भने पठाउने गरिँदैन्। बिरामीका आफन्तलाई निजी अस्पतालमै जान भन्छन्।

१८ भदौमा ज्वरो र बान्ताले गम्भीर बनेकी मकवानपुरकी रेजिशा गोपालीलाई पनि इमर्जेन्सीमा बेलैमा उपचार गर्नबाट सेक्युरिटी गार्डले नै रोकेका थिए। उपचारका लागि पालो कुर्दै गर्दा पाँच वर्षीया बालिका रेजिशाको इमर्जेन्सीबाहिरै मृत्यु भएको थियो। त्यतिवेला इमर्जेन्सीको ढोकामा सेक्युरिटी गार्ड पवन ठकुरी र सुनील लुहार थिए। रेजिशाका आफन्तले बच्चाको अवस्था गम्भीर रहेको बताउँदा पनि उनीहरूले भित्रबाट पालैपालो पठाउन आदेश आएको भन्दै गम्भीर बिरामीलाई रोकेका थिए। जब कि रेजिशा बाहिर छटपटाउँदा भित्र उपचारमा छन् भनेका चिकित्सक भने आधा घन्टा बाहिर निस्किएर गायब भएको छानबिनमा पुष्टि भइसकेको छ। ठकुरी र लुहार दुवैजना कान्ति अस्पतालमा दुई वर्षदेखि अस्थायी सेक्युरिटी गार्डका रूपमा काम गर्दै आइरहेका छन्।

कान्ति अस्पतालका सूचना अधिकारी रमेशनरसिंह केसीले सेक्युरिटी गार्डले बिरामीलाई निजी अस्पताल पठाउने गरेकोबारे अस्पताललाई जानकारी नभएको दाबी गरे। 'बिरामीलाई सेक्युरिटीले निजी अस्पतालमा पठाउँछन् भन्ने सुनेका छैनौँ,' उनले भने, 'यदि बिरामीलाई निजी अस्पतालमा पठाउने गरेको तथ्य भेटियो भने कारबाही गर्छौं।' उनले यसअघि तीनजना सेक्युरिटी गार्डलाई पनि यस्तै बदमासी गरेको भेटिएपछि हटाइएको बताए।

चार वर्षअघि नै माग गरिएको थियो जनशक्ति बढाउन

बिरामीको भिड बढेपछि कान्ति अस्पतालले चार वर्षअघि नै अस्पतालको अर्गनाइजेसनल सर्भेक्षण गरेर थप जनशक्ति र पूर्वाधारको मागसहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई प्रतिवेदन पेस गरेको थियो। तर, हालसम्म पनि त्यसबारे स्वास्थ्य मन्त्रालयले कुनै सुनुवाइ नगरेको अस्पतालका प्रवक्ता डा. सुमित अग्रवालको गुनासो छ।

'कान्तिको हालको संरचना ०५० सालतिरको हो, त्यसवेलादेखि यहाँ न जनशक्ति थपिएको छ, न त अन्य पूर्वाधारमा काम भएको छ,' उनले भने, 'अस्पतालको पुरानै अवस्थामा हामीले सेवा प्रवाह गरिरहेका छौँ।'

बालिका मृत्युको घटनापछि इमर्जेन्सीको बाहिरबाट काउन्टर सेवा

कान्ति बाल अस्पतालमा जस्तोसुकै बिरामी गए पनि सबैभन्दा पहिले टिकट नै देखाउनुपर्थ्यो। शुक्रबारदेखि भने यो नियम सच्चिएको छ। अब इमर्जेन्सीमा जाने बिरामीले इमर्जेन्सीअगाडि राखिएको टिकट काउन्टरबाटै टिकट काट्न पाउनेछन्। यसअघि ओपिडीकै टिकट काउन्टरमा गएर इमर्जेन्सीको टिकट काट्नुपर्ने बाध्यता थियो। टिकट काट्न ढिलो हुँदा इमर्जेन्सीमा बिरामी लैजान समस्या हुने गरेको थियो। अब भने इमर्जेन्सीको बाहिर नै टिकट काउन्टर राखिएको छ भने बिरामीको अवस्था हेरेर भित्र पठाउन नर्ससमेत राखिएको छ। गत सोमबार इमर्जेन्सीमा उपचारका लागि लगिएकी रेजिशा गोपालीको पालो कुर्दाकुर्दै मृत्यु भएको थियो। त्यसपछि अस्पताल प्रशासनले सामान्य नियम सच्याएको हो।

०००

उच्चका लागि...

पृष्ठ १ बाट क्रमशः

थियो। हाल बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा रहेका नायब महान्यायाधिवक्ता श्यामकुमार भट्टराईका साथै सर्वोच्चका सहरजिस्ट्रार नारायणप्रसाद रेग्मीलाई उच्चमा सिफारिस गरिएको छ। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव सुशील कोइरालाको नाम पनि परिषद्ले सिफारिस गरेको छ।

जिल्ला न्यायाधीशहरूमा राधाकृष्ण उप्रेती, हरिशचन्द्र ढुंगाना, धनसिं महरा, ब्रजेश प्याकुरेल, ऋषिराम निरौला, चन्द्रमणि ज्ञवाली र योगेन्द्रप्रसाद साह छन्। काठमाडौं जिल्ला अदालतका एक नम्बर न्यायाधीश राजुकुमार खतिवडालाई पनि परिषद् बैठकले सिफारिस गरेको छ। यसैगरी, खडानन्द तिवारी, कविप्रसाद न्यौपाने, प्रकाश खरेल, कृष्णराम कोइराला र स्वीकृति पराजुलीका साथै काजीबहादुर राईको नाम सिफारिस भएको छ। अन्य जिल्ला न्यायाधीशहरू रितेन्द्र थापा, मोहनराज भट्टराई, अर्जुन अधिकारी, विनोदकुमार पोखरेल पनि उच्चका लागि सिफारिस भएका छन्।

महोत्तरीका अच्युतमकुमार आचार्य, डोटीका गोविन्द जोशी र झापाका पूर्णप्रसाद राजवंशीको नाम परिषद्ले सिफारिस गरेको छ। तनहुँका यज्ञबहादुर रानामगरको नाम पनि सूचीमा छ। ललितपुरकी पुण्यशिला दवाडी घिमिरे र अर्जुन महर्जनलाई पनि उच्चको न्यायाधीशमा सिफारिस गरिएको परिषद्ले जनाएको छ।

देशभरका जिल्ला अदालतमा शुक्रबारसम्म ३९ न्यायाधीशको पद रिक्त छ। जिल्ला न्यायाधीशका लागि भएको परीक्षाको नतिजा छिट्टै सार्वजनिक हुने र एक महिनाभित्रमा नियुक्ति टुंगिने परिषद्का प्रवक्ता कार्कीले बताए। परिषद् बैठकले उच्चका ३४ र २६ जिल्ला न्यायाधीशको सरुवा गर्ने निर्णय गरेको छ।

परिषद्मा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ अध्यक्ष छन्। सदस्यहरूमा वरिष्ठतम् न्यायाधीश ईश्वरप्रसाद खतिवडा, कानुनमन्त्री धनराज गुरुङ छन्। परिषद् सदस्यका रूपमा दुई वरिष्ठ अधिवक्ताहरू रामप्रसाद श्रेष्ठ र रामप्रसाद भण्डारी छन्।

हाङजाओमा...

पृष्ठ १ बाट क्रमशः

साउद, परराष्ट्रसचिव भरतराज पौड्याल, छोरी गंगा दाहाल, परराष्ट्रका चीन हेर्ने सहसचिव अमृतबहादुर राई, चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ, बेइजिङस्थित नेपाली राजदूतावासका उपनियोग प्रमुख सुरेन्द्र यादवलगायत हुनेछन्।

समकक्षी ली छियाङको निमन्त्रणामा प्रधानमन्त्री प्रचण्ड एसियाली खेल उद्घाटन समारोहमा सहभागी हुने, त्यहीँ चिनियाँ राष्ट्रपति सी जिनपिङसँग शिष्टाचार भेटवार्ता गर्ने र बेइजिङ पुगेर समकक्षीसँग द्विपक्षीय औपचारिक वार्ता गर्ने कार्यक्रम छ। चिनियाँ राष्ट्रपति सीले नेपालमा गणतन्त्र स्थापनापछि पहिलोपटक नेपालका प्रधानमन्त्रीलाई बेइजिङबाहिर भेट्न लागेका छन्। प्रधानमन्त्री प्रचण्ड र राष्ट्रपति सीबीच शिष्टाचार भेट हुनेछ।

प्रधानमन्त्री प्रचण्डले भ्रमणका एजेन्डाबारे पनि सदनलाई जानकारी गराएका छन्। 'हाङझाउमा नै चिनियाँ राष्ट्रपति महामहिम सी जिनपिङसँग भेटघाटको कार्यक्रम रहेको छ,' प्रधानमन्त्री प्रचण्डले प्रतिनिधिसभामा भने, 'सोही दिन म १९औँ एसियन गेमको समुद्घाटन समारोहमा सहभागी हुनेछु।'

प्रधानमन्त्री प्रचण्डले ८ असोजमा बेइजिङमा समकक्षी ली छियाङसँग भेटघाट तथा द्विपक्षीय वार्ता गर्ने तय भएको छ। 'कोभिड महामारीपछि प्रधानमन्त्रीस्तरमा हुने पहिलो उच्चस्तरीय भ्रमणले नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउनुका साथै नेपालको पूर्वाधार विकास, कृषि, ऊर्जा, पर्यटन, स्वास्थ्य, शिक्षालगायत विविध क्षेत्रमा छिमेकी मित्रराष्ट्र चीनबाट प्राप्त सहयोगबारे छलफल हुनेछ,' प्रचण्डले संसद्मा भने, 'भ्रमणका क्रममा कोभिडको कारण नियमित हुन नसकेका द्विपक्षीय व्यापार नाका र परम्परागत सीमानाकाहरू खोल्ने विषयमा समेत कुराकानी हुनेछ।'

प्रचण्डले नेपाल र चीनबीच सदियौँदेखि सौहार्दपूर्ण एवं अति घनिष्ठ सम्बन्ध रहिआएको बताएका छन्। 'हालैका वर्षहरूमा यो सम्बन्ध बहुआयामिक क्षेत्रमा अझ व्यापक र थप घनिष्ठ बन्दै गएको छ,' प्रचण्डको भनाइ छ, 'भ्रमणले नेपाल-चीनबीच विद्यमान द्विपक्षीय सम्बन्ध थप उच्च र प्रगाढ हुनेछ भन्ने मैले विश्वास लिएको छु।'

भ्रमणलाई नेपाल र नेपाली जनताको हित एवं नेपाल-चीन सम्बन्धलाई थप मजबुत तुल्याउन सदुपयोग गर्न प्रयास गर्ने पनि प्रधानमन्त्रीले स्पष्ट पारेका छन्। 'दुई देशबीच रहिआएको परम्परागत घनिष्ठ र सहयोगात्मक सम्बन्ध थप सुदृढ हुने तथा आपसी सहयोगका क्षेत्रहरू थप विस्तार हुँदै जाने मैले विश्वास लिएको छु,' प्रधानमन्त्रीको भनाइ छ।

कोरोना महामारीपछि र नेपालको पछिल्लो प्रतिनिधिसभा निर्वाचनपछि पहिलोपटक प्रधानमन्त्रीस्तरबाट चीनको भ्रमण हुन लागेको हो। प्रधानमन्त्री प्रचण्डले छोटो समयको अन्तरका कारण न्युयोर्कबाट चीन जानुपर्ने भएको पनि प्रस्टीकरण दिएका छन्। अमेरिका र चीनबीच सम्बन्ध चिसिएका वेला प्रधानमन्त्री प्रचण्ड स्वदेश आएरै चीन जानुपर्ने सुझाव आइरहेका वेला उनले समयका कारण न्युयोर्कबाट जान लागेको बताएका छन्।

'संयुक्त राष्ट्रसंघमा गर्ने सम्बोधन र चीन भ्रमणको तालिकाबीच अत्यन्त छोटो समय रहेका कारण म न्युयोर्कबाट सीधै छिमेकी मित्रराष्ट्र चीनको भ्रमणमा जानुपर्ने परिस्थिति बन्न गएको हो,' प्रधानमन्त्री प्रचण्डले संसद्मा प्रस्टीकरण दिँदै भने। उनले ४ असोजमा महासभाको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै छन्।

अमेरिकाको औपचारिक भ्रमणमा नभएर संयुक्त राष्ट्रसंघको कार्यक्रममा सहभागी हुन जाने भएकाले त्यहाँबाट चीन भ्रमणमा जानु अस्वाभाविक नहुने सरकारी अधिकारीहरूको भनाइ छ। 'चीनसमेत सुरक्षा परिषद्को स्थायी मुलुक भएको हुँदा त्यो कार्यक्रममा सहभागी भएर चीन भ्रमण गर्नुलाई अस्वाभाविक रूपमा लिइनुहुँदैन,' एक उच्च सरकारी अधिकारीले नयाँ पत्रिकासँग भने।

नेपालको प्रधानमन्त्रीको हैसियतमा प्रधानमन्त्री प्रचण्डको यो तेस्रो चीन भ्रमण हो। बेइजिङमा भेटवार्ता सकेर प्रधानमन्त्री प्रचण्ड छोङछिङ महानगरपालिकाको भ्रमणमा जानेछन्। छोङछिङले कृषि तथा प्रविधिको क्षेत्रमा छोटो समयमै उच्च सफलता हासिल गरेको छ। प्रधानमन्त्री प्रचण्डले त्यहाँस्थित छोङछिङ एकेडमी अफ एग्रिकल्चरल साइन्सलगायत विज्ञान तथा प्रविधि विकासका क्षेत्रहरूको अवलोकन गर्ने कार्यक्रम छ। त्यसपछि प्रचण्ड नेपालसँग सिमाना जोडिएको चीनको तिब्बत स्वशासित क्षेत्रको राजधानी ल्हासा जाने कार्यक्रम छ। प्रधानमन्त्री प्रचण्ड १० देखि १२ असोजसम्म ल्हासामा हुनेछन्। प्रचण्ड त्यहाँका उच्चपदस्थ अधिकारीहरूसँग भेटवार्ता गरेर १३ असोजमा सिचुआन प्रान्तको राजधानी छेन्दु हुँदै स्वदेश फर्किने कार्यक्रम छ। तिब्बतको ल्हासाबाट हाल काठमाडौंको प्रत्यक्ष उडान नभएका कारण उनी छेन्दु हुँदै फर्किनेछन्।

प्रधानमन्त्रीको चीन भ्रमण : रास्वपाको पाँच सुझाव

राष्ट्रिय स्वतन्त्र पार्टीले चीनसँगको व्यापारघाटा न्यूनीकरणमा पहल गर्न पाँच सुझाव दिएको छ। प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणको पूर्वसन्ध्यामा रास्वपाको उद्योग तथा वाणिज्य विभागले शुक्रबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालमार्फत प्रधानमन्त्रीलाई पाँच सुझाव दिएको हो।

दुवै देशको आर्थिक विकास र व्यापारिक सम्बन्ध विस्तारमा मद्दत पुग्ने र अपेक्षाकृत चीनसँगको व्यापारघाटा न्यूनीकरण गर्न सकिने गरी पार्टीको तर्फबाट पाँच सुझाव दिएको रास्वपाकी सचेतक निशा डाँगीले बताइन्। नेपाल र चीनको व्यापारिक कारोबारमा पेमेन्ट गेटवे सहज बनाउन पहल गर्नुपर्ने रास्वपाको सुझाव छ।

नेपाल र चीनबीच सन् २०१० मेमा भएको 'करमुक्त वस्तुसम्बन्धी उत्पत्तिको नियम र यससँग सम्बन्धित कार्यविधि'को सम्झौताको पुनरावलोकन गर्न रास्वपाको सुझाव छ। सम्झौताले आठ हजारभन्दा बढी नेपाली उत्पादनमा शून्य-कर पहुँच प्रदान गरे पनि यसबाट नेपालले अधिकतम फाइदा लिन नसकेको रास्वपाको टिप्पणी छ। सरकारी निकायहरू अवरोधका रूपमा देखिँदा व्यापारसम्बन्धी सम्झौताहरू कार्यान्वयनमा समस्या देखापरेको रास्वपाको सुझाव छ। चुनौतीमा सुधार ल्याउन पहल गर्न रास्वपाले प्रधानमन्त्रीसँग आग्रह गरेको छ।

'नेपालले सन् २०२६ को अन्त्यसम्ममा अतिकम विकसित राष्ट्रहरूको श्रेणीबाट विकासशील राष्ट्रमा आफ्नो स्तरोन्नतिको लक्ष्य राखेको छ,' रास्वपाको सुझाव छ, 'हाल नेपालको अर्थतन्त्र समस्याबाट मुक्त भइसकेको छैन। यसप्रकारको स्तरोन्नतिपछि विश्व व्यापार संगठनका सदस्यराष्ट्रहरूले कम विकसित देशहरूलाई प्रदान गरिने विशेष व्यापार सहुलियत निर्यात शुल्क दर बढेर लगभग ४ प्रतिशतले नेपालको निर्यात घट्न सक्ने अनुमान गरिएको छ। एकतर्फ विद्यमान रूपमै नेपालको अर्थतन्त्र मजबुत नभएको र अर्कातर्फ एलडिसीबाट स्तरोन्नति हुँदा निर्यात घट्न गई अर्थतन्त्र थप संकटतर्फ जाने सम्भावनालाई चीनसँग हुने वार्तामा जोड दिँदै देशको हितमा हुने सुविधाहरू प्राथमिकताका साथ राखियोस्।'

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय मलेखु, धादिङबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतिस) दिन भित्र** यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालोसूचीमा सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरणः
१) ऋणीको नाम : प्रेम प्रसाद पाण्डे बाबुको नाम : मित्र लाल पाण्डे बाजेको नामः कुवलय राज पाण्डे ठेगानाः गजुरी-०२, धादिङ्ग ना.प्र.नं.: ३/२४५८, जारी मितिः २०५९/१०/२३ जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ **कर्जा शिर्षक : सरल आवाधिक कर्जा** **कर्जा लिएको शाखा : मलेखु, धादिङ**	**क) नाम : यम कुमारी सिलवाल पाण्डे** बाबुको नाम : एकराज सिलवाल पतिको नामः प्रेम प्रसाद पाण्डे ससुराको नामः मित्र लाल पाण्डे ठेगानाः गजुरी-०२, धादिङ ना.प्र.नं.: १/३२०३९ जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ

सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय धादिङमा श्री प्रेमप्रसाद पाण्डेको नाममा दर्ता कायम रहेको जिल्ला धादिङ गजुरी-०२/क स्थित कि.नं. ६३३ को क्षेत्रफल १०१.३४ व.मी. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०५/३०

यस दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय फर्पिङबाट मिति २०८०/०३/३१ गतेको राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-बिडिङ पोर्टल [www.bolpatra.gov.np] मा प्रकाशित विद्युतीय बोलपत्रको ३० दिने सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्रदाताहरुको मूल्याङ्कन समितिको प्रतिवेदन तथा सिफारिस अनुसार न्यूनतम मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृत गर्नको लागि मिति २०८०/०५/२९ गतेको निर्णयानुसार छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ।

तपसिल

क्र.स.	ठेक्का नं.	विवरण	सारभूत प्रभावग्राही फर्मको नाम	कबोल अंक (मु.अ.क. र PS बाहेक रु.)	कैफियत
1	DM/NCB/WORKS/2079-80/16	Utiki-Makhubesi- Dakshinkali Gate-Gopaleshwor- Damodarghaat Motorable Road	Buddha Satyawati Construction Pvt. Ltd.	1,07,38,130.80	
2	DM/NCB/WORKS/2079-80/17	Conservation of Satmul source and Cleaniness Project	MKB Construction Pvt. Ltd.	66,39,787.95	

प्रमुख प्रशासकिय अधिकृत

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ३० भदौ ०८०
nayapatrikaofficial @naya_patrika


मेरा बालसखा सुवास

सुवास कमरेडको त्यो सहयोग म कहिल्यै बिर्सन सक्दिनँ



झलनाथ खनाल
सम्झना

पूर्वप्रधानमन्त्री तथा नेकपा एसका सम्मानित नेता झलनाथ खनाल र संविधानसभा अध्यक्ष स्वर्गीय सुवास नेम्वाङ स्कुल र कलेजका सहपाठी मात्रै होइनन्, राजनीतिको एउटै डुंगामा सवार इलामबाट उदाएका नेता पनि हुन्। बालसखा खनाल र नेम्वाङले एउटै पार्टीमा झन्डै ५० वर्ष राजनीतिक सहयात्रा गरे। नेम्वाङको निधनपछि विभाजित पार्टी एकताको कार्यभार पूरा गर्ने सल्लाह अधुरै रहेको खनाल बताउँछन्। नेम्वाङसँगका स्मृति खनालले शुरोजंग पाण्डेसँग यसरी सम्झिए :



मेरा बालसखा सुवास

कमरेड सुवास र म इलाम जिल्लादेखिकै बालसखा हौं। साँखेजुङ मिडिल स्कुलमा ६ कक्षा उत्तीर्णपछि म जिल्ला सदरमुकामको आदर्श माविमा माथिल्लो कक्षामा भर्ना हुन आएँ, जहाँ सुवासजी पनि भर्खरै सात कक्षामा भर्ना हुनुभएको रहेछ। पहिलो कक्षाअघि प्रधानाध्यापकलाई भेट्न कार्यकक्षातिर जाँदै गर्दा सुवासजी बीचैमा भेटिनुभयो। चिनजान थिएन, तर मैले उहाँलाई सोधें,' हेडसरको अफिस कता हो ?' उहाँले भन्नुभयो, 'तपाईं कहाँबाट आउनुभाको ?' उहाँको प्रश्न खस्न नपाउँदै मैले आफ्नो परिचय दिएँ। उहाँले पनि आफ्नो परिचय दिनुभयो। त्यही दिनदेखि हामी साथीसाथी भयौं। मलाई प्रस्ट सम्झना छ, पहिलो भेटमा उहाँ पातलो ज्यानको फुच्चे देखिनुहुन्थ्यो। दुवैजना हेडसरको अफिस गयौं। त्यसपछि हामी एउटै कक्षाका साथी भयौं। पछि हामी दुवैले त्यही स्कुलबाट एसएलसी उत्तीर्ण गर्‍यौं।

सुवासजी इमानदार, अध्ययनशील र नियमित स्कुल आउने विद्यार्थी हुनुहुन्थ्यो। म कक्षाको कहिले फस्ट त कहिले सेकेन्ड हुने विद्यार्थी थिएँ। जसले गर्दा कक्षामा मनिटरको भूमिका पनि निभाउँथे। ६५ वर्षअघिका दिनलाई फर्किएर हेर्दा हाइस्कुलमा हामीले जुन जीवन बितायौं, त्यस हिसाबले उहाँ एकजना मिलनसार, अध्ययनशील, अनुशासित विद्यार्थी मात्र होइन, खेलकुदमा पनि रुचि राख्ने विद्यार्थी हुनुहुन्थ्यो। सुरुका दिनमा क्यारेमबोर्ड खेल्न रुचाउने सुवासजी पछि फुटबल खेलाडीका रूपमा पनि अगाडि बढ्नुभयो। अध्ययनमा औसत भए पनि सुवासजी त्यतिवेलैदेखि लगनशील हुनुहुन्थ्यो। सानो कदको भएकाले होला, सबै साथीहरूले अलि 'फुच्चे' ठानेर उहाँलाई माया गर्थे।

इलाम फर्किएर सभापति

एसएलसीपछि हामीले साइन्स पढ्ने विचार गर्‍यौं। सुवास नेम्वाङ, म, सुधीर सिवाकोटी, मानबहादुर खड्गीलगायतका साथीहरू साइन्स पढ्ने उद्देश्यले काठमाडौं आर्‍यौं। अमृत साइन्स क्याम्पस पढ्न चाहेका थियौं, तर त्यता सिट फुल भइसकेकाले हामीले भर्नाको विकल्प त्रिचन्द्र क्याम्पस रोज्यौं। त्यहाँ पनि सिट फुल भएपछि के गर्ने समस्या भयो। त्यसपछि नयाँ सिट माग गर्दै आन्दोलन सुरु गर्‍यौं। पढ्न नपाउने साथीहरूलाई गोलबन्द गरेर निकै दिनको आन्दोलन चर्काएपछि क्याम्पस प्रमुख वार्तामा बस्न बाध्य भए। हाम्रो आन्दोलनले क्याम्पस प्रशासन करिब साँढे तीन सय सिट थप्न बाध्य बन्यो। पढ्न चाहने करिब दुई हजार विद्यार्थीमध्येबाट सीमित त्यही सिटमा प्रतिस्पर्धा गरेर सुवासजीसहित हामी आइएसई भर्ना भयौं। यद्यपि, सुवासजी आन्दोलनमा भने सरिक हुनुभएको थिएन।

आठ कक्षा पढ्दादेखि नै वामपन्थी विचारतिर झुकाव राख्ने भएकाले सजिलैसँग म अनेरास्ववियुको राजनीतिमा सामेल भएँ। तर, उहाँ लाग्नुभएन। उहाँलाई आफ्नै पारिवारिक परिवेशले गर्दा विद्यार्थी राजनीतिमा सामेल हुन अप्ठ्यारो भएको हुन सक्छ। खासमा उहाँको बुबा त्यतिवेलैको नाम चलेको न्यायधीश। अनि सुवासजी राजसभा सदस्य सरस्वती राईको घरमा बस्नुहुन्थ्यो। हामीले ल्याबका समस्या, स्ववियु स्थापनालगायतका अनेक विषयमा संघर्ष गर्‍यौं, कैयौंपटक हडताल गर्‍यौं, तर उहाँलाई जति प्रयत्न गर्दा पनि सामेल गर्न सकिएन। कहिलेकाहीं त कतै हाम्रो विरोधी पो हो कि भान पनि हुन्थ्यो। कक्षामा म रुचिपूर्वक सहभागी हुन्थें, ध्यान दिएर सुनेको भरमा नोट तयार गर्थे, तर अरू साथीहरूको त्यस्तो स्वभाव थिएन। सुवासजीसहित साथीहरूले नोटबारे छलफल गर्नुहुन्थ्यो। इलामबाट भर्ना भएकामध्ये मैले मात्र आइएसई उत्तीर्ण गर्‍यौं। उहाँ फेल हुनुभयो र शंकाय परिवर्तन गरेर मानविकी पढ्न सुरु गर्नुभयो।

बिएसई पहिलो वर्षको पढाइ बीचैमा छाडेर म पूर्णकालीन राजनीतिमा लागें। जेल पर्‍यें, केही समयपछि इलाम फर्किएर नेपाल कम्युनिस्ट पार्टी जिल्ला कमिटी गठन गर्‍यौं। यी घटनाक्रम २०२६ सालतिरको हो। जतिवेला सुवासजी काठमाडौंबाट इलाम फर्किएर महेन्द्ररत्न क्याम्पसमा बिएमा भर्ना हुनुभएको रहेछ। भेट भएपछि सुवास कमरेडसँग घनिभूत कुराकानी हुन थाल्यो, अनि सुवासजी पनि प्रगतिशील धारको राजनीतिमा सामेल हुनुभयो। हामीले पछि उहाँलाई नै त्यस क्याम्पसको स्ववियु सभापति बनायौं। उहाँले विद्यार्थी आन्दोलन उठाउनेदेखि क्याम्पसमा धेरै राम्रो काम गर्नुभयो। त्यस क्याम्पसमा लगातार चुनाव जित्दै गयौं। मलाई पनि सुवासजीले बिए अध्ययनका लागि प्रेरित गर्नुभयो। २८ दिन पढेर त्यही क्याम्पसमा बिएको परीक्षा दिएँ र पास भएँ।

यसरी बन्नुभयो संविधानसभा अध्यक्ष

बिए पास गरेपछि सुवासजी बिएल पढ्न काठमाडौं आउनुभयो। पिताजी न्यायाधीश भएकाले पनि उहाँलाई कानुन पढ्न प्रेरित गर्‍यो। बिएल पूरा गरेर उहाँ कानुनी क्षेत्रमा लाग्नुभयो म भने पूर्णकालीन राजनीतितिरै क्रियाशील भएँ।

'कोके'(कोअर्डिनेसन केन्द्र)लाई ०३५ मा माले बनायौं। माले कालमै संयुक्त वाममोर्चा बनाएर कांग्रेससँग पनि कार्यगत एकता गरेर ०४६ को आन्दोलन सफल बनायौं। त्यतिवेलासम्म हाम्रो पार्टी नेकपा माले भित्रभित्रै देशव्यापी रूपमा फैलिसकेको सुदृढ पार्टी बनिसकेको थियो। अन्तरिमकालपछिको ०४८ को पहिलो निर्वाचनमै हाम्रो पार्टी ६९ सिट जितेर प्रमुख प्रतिपक्षी दल बन्न सफल भयो। त्यसपछि राष्ट्रिय सभा पनि गठन हुने भएपछि हामीले पार्टीमा सुवास कमरेडलाई पठाउने विषयमा छलफल गर्‍यौं। कानुनी क्षेत्रमा अधिवक्ताका रूपमा क्रियाशील भए पनि त्यतिवेला उहाँले हाम्रै धारबाट त्यस क्षेत्रमा काम गरिरहनुभएको थियो। ०२९ सालदेखि नै उहाँले भूमिगत होइन, जनसंगठनको अग्रमोर्चामा रहेर खुला रूपमा काम गरिरहनुभएको थियो। उहाँलाई राष्ट्रिय सभा सदस्य बनाइयो। दुई कार्यकाल राम्रै काम पनि गर्नुभयो। दल ठूलो भइसकेकाले प्रतिनिधिसभा सभामुखमा उहाँ त्यतिवेला योग्य उम्मेदवार देखिनुभयो। कानुनी क्षेत्रको ज्ञान भएको विद्वान् पनि, वरिष्ठ अधिवक्ता पनि भएकाले उहाँलाई इलामबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार उठाउने कुरा चल्यो। मैले नै उहाँसँग कुराकानी गर्‍यें। तर, तलबाट जितेर आउन सजिलो हुने हो कि होइन, खर्च पनि धेरै हुने हो कि, संगठनको ज्ञान छैन त्यसैले जितिँदैन कि भन्ने उहाँलाई शंका थियो। तथापि, हामीले कन्भिन्स गर्‍यौं। मैले इलाम १, उहाँले २ नम्बर क्षेत्रबाट चुनाव जित्यौं। पछि उहाँलाई पार्टीले सभामुख पनि बनायो।

सभामुख बनेर प्रतिनिधिसभा सञ्चालन गर्ने कुरामा, सञ्चालन गर्ने नियमावली बनाउने, ऐन, कानुन पास गर्ने कुरामा उहाँले निकै राम्रो भूमिका खेल्नुभयो। त्यस हिसाबले उहाँ एक कुशल सभामुख हुनुहुन्थ्यो। राष्ट्रिय सभामा हुँदा पनि उहाँले एउटा राम्रो जनप्रतिनिधिका रूपमा भूमिका खेलिसक्नुभएको थियो। देशमा एकातिर माओवादीको नेतृत्वमा देशव्यापी हिंसात्मक गतिविधि फैलियो, अर्कोतर्फ दरबार हत्याकाण्ड भएर राजा ज्ञानेन्द्र तानाशाही गतिविधिसहित जथाभावी संविधान कुल्चिएर हिँड्न थाल्यें। यी दुई उग्र प्रवृत्तिको भिडन्तमा १९ माघको घटना भयो। सम्पूर्ण सत्ता हातमा लिएर ज्ञानेन्द्रले जनतालाई अधिकारबाट वञ्चित गरे। संसद् विघटन गरेर उनले घोर तानाशाही कुचक्र सुरु गरे। हामी सबै मिलेर कुचक्रविरुद्ध आन्दोलन सुरु गर्‍यौं। सुवासजी पनि जनआन्दोलनमा सक्रिय रूपमा सहभागी हुनुभयो।

पुनर्स्थापित संसद्मा पनि कांग्रेस र हाम्रोबीचमा संविधानसभाको निर्वाचनतर्फ जानुपर्ने भएकाले कानुनको जानकार भएको, राम्रो भूमिका खेल्न सक्ने व्यक्ति सुवासजीलाई नै सभामुख बनाउँदा उपयुक्त हुने गरी छलफल चल्यो र अरू पार्टीले पनि त्यसलाई समर्थन गरे। संविधानसभाको पहिलो निर्वाचनमा माओवादी पहिलो पार्टीका रूपमा आयो। हामीले माओवादीप्रतिको सेन्टिमेन्ट चिर्न सकेनौं। केपी ओली, माधव नेपालले चुनाव हार्नुभयो, मैले मात्रै चुनाव जितें। त्यसपछि फेरि पनि सुवासजीको शालीनता, तर्क शक्ति, संवैधानिक विज्ञतालाई ध्यानमा राखेर उहाँको नाममा सबै दलमा एकमत बन्यो र उहाँ संविधानसभा अध्यक्ष बन्नुभयो। संविधान निर्माण र शान्ति प्रक्रिया टुंग्याउनुपर्ने महत्त्वपूर्ण कार्यभार थियो। संविधान निर्माणको कार्यभार निकै कठिन थियो। कोही पृथ्वीनारायण शाहको एकीकरण प्रक्रिया नै बेठिक हो, उपनिवेशवाद हो त्यसैले सबै जातिको राज्य बन्नुपर्छ भन्ने धारणा राख्थे। अर्कोथरी, यो देशलाई सिंगो मधेस एउटै प्रदेश र पहाडलाई जति बाँडे पनि अर्को प्रदेश हुनुपर्छ भन्ने मान्छे थिए। अर्कोथरी देशलाई संघीयतामा होइन, हिन्दूराज्य बनाउनुपर्छ, कोही संसदीय लोकतन्त्रको विकल्पै छैन भन्ने थिए। हामीचाहिँ परिवर्तनका क्रममा समाजवादतर्फ जाने कुरालाई प्राथमिकता दिनुपर्छ भन्ने शक्ति थियौं। ६ सय १ सदस्यीय सभा, यस्तो विविधतापूर्ण विचारबीच सहमति गर्दै अगाडि बढ्नुपर्ने राजनीतिक परिस्थितिमा सुवासजीले अध्यक्षको हैसियतमा समदूरीको सम्बन्ध कायम राखेर गोलबन्द गरेर, समझदारी निर्माण गर्दै संविधान निर्माण प्रक्रिया बढाउनुपर्ने अवस्था थियो। त्यस काममा उहाँले कुशलतापूर्वक भूमिका खेल्नुभयो। यद्यपि, बढी नै उदार भएर एक-दुईजनाले संविधानसभामा अवरोध गर्न थाल्यो। सभा सूचना टाँसेर स्थगित गर्ने उहाँको शैलीको आलोचना नभएको पनि होइन। तर, पछि हामीले छोटो समयसीमा छ, राजनीतिक अवरोध त एक-दुईजना सांसदले जहिले पनि गर्न सक्छन्, त्यसलाई नै आधार बनाएर स्थगित गर्ने हो भने संविधान बनाउन सकिँदैन, तपाईं कडिकडाउ हुनुहोस् भन्ने ध्यानाकर्षण गरेपछि उहाँ त्यही सुझावअनुसार अगाडि बढ्नुभयो। पहिलो संविधानसभामै हामीले कस्तो संविधान बनाउने सैद्धान्तिक आधार तयार गर्‍यौं र मतभदहरूको अलग्गै सूची बनायौं। तर कोसिस गर्दागर्दै समय नपुगेपछि पहिलो संविधानसभा विघटित भयो।

०००

पहिलो संविधानसभा विघटनपछि दोस्रो संविधानसभा निर्वाचनका लागि प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषद् अध्यक्ष बनाएर सरकार बनायौं। दोस्रो संविधानसभापछि हामीले छोटो समयमै संविधान बनायौं। संविधान घोषणा गर्ने बिन्दुसम्म पुऱ्याउन सबै पार्टीबीच समझदारी निर्माण गर्न, टकरावमा रहेका दलहरूबीच पनि सहजीकरणको भूमिका खेल्ने र साझा आधार तयार पार्दै अघि बढ्ने सन्दर्भमा सुवास नेम्वाङले धेरै कुशलतापूर्वक नेतृत्व गर्नुभयो। उहाँको त्यही कुशल नेतृत्वले संविधान निर्माण भयो। आज फर्किएर हेर्दा अलिअलि उबडखाबड त देखिन्छ नै, तर पनि संविधान सापेक्षतामा हेर्दा राम्रो बन्यो।

> संसद् विघटनबारे सुवास कमरेडसँग मैले पटकपटक कुरा गर्‍यें। उहाँले विघटनलाई कहिल्यै समर्थन गर्नुभएन। हामीले जुन ढंगले संविधान बनायौं, त्यस ढंगले उपयोग गर्न सकेनौं भन्ने उहाँको अभिमत थियो।

संसद् विघटनको विपक्षमा

संविधान घोषणापछिको ०७४ को पहिलो निर्वाचनमा वामपन्थी शक्तिहरूले आशातीत सफलता प्राप्त गरे र संसद्मा करिब दुईतिहाइ बहुमत प्राप्त भयो। कमरेड केपी ओलीको नेतृत्वमा सरकार बन्यो, तर मुलुकलाई समाजवादको दिशामा लैजानेभन्दा भिन्न ढंगले काम हुन थाल्यो। भूमिसुधार, कृषि क्रान्ति, राष्ट्रिय औद्यगीकरणलगायतका आवश्यक कामतिर सरकार अगाडि बढेन। शिक्षा, स्वास्थ्यलाई राज्यले जिम्मा लिने गरी काम भएन, गरिबी उन्मूलनको काम त झन् कथामै सीमित भयो। यसले पार्टीभित्र विवाद सिर्जना गऱ्यो। त्यतिवेला म मात्रै होइन, सुवास कमरेड पनि सरकारको कामप्रति असन्तुष्ट नै हुनुहुथ्यो। तर, गलत कार्यशैली सच्याउनेभन्दा पनि कमरेड केपी ओली संसद् विघटन गर्ने तहमा पुग्नुभयो। संसद् विघटनबारे सुवास कमरेडसँग मैले पटकपटक कुरा गर्‍यें। उहाँले विघटनलाई कहिल्यै समर्थन गर्नुभएन। हामीले जुन ढंगले संविधान बनायौं, त्यस ढंगले उपयोग गर्न सकेनौं भन्ने उहाँको अभिमत थियो। यद्यपि, उहाँ पार्टी विभाजनपछि देशका विभिन्न ठाउँमा पुगेर भाषण गर्दा विघटनको कदम बेठिक छ भन्नचाहिँ सक्नुभएन। उहाँ अझै बोल्ड भइदिएको भए देशलाई ठूलो फाइदा पुग्थ्यो भन्ने मलाई लाग्छ।

त्यो अन्तिम भेट

विघटनकै कारण पार्टी विभाजन भयो र कम्युनिस्ट आन्दोलन ठूलो विभाजन र निराशातिर अगाडि बढेको छ। विभाजनपछि हामी दुवैले ०७९ को निर्वाचनमा इलामबाट लड्यौं, तर हाम्रो क्षेत्र फरक थियो। चुनावको सिलसिलामा आमसभा गर्दा व्यक्तिव्यक्तिलाई भड्काउने ढंगले कुराकानी गर्नुभएन। चुनावका विषयमा मसँग बडा समझदारीपूर्ण नै कुराकानी हुन्थ्यो। पार्टी विभाजन दुर्भाग्य हो, अब पनि हामी मिलेरै अगाडि जानुपर्छ भन्ने नै कुराकानी हुन्थ्यो। १०-१५ दिनअगाडि हाम्राबीचमा एउटा कार्यक्रममा अन्तिम भेट भएको थियो। कम्युनिस्ट आन्दोलन विर्सजनतिर गएको छ, विभाजनले बुर्जुवा प्रतिक्रियावादीबाहेक हामी कसैलाई फाइदा गरेको छैन, त्यसकारण अब फेरि कसरी विभाजित समूहलाई निकट ल्याउन सकिन्छ, अहिलेलाई पार्टी एकीकरण गर्न सकिँदैन भने पनि स्वस्थ मिलेर लागौं भनेर हामी दुवैलाई अनुभूति भएको थियो। उहाँ पनि त्यसैगरी कुराकानी गर्नुहुन्थ्यो, एमालेका अरू दोस्रो, तेस्रो तहका साथीहरू अहिले पनि त्यो धारणा राख्नुहुन्छ। उहाँ बाँचेको भए त्यस कुराका लागि साक्षी हुनुहुन्थ्यो, तर असामयिक ढंगले हामीले उहाँलाई गुमाउन पुगेका छौं। यो कम्युनिस्ट आन्दोलनका लागि ठूलो क्षति हो।

इलामको विकासका सन्दर्भमा कतिपय फोरमहरूले बोलाउँदा उहाँ र मैले राखेका कुरामा धेरै भिन्नता हुँदैनथ्यो। जिल्लाका संयुक्त बैठकमा विकास रणनीति, प्राथमिकता, बजेट धेरै ल्याउने के गर्ने विषयमा छलफल हुन्थ्यो। त्यस्ता छलफल हाम्रा लागि फलदायी नै थिए। पार्टी विभाजनपछि इलामको विकासबारे थप छलफल हुन सकेन। सम्पर्क र भेटघाट हुँदा खाली यो पार्टी कसरी मिलाउने ? वामपन्थीहरूलाई कसरी निकट ल्याउने विषयमै बढी छलफल हुन्थ्यो।

यसरी भयौं हामी राष्ट्रपतिको उम्मेदवार

म आफू राष्ट्रपति बन्नैपर्छ भनेर धेरै ठूलो आकांक्षा राखेको थिइनँ। किनकि राष्ट्रपति बनेपछि विशुद्ध गैरराजनीतिक र प्राज्ञिक व्यक्तित्व जसरी चल्नुपर्थ्यो। हामी त व्यापक जनता र कार्यकर्ताका बीचबाट आएकाले उनीहरूसँगको निरन्तर भेटघाट, छलफल, अन्तर्क्रिया मात्रै रुचाउँछौं। त्यसैले म कहिल्यै त्यसका लागि उत्साही भइनँ। नवौं महाधिवेशनअघि मलाई प्रस्ताव गर्दा पनि जान्न भनेर अस्वीकार गरेको हुँ। तर, दोस्रोपटकचाहिँ केन्द्रीय कमिटीका धेरै साथीहरूले, वर्गीय संगठनका साथीहरूले राष्ट्रपति बन्नुपर्छ भन्दै धेरै आग्रह गर्नुभएको खर्च नभएका कारण उपचार गरौं कि नगरौं दोधारमा पर्‍यें। नगरौं रोग रहेछ भने बर्बाद हुने भयो, गरौं खर्च छैन। त्यतिवेला जागिर केही थिएन। पार्टी बनाउँछु भनेर पूर्णकालीन भएर हिँडेको थिएँ। मेरो समस्या सुवासजीले बुझ्नुभयो। उहाँ हुनेखाने परिवारकै मान्छे। तराईतिर पनि जमिन भएको, पहाडमा हुनेखाने परिवारको न्यायाधीशको छोरा भएकाले उहाँले भन्नुभयो, 'ठीक छ म सहयोग गर्छु।'

थियो। धेरैले भनेका कारण मेरो दिमागमा बन्नुपर्छ कि भन्ने धारणा बन्यो। ०७४ को चुनावपछि ठिक छ, म तयार छु भनेको थिएँ। तर, त्यतिवेला नेतृत्वमा रहेका साथीले यो कुरालाई गम्भीरतापूर्वक लिनुभएन। मलाई त्यतिवेला राष्ट्रपति बनाएको भए म एमालेको फुट र विग्रह हुन दिन्नथैं भनेर ग्यारेन्टीका साथ भन्छु। स्थायी समिति बैठकमै चाहिँ मैले आफ्नो आकांक्षा राखेको होइन, तर निकै साथीले बैठकमा मेरै नाम लिएर उम्मेदवार बनाऊ भन्ने ढंगको तर्क निकाल्नुभएको थियो। त्यसबीचमा सुवास कमरेडले पनि निजी ढंगले आकांक्षा राख्नुभयो। निकै छलफल चलेपछि म यसप्रकारको गलफत्ती गर्ने पक्षमा छैन, विद्याजीलाई नै दोहोऱ्याउने हो भने अर्को उम्मेदवारका रूपमा म यहाँ कुनै प्रतिस्पर्धा गर्ने मुडमा छैन, तपाईंहरूको खुसी गर्नुस् भनेपछि विद्याजीलाई नै बनाउने निर्णय भएको हो। यदि म राष्ट्रपति भइदिएको भएँ म संसद् विघटन हुन दिन थिइनँ।

सुवासजीको त्यो सहयोग

०२९ सालमा इलाममा एउटा बिएमएनटी भन्ने ब्रिटिस क्लिनिक थियो। दद्गुबर क्लोसिस उन्मूलनका लागि देशका विभिन्न भागमा क्लब बनेको थियो। सुवासजीसहित जिल्लाभरिका शिक्षकहरू बिहीबारे हाटमा आउनुभएको थियो। हामी बजार घुम्दै जाँदा बिएनएमटीका सामु पुग्यौं। त्यहाँ पुगेपछि शिक्षक साथीहरूले हामी पनि एकपटक टिबी जाँच गरौं भनेपछि जचाउन थाल्यौं। म सबैभन्दा अन्तिममा बसें। सुवासजीसहित कसैलाई टिबी देखिएन। अन्तिममा मैले जचाएँ। डाक्टर टमले तपाईंमा चाहिँ टिबीको शंका देखियो भने। त्यसकारण स्पुटम (खकार) परीक्षण गर्नुपर्छ भनियो। मैले खकार परीक्षण गराएँ। त्यसपछि डाक्टरले औषधि सिफारिस गर्‍यें। त्यसपछि मैले थियाजिना ट्याबलेड भन्ने १८ महिना खानुपर्ने भयो। त्यतिवेला टिबीको इन्जेक्सन स्टेपमाइजेसन भन्ने थियो। त्यो ६० वटा लगाउनुपर्नेरहेछ। त्यति धेरै इन्जेक्सन लगाउनुपर्ने, खानपिन बार्नुपर्ने, डाइट राम्रो खाएर आराम गर्नुपर्ने भएपछि मसँग त्यतिवेला खर्च थिएन। सुवासजीले पनि यी सबै कुरा थाहा पाउनुभयो। साथीहरूबीच सल्लाह हुँदा एकजना जयप्रकाशनारायण सिंह भन्ने क्याम्पस प्रमुखले हामीलाई बोलाएर यो त ब्रिटिस साम्राज्यवादको डाक्टर हो, त्यसैले के हो, के हो, त्यत्तिकै शंका गरेर औषधि खुवाउँदै छ कि, तपाईं होसियार हुनुपर्छ। बरु खर्स्याङ सेनेटोरियममा गएर परीक्षण गरेर आउनुस्, यथार्थ सबै थाहा हुन सक्छ भन्नुभयो। त्यसपछि खर्स्याङ जानैपर्ने भयो। मलाई आपत पऱ्यो। खर्च नभएका कारण उपचार गरौं कि नगरौं दोधारमा पर्‍यें। नगरौं रोग रहेछ भने बर्बाद हुने भयो, गरौं खर्च छैन। त्यतिवेला जागिर केही थिएन। पार्टी बनाउँछु भनेर पूर्णकालीन भएर हिँडेको थिएँ। मेरो समस्या सुवासजीले बुझ्नुभयो। उहाँ हुनेखाने परिवारकै मान्छे। तराईतिर पनि जमिन भएको, पहाडमा हुनेखाने परिवारको न्यायाधीशको छोरा भएकाले उहाँले भन्नुभयो, 'ठिक छ म सहयोग गर्छु।' उहाँले नै अरू साथीहरूसँग पनि सल्लाह गरेर केही सहयोग उठाउनुभयो, आफैंले पनि हालेर खर्च जुटाएर मलाई उपचारका लागि दुई हजार रुपैयाँ दिनुभयो। त्यही पैसा लिएर खर्स्याङको सेनेटोरियममा गएर जचाएँ। डाक्टरले तपाईंलाई बच्चा वेलामा खोक्दा फोक्सोमा स्पेस बनेको हुन सक्छ, त्यसले पनि असर परेको हुन सक्छ। तर, अहिले हेर्दा तपाईंलाई भर्खर टिबीले छोएको छ। औषधि गर्नुस्, अर्को पल्मोकोड भन्ने लिक्विड औषधि दिइयो। त्यतिवेलासम्म इन्जेक्सन लगाउन सुरु गरिसकेको थिएँ। औषधि खान सुरु गरेपछि शरीरको सन्तुलन बिग्रेजस्तो अनुभूति हुन थाल्यो। हिँड्दा हल्लिने भयो। केही दिनमै जेल पर्‍यें, मलाई सेलमा राखियो। डाक्टर टमले ६० वटा इन्जेक्सन लगाउनुपर्छ भनेको थियो। सधैं साथमा नर्स लिएर हिँड्न सक्ने कुरा पनि भएन, नजान्नेहरूलाई इन्जेक्सन लगाउन लगाउने कुरा पनि भएन। डाक्टर टमको सल्लाह आयो,'सबभन्दा राम्रो उपाय आफैं तालिम लिनुस्।' मैले तालिम लिएँ। आफैं इन्जेक्सन दिन थालें। ६० मध्ये केही इन्जेक्सनबीचमा लिएको थिएँ। औषधि उपचार गर्दैगर्दा जेल परेपछि साँघुरो कोठा सेलमा मलाई राखियो। नियमित औषधिले साइड इफेक्ट गरेछ। शरीरको सबै मुभमेन्ट नियन्त्रण गर्ने कानभित्र भेस्टिबुल्ला निष्क्रिय बनाइदिएछ। साइडइफेक्टकै कारण त्यो इन्जेक्सन अहिले पनि संसारभरि प्रतिबन्धित छ। यसरी मलाई उपचारको सिलसिलामा सुवास नेम्वाङले गरेको सहयोग कहिल्यै बिर्सिन्न।

जो कविता सुनाउँदा पत्राउ परे



मगर आदिकवि रेखबहादुर थापामगर

त्यसवेला नेपाल भाषाको साहित्य चर्चामा थियो । नेपाल भाषाको गीत, कविता लेखेजस्तै हामीले पनि लेख्नुपर्छ भनेर जितबहादुर सिँजाली मगर र रेखबहादुर थापा मगर लागे । प्रेसमा छाप्नका लागि त्यसवेला सिडिओ वा स्थानीय नेताको सिफारिस चाहिन्थ्यो । उनीहरूले भारतको गोरखपुरबाट भूमिगत रूपमा पुस्तक छापेर ल्याएका रहेछन् ।

गर्मीको समय । धुलोले फुंग बनेको घोराही बजारको एउटा सभास्थल । साठी जिल्ला र विदेशबाट आएका मगर प्रतिनिधि जम्मा भएका थिए । हजारौँ मगरको जुलुस परिक्रमापछि २०५१ फागुन २७ गते नेपाल मगर संघको पाँचौँ राष्ट्रिय महाधिवेशन उद्घाटन भयो । सोही महाधिवेशनमा तीसौँ वर्षदेखि घरपरिवार र समुदायदेखि सम्पर्कविहीन भएका जितबहादुर सिंजाली मगर र रेखबहादुर थापा मगरलाई संयुक्त रूपमा मगर आदिकवि घोषणा गरिएको थियो ।

त्यहाँ उनीहरूका घरपरिवार, आफन्त कोही थिएनन् । आदिकवि जितबहादुर सिंजाली मगरले सभास्थलमै गोरेबहादुर खपांगी मगरको प्रभावशाली भाषण सुने । उनको हुलिया र बाँचेको जीवन देख्दा कसैले विश्वास गर्दैनथे, आदिकवि उही हो भनेर । आफ्नो परिचय नदिईकनै लुसुक्क हिँडेछन् । जब उनीबारे वृत्तचित्र निर्माण गरियो, तब रहस्यको पन्तुराहरू खुले ।

यो आलेख आदिकवि रेखबहादुर थापा मगर कसरी भेटिए ? भन्ने विषयमा केन्द्रित रहनेछ । देउखुरीको खड्रानाका बसोवास गरे पनि रेखबहादुर असली पहिचान लुकाएर दुई हजार परिवारको सुकुमबासी नेता भने । उनलाई कुचो बाजे, मास्टरजी भनेर पनि चिनिँदो रहेछ । संसदीय चुनावमा खुमबहादुर खड्काविरुद्ध निर्वाचन लडेका रहेछन् ।

सन् १९१४ मा ब्रिटिस भारतीय सेनाको सातवर्षे सैनिक जीवन बिट मार्दै रेखबहादुरका बुबा नरबहादुर सारू मगरले गाउँघरमा गल्लावालको काम गरे । बन्दीपुर तनहुँमा नेपाल प्रहरीको आठवर्षे जागिरेबाट राजीनामा दिएर २००७ सालको जनक्रान्तिमा पनि होमिए । क्रान्ति सफल भएपछि राजा, राणा र नेपाली कांगेसको त्रिपक्षीय सम्झौताको विरोध गरेकाले उनीमाथि पटक-पटक सांघातिक हमला भयो । देशद्रोहीको आरोपमा प्रहरीले पक्रेर बन्दीपुर जेलमा थुनी चरम यातना दियो । उनको चलअचल सम्पत्ति सबै हरण गरियो । जेलमुक्त भएपछि आफ्नो नाम राखे वीरबहादुर सारू मगर । त्यसपछि भूमिगत रूपमा सपरिवार बुटवलमै जीविकोपार्जनका लागि पसल थापेर बसे । मानसिक समस्याका कारण उनको दुःखद निधन भयो ।

दश कक्षा पढ्दै गरेका कलिला युवा रेखबहादुर २०१६ सालतिर बुटवलबाटै भारतीय सेनामा भर्ती भए । सन् १९६२ मा सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पासँग पर्वतारोहणसम्बन्धी प्रशिक्षण लिए । सन् १९६८ मा सगरमाथा आरोहणमा २५ हजार फिट माथि पुगेर प्रतिकूल मौसमका कारण टोलीहरूसँगै फर्किए । आरोहण गर्नुअघि उनी सन् १९६२ मा भारत-चीन युद्धमा सहभागी भएका थिए । त्यस्तै सन् १९६५ मा भारत-पाकिस्तान युद्ध र पुनः १९७१ को भारत-पाकिस्तान युद्ध पनि उनले लडेका थिए । फुटबल, बक्सिङ, हक्कीको राम्रो खेलाडी भएकाले पुरस्कारहरू र मेडलको चाङले उनी सुसज्जित थिए । सैनिक जीवनमै भारतको देहरादुनबाट आइए उत्तीर्ण गरे । २८ वर्ष भारतीय सैनिक जीवनबाट सुबेदार पदमा सन् १९८८ (२०४५) जनवरीमा निवृत्तिभरण भएपछि श्रीमती, एक छोरी लक्ष्मी थापा मगर र एक छोरा शिवकुमार थापा मगरको साथमा उनी पोखरा आई बस्न थाले । पोखराबाट माकरबस्ती नवलपरासीमा बसाइँ सरे ।

०४६ को जनआन्दोलनमा सक्रिय श्रीमती गीता गुरुङको परिवार कांग्रेस पार्टीमा आबद्ध थियो । गीताकै जोडबलले ०४७ मा रेखबहादुरले नेपाली कांग्रेसको सदस्यता लिए । त्यसपछि कांग्रेसको भातृ संगठन नेपाल भूतपूर्व सैनिक संघ नवलपरासीको अध्यक्ष भए । भूतपूर्व सैनिकहरूको हकहितका लागि संगठन विस्तारमा अहोरात्र खटिए । घरपरिवारप्रतिको उत्तरदायित्वले बीचमा सम्पर्कविहीन बने । त्यसवेलाका चर्चित नेता गोरेबहादुर खपाङ्गी मगरको प्रभावशाली भाषण सुनेपछि उनी नेपाली कांग्रेस परित्याग गरी ०५० मा राष्ट्रिय जनमुक्ति पार्टीमा प्रवेश गरे । कांग्रेस पार्टी छोडेपछि २०२० सालमा प्रेमविवाह गरेका दम्पतीबीच मनमुटाव सुरु भयो । पार्टी छोड्न एक-अर्काले दबाब दिन थाले । छोरा शिवकुमार थापा मगर सम्झन्छन्, 'आमा कडा स्वभावको, बुबा सोझो र इमानदार । दुवैको बोलिचाली भए पनि सम्बन्ध राम्रो भएन । नमिले पनि सम्बन्धविच्छेदचाहिँ गर्नुभएन ।'

मगर भाषामा गीत गाउन पोख्त थिए, रेखबहादुर । कविता, मुक्तक लेखिरहने उनलाई मगर साहित्य लेख्न प्रेरित गर्ने व्यक्ति थिए उनका बोई (बुबा) । ०१५ सालमा जितबहादुर सिंजाली मगरसँग बुटवलमा उनकै बोई (बुबा) ले पहिलोपटक चिनजान गराएका थिए । त्यतिवेला उनी त्यहाँ आउजाउ गरिरहन्थे । वीरबहादुरको पसलमा वास बस्थे । रेखबहादुरले मामा साइनो लगाएका थिए । मगर भाषामा गीत, कविता लेखेर कहिले बोई (बुबा)सँग कहिले छोरासँग एकापसमा छलफल गर्थे । त्यसवेला नेपाल भाषाको साहित्य चर्चामा थियो । नेपाल भाषाको गीत, कविता लेखेजस्तै हामीले पनि लेख्नुपर्छ भनेर सिंजाली र सारू मगर लागे । प्रेसमा छाप्नका लागि त्यसवेला सिडिओ वा स्थानीय नेताको सिफारिस चाहिन्थ्यो । उनीहरूले भारतको गोरखपुरबाट भूमिगत रूपमा पुस्तक छापेर ल्याएका रहेछन् । पञ्चायती व्यवस्थामा भाषा र जातिको कुरा मात्रै साम्प्रदायिकताको आरोपमा सीधै जेल जानुपर्थ्यो । जो पायो त्यहीलाई किताब बेच्न डर, कविता सुनाउन झन् डर । डरैडर बोकेर दुई-चारजना मगर जमघट भएको ठाउँमा पुस्तक बाँड्ने कविता सुनाउने क्रममा एकपटक खस्यौली (हाल बुटवल) दाउरे टोलमा सोठी (अदुवा) बेच्ने ढाक्रेहरू वास बसेको ठाउँमा किताब बेच्दै गर्दा पुलिसले दुवैजनालाई पक्रेर लगेछन् । एक हप्ता तारेख धाउने सर्तमा छोडिदियो । त्यसपछि जितबहादुरसँग ०२७ सालमा छुट्टीमा घर आउँदा अन्तिमपटक भेट भएको रेखबहादुरको त्यसपछि कहिल्यै भेट भएन ।

मगर जातिबारे ०४९ देखि प्रकाशित भएको 'लाफा' पत्रिका उनीहरूले नियमित पढे । त्यतिवेलासम्म मगर भाषाको आदिकवि को हुन् भन्ने पत्ता लागेको थिएन । जितबहादुर सिंजाली मगर र रेखबहादुर थापा मगरले संयुक्त रूपमा लेखेको 'मगर भाषाङ ल्हिङ ङ टुक्कावौ किताब' को आधारमा उनीहरूलाई मगर आदिकविको पदवी दिएर सम्मानित गरियो ।

रेखबहादुरको पुर्खा तनहुँ जिल्लाको दक्षिणी भेग तत्कालीन भिरकोट गाविस-८, अर्चलदी (हाल ऋषिङ गाउँपालिका-३, अर्चलदी) मा बसोवास गरेका थिए । बुबा नरबहादुर सारू मगर (वीरबहादुर) र आमा डिल्लीसरा थापा मगरको कोखबाट २००१ भदौ २८ गते रेखबहादुर सारू थापा मगरको जन्म भएको थियो । तीन दाजुभाइमा बमबहादुर थापा मगर जेठा, जंगबहादुर थापा मगर कान्छा, एक दिदी हिरासरा थापा मगरमध्ये उनी माइला भाइ हुन् । छोरा र छोरीसँगै बस्दै आएका आदिकवि जाति र पार्टी काममा अहोरात्र खटिरहँदा स्वास्थ्य जाँच ढिलाइले उच्च रक्तचाप एक्कासि बढेर मस्तिष्क पक्षघातले कोठामै ढलेका थिए । खाटमुनि ढलिरहेका बुबालाई छोरी लक्ष्मीले देखेपछि हतारहतार स्थानीय अस्पताल पुऱ्याइन् । उपचार सम्भव नभएकाले काठमाडौं वीर अस्पतालमा लगिएको थियो । सघन कक्षमा उपचार गराउँदा-गराउँदै ०६१ असार २९ गते मगर आदिकवि थापाको निधन भयो ।

नेपाल मगर संघमा भाषा, संस्कृति, धर्म र साहित्यबारे जनपैरवी गरिरहन्थे उनी । जस्तोसुकै व्यक्तिसँग पाँच-छ घन्टासम्म छलफल गरी आफूतिर आकर्षित गर्न सक्ने खुबी थियो उनको । सामाजिक भावनाका धनी, कलाका अब्बल प्रतिभा रेखबहादुरलाई मगर आदिकवि जितबहादुर सिंजाली मगर साहित्य प्रतिष्ठानले ०६० सालमा सम्मान गरेको थियो । विविध संघसंस्थाले पनि भव्य सम्मान गरेका थिए । उनको योगदानलाई सम्मान गर्दै मगर आदिकवि रेखबहादुर थापा मगर स्मृति प्रतिष्ठान, तनहुँ र नवलपरासीमा स्थापना गरिएको छ । गत वर्षदेखि मगर आदिकविद्वयको जन्मजयन्ती नेपाल प्रज्ञा प्रतिष्ठानले सहकार्यमा मनाउने परम्पराको सुरुवात गरेको छ । मगर भाषा साहित्यका धरोहर म्रष्टाले ०५१ सालमा प्रकाशन गरेको मगर कविता संग्रह फुन्चठलके (जन्मभूमिलाई) भित्रको अति नै चर्चित कविताका हरफ यहाँ प्रस्तुत छ :

सराडे जाट्के पन्डीटके पाच
इला ङ आलाक ङा गिन्म ह्वाच्च
काट भोरमिङ डेआ होटेलाङ नुइमे
पोस्टाक ङ झोला टालुङ बुमे
सढै न राहाम हान रक्सी गाले
होसे च कानुङ पण्डितजी आले ।

श्राद्ध गर्न पण्डितलाई खोजेको
यता र उति सबैलाई सोधेको
एउटाले भन्यो होटलमा गा'छ
रक्सीसँग पाडाको सेकुवा खा'छ
सधैँ आएर जाँडरक्सी पिउँछ
उनी त हाम्रो पण्डितजी जो छ ।



सन्जोग लाफा मगर
laaphaa@gmail.com
साहित्य

> पञ्चायती व्यवस्थामा भाषा र जातिको कुरा गरे साम्प्रदायिकताको आरोपमा सीधै जेल जानुपर्थ्यो । जो पायो त्यहीलाई किताब बेच्न डर, कविता सुनाउन झन् डर । डरैडर बोकेर दुई-चारजना मगर जमघट भएको ठाउँमा पुस्तक बाँड्ने र कविता सुनाउँदै हिँड्ने क्रममा उनीहरूलाई पुलिसले पक्रेर लगेछ ।



अमेरिकाले एसएमआइसीलाई डच कम्पनीले बनाउने इयुभी मेसिन हासिल गर्न प्रतिबन्ध लगाउनुअघि सो सेमिकन्डक्टर कम्पनीले १४ नानोमिटर आकारको चिप्स मात्र बनाइरहेको थियो । छोटो समयमै एसएमआइसीले गरेको यस उपलब्धिलाई केही उत्साही प्रविधि विश्लेषकले चिप युद्धमा चीनले अमेरिकालाई पछारेको रूपमा व्याख्या गरे ।

वासिङ्टनमा तरंग ल्याइरहेको एउटा चिनियाँ फोन

स्टिफन बार्थोलोमेउज
प्रविधि

चीनले हुवावेको नयाँ फोनमार्फत अमेरिकालाई चिप युद्धमा पराजित गरेको हो ?

चीनको सेन्फेनस्थित प्रविधि कम्पनी हुवावेले दुई साताअघि (अगस्ट ३० मा) अनलाइनमार्फत उसको नयाँ स्मार्टफोन 'मेट ६० प्रो' सार्वजनिक गऱ्यो । विगतमा भन्दा सामान्य रूपमा सार्वजनिक भएको सो मोबाइल फोनले अमेरिकामा भने असामान्य हलचल निम्त्यायो । हलचलको कारण थियो हुवावेको मेट ६० प्रोमा प्रयोग भएको 'किरिन ९०००' नाम दिइएको चिप्स । क्यानडाको ओटावामा मुख्यालय रहेको टेकइन्साइटले फोनमा राखिएको सो चिप्समा उन्नत सात नानोमिटर रहेको पुष्टि गरेको छ । 'यसले चीनको सेमिकन्डक्टर उद्योगले इयुभी मेसिनविनै प्राविधिक उपलब्धि हासिल गरेको देखाउँछ । यो उपलब्धि हासिल गर्न उसले पार गरेको अवरोधले चीनको प्रविधि सबलतालाई पनि दर्साउँछ,' टेकइनसाइटका विश्लेषक ड्यान हचचेसनले रोयर्टसलाई बताए । 'इयुभी'को पूरा अर्थ 'एक्ट्रिम अल्ट्राभाइलेट लिथोग्राफी' हो जसको प्रयोग सात नानोमिटर र त्योभन्दा साना चिप्स बनाउन प्रयोग गरिन्छ ।

हुवावेका लागि किरिन ९००० सिरिजका चिप्स चीनको सबैभन्दा ठूलो सेमिकन्डक्टर निर्माता कम्पनीसेमिकन्डक्टर म्यानुफ्याक्चरिङ इन्टरनेसनल कर्पोरेसन (एसएमआइसी)ले बनाएको हो । अमेरिकाले एसएमआइसीलाई डच कम्पनीले बनाउने इयुभी मेसिन हासिल गर्न प्रतिबन्ध लगाउनुअघि सो सेमिकन्डक्टर कम्पनीले १४ नानोमिटर आकारको चिप्स मात्र बनाइरहेको थियो । छोटो समयमै एसएमआइसीले गरेको यस उपलब्धिलाई केही उत्साही प्रविधि विश्लेषकले चिप युद्धमा चीनले अमेरिकालाई पछारेको रूपमा व्याख्या गरे । यस्तो निष्कर्षमा पुग्ने मुख्यतः चिनियाँ सरकारी मिडिया धेरै छन् । हुवावेले अमेरिकी वाणिज्यमन्त्री जिना रेमान्डोको चीन भ्रमणका अवसरमा केही हतार गरेर उसको नयाँ फोन सार्वजनिक गरेको थियो । (जब कि उसले पहिले नै फोन सार्वजनिक गर्ने अर्कै मिति तय गरेको थियो, जुन केही पछाडि थियो ।) यो हुवावेको तर्फबाट अमेरिकालाई एकप्रकारको सन्देश थियो । रेमान्डोले सम्हालेको मन्त्रालयले चीनका प्रविधि कम्पनीमाथि लागू अमेरिकी प्रतिबन्धका कार्यान्वयन गर्ने गर्छ । सन् २०१९ मा अमेरिकाले हुवावेलाई उन्नत चिप बेच्न प्रतिबन्ध लगाएपछि उसले सार्वजनिक गरेको पहिलो फ्ल्यागसिप फोन हो, 'मेट ६० प्रो' ।

सार्वजनिक गर्दा कम्पनीले सो मोबाइलको प्राविधिक विशिष्टतासमेत खुलाएको थिएन । तथापि, चिनियाँ सरकारी मिडियाले भने हुवावेको पछिल्लो फोन चीनले चिप निर्माणमा गरेको प्रगतिको दस्तावेज हुने बताउन थालेका थिए । फोन बजारमा पाउन थालेपछि प्राविधिकहरूबीच त्यसलाई खोलेर हेर्ने क्रम चल्यो । जाँचमा फोनमा उन्नत ७ नानोमिटरको चिप नै प्रयोग भएको पाइयो । सो चिपमार्फत मेट ६० प्रोले केही काम पछिल्लो एप्पलकै हाराहारी काम गरेको पाइयो । जब कि पछिल्लो आइफोनमा विश्वको प्रमुख चिप निर्माता

देशदर्शन गराउने पुस्तक



हरिशरण खनाल
hsk2028@gmail.com
समीक्षा

देशको माया सुनेर हैन, देखेर जागिन्छ
अरूले हैन, आफैँले हेरी यो कुरा बुझिन्छ ।

नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक तथा कवि हिकमत सिंह ऐरले माथिका पंक्तिमा भनेजस्तै जबसम्म हामी आफैँ मेचीदेखि महाकालीसम्मका गाउँबस्तीसम्म पुग्न सक्दैनौँ तबसम्म हामीले हाम्रो देश कस्तो छ भन्ने कल्पना पनि गर्न सक्दैनौँ । हुन पनि हो, कसैले लेखेको पुस्तक र कसैले खिचेका तस्बिर या सिनेमा हेरेर वा पढेर सजिलै देश कहाँ बुझ्न सकिन्छ र ? यसका लागि हामीले समय र पैसा खर्च गरेर देश बुझ्ने अनि नजिकबाट चिन्ने हुटहुटी मनभरि बोकेर आफैँ देश दौडाहामा निस्किनुपर्छ । तर, यसका लागि हामीसित न पर्याप्त समय नै छ, न त पैसा नै । हो, हामीजस्ता आफ्नै देश घुम्न समय र पैसा दुवै खर्चिन नसक्नेहरूका लागि कवि हिकमतको भर्खरै सार्वजनिक भएको कवितासंग्रह 'कञ्चनपुरदेखि कञ्जनजंघा, कवितामय फन्को देशको' भित्र संकलित कविता र साथमा प्रकाशित मनोरम तस्बिर आंशिक रूपमा सहयोगी सिद्ध हुन सक्छन् ।

कवितासंग्रहमा कवि हिकमतले यो देशलाई एउटा सप्तरंगी इन्द्रेनीका रूपमा परिकल्पना गरेका छन् । प्रत्येक सात प्रदेशलाई इन्द्रेनीका अलगअलग रङ, रूप र बान्कीका रूपमा चिनाइएको छ । कोसी प्रदेशअन्तर्गतको 'त्यतिकै हैन नम्बर एक' शीर्षकको कविता पढ्दा कोसी प्रदेशका प्रत्येक १४ जिल्लामा पालैपालो पुगेको अनुभूति हुन्छ । साथमा छापिएका तस्बिर, नक्सा र त्यहाँ उल्लेख भएका प्रदेशभित्रका प्रमुख पर्यटकीयस्थलको नक्सांकनबाट सामान्य ज्ञानको पनि झल्को मेटिन्छ । कविताले स्थानीय परिकार र स्वादको पनि परिचय दिएको छ । यसले कोसी प्रदेशका जिल्लाहरूको आन्तरिक पर्यटनमा निस्कन चाहनेलाई 'गाइड'को काम पनि गर्नेछ ।

यहाँको पहाडमा पाइन्छ गुराँसको
सर्बतसँगै छुर्पी र चिजको डल्लो ।
तरुलको खाजासँगै फापर
र डल्ले खुर्सानी खाइन्छ ।
किराँती गाउँमा लोकल कुखुराको वाचिपासँगै
भटमासको किनिमा पनि पाइन्छ ।

मधेस प्रदेशअन्तर्गत यहाँका आठ जिल्ला र तिनका विशेषतालाई 'मभित्रको देश, मिथिला मधेस' शीर्षकको कविताले झल्काएको छ । प्रदेशभित्रका पर्यटकीयस्थल, यहाँका मूर्त तथा अमूर्त कला, संस्कृति र परम्परालाई कवि हिकमतले मीठा शब्दमा उनेका छन् ।

मेरो वेशभूषा र रङ रूपले नझुक्किनु है सबै
यसै देशको माटोमा जन्मेर हुर्केको हुँ सदैव
मलाई बुझ्न हेर्नुपर्छ मभित्रको देश, मिथिला मधेस ।

देशका १३ जिल्ला समेटिएको संघीय राजधानीसमेत रहेको बागमती प्रदेशलाई चिनाउन कवि हिकमतले 'बागमती, तिम्रो वरिपरि जिन्दगीको यात्रा सधैँभरि' शीर्षकको कविता प्रस्तुत गरेका छन् । कवितामा कविले यस प्रदेशका १३ वटै जिल्लाका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक तथा धार्मिक सम्पदालाई चिनाउने प्रयास गरेका छन् । यस प्रदेशका मूर्त तथा अमूर्त अमूल्य कलालाई चिनाउने उनको प्रयास स्तुत्य छ । बागमती प्रदेश र विशेष गरी संघीय राजधानी काठमाडौं धेरै नेपालीको सपनाको संसार पनि हो । यहाँ कैयौँका सपनाले मूर्तरूप लिएका छन् भने कैयौँका सपना यहाँका घना बस्ती, साँघुरा गल्ली, फराकिला सडक, कोलाहलमय बजार अनि होचाअग्ला अमिल्दा कंक्रिटको जंगलभित्र पुरिएका छन्, धूलीसात् भएका छन् । त्यसैले त कवि हिकमत भन्छन्–

हरेक व्यक्ति यहाँ सपना खोज्दै आइरहेछ
सपनामा रमाइरहेछ, केही पूरा केही अधुरा ।

'सबैको ढुकढुकी, मेरो प्यारो गण्डकी' शीर्षकको कवितामा कविले पाठकलाई गण्डकी प्रदेशअन्तर्गतका ११ वटै जिल्लामा पुऱ्याउने कोसिस गरेका छन् । विशेष गरी उनले यहाँका पर्यटकीय गन्तव्य, यहाँका स्थानीय उत्पादन, पर्व, जात्रा, संस्कृति, हिमाल, ताल, नदीनाला, झरना आदिलाई कवितात्मक शब्दचित्रमा उनेका छन् ।

जीवन्त संस्कृति र प्रकृतिले भरिपूर्ण
आँखाभरि हेर्न र मुटुभरि पाइन्छ माया र सत्कार
त्यसैले त सबैको ढुकढुकी मेरो प्यारो गण्डकी ।

१२ जिल्लालाई आफूभित्र समेटेर फैलिएको लुम्बिनी प्रदेश चिनाउन कवि हिकमतले 'खोज्दै छु बुद्ध, बुद्धको देशमा' शीर्षकको कविता प्रस्तुत गरेका छन् । कवितामा कविले बुद्ध जन्मस्थल लुम्बिनीदेखि प्रदेशका कुनै पनि गन्तव्यलाई छुटाएका छैनन् ।

खोज्दै छु बुद्ध बुद्धको देशमा
गर्नु छ मैले ढोगेर मनबुद्धि शुद्ध ।

मनोरम पहाडी संसारभित्रका १० जिल्ला समेटिएको कर्णाली प्रदेश चिनाउन कविले 'कर्णालीभित्र लुकेको कर्णाली' शीर्षकको कविता पस्केका छन् । कविता पढ्दै जाँदा राज्यबाट सदैव उपेक्षित रहँदै आएको कर्णाली कला, संस्कृति, भूगोल, प्रकृति, जडीबुटी, नदीनालालगायतमा कति समृद्ध छ, उसमा देशलाई नै समृद्ध बनाउन सक्ने शक्ति कति छ भन्ने तथ्यलाई कविले प्रस्तुत गरेका छन् ।

कर्णालीका अनेकौँ छन् कथा, सुख, दुःखका व्यथा
त्यहाँभित्र आफ्नै छ संसार अद्भूत छ प्राकृतिक छटा ।

कम्पनी 'ताइवान सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ' (टिएसएमसी)ले बनाएको थप उन्नत ४ नानोमिटरको चिप प्रयोग भएको छ। (सो कम्पनीले सन् २०२५ सम्म २ नानोमिटरको चिप बनाउने लक्ष्य लिएर काम गरिरहेको छ।) नानोमिटर चिपको आरका नाप्ने एकाइ हो र चिपको आकार जति सानो भयो, त्यो त्यति नै उन्नत हुन्छ।

चिप्सको उन्नतिको खबरले अमेरिकामा एक तरंग आयो। पश्चिमी प्रविधिविज्ञहरूमाझ कठोर प्रतिबन्धका बाबजुद आखिर चीनले कसरी यति छिट्टै असम्भव ठानिएको उन्नत चिप बनाउन सक्यो भन्ने विषयमा विभिन्न अनुमान गरिन थाले। केहीले चीनले प्राविधिक चोरीमार्फत सफलता हासिल गरेको अनुमान गरे। अर्काथरी, हुवावेले उसमाथि प्रतिबन्ध लागू हुनुअघि उसले टिएमएमसीबाट किनेर भण्डार गरेको चिप्स प्रयोग गरेको भनिरहेका छन्। मेट ६० प्रोको पहिलो लट बजारमा आएको छोटो समयमै सकिएको समाचारलाई आधार बनाउँदै तिनले हुवावेले चार वर्षअघि आफूमाथि प्रतिबन्ध लाग्नुअघि टिएमएससी र अन्य विदेशी आपूर्तिकर्ताबाट सकेसम्म धेरै उन्नत चिपहरू भण्डारण गरेको र अहिले त्यही चिप प्रयोग गरेको हुन सक्ने आशंका पनि गरेका छन्। तर, केही विश्वसनीय प्राविधिकहरू भने एसआइएमसीले उससँग भएको पुराना मेसिन र उपकरण प्रयोग गरेर सात नानोमिटरको चिप बनाएको निष्कर्षमा पुगेका छन्। यसको मतलब हो, चीनले अमेरिका र उसका मित्र शक्तिको प्रविधिमा कुनै पहुँचविना नै तुलनात्मक उन्नत चिप पूर्ण रूपमा डिजाइन र उत्पादन गर्न सफल भएको हुन सक्छ।

अमेरिकाले चीनका कैयौं क्षेत्रका उद्योगलाई चिप आपूर्ति रोकेपछि बेइजिङले देशभित्रका सेमिकन्डक्टर उद्योगलाई सबल र सक्षम बनाउन १५० अर्ब डलर विनियोजित गरेको छ। यसै परियोजनाअन्तर्गत चिनियाँ सरकारले गत वर्ष हुवावेलाई २.५ अर्ब डलरको अनुदान उपलब्ध गराएको थियो। केहीले यस लगानीले प्रतिफल दिएको विश्वास गरेका छन्। सन् २०१९ मा ट्रम्पले केही चुनिएका चिनियाँ कम्पनीलाई मात्र सेमिकन्डक्टर आपूर्ति रोकेकोमा बाइडेनले लगभग सबैजसो चिनियाँ कम्पनीलाई उन्नत चिप बिक्रीमा रोक लगाएका छन्। बाइडेन प्रशासनले प्रतिबन्धलाई थप विस्तार र कठोर बनायो। उनको सरकारले गत वर्ष अक्टोबरदेखि 'अमेरिकाको सानो मात्रै सहयोग रहेको कुनै पनि प्रकारको चिप बनाउने उपकरणहरू' चीन निर्यात गर्न प्रतिबन्ध लागू गरेको छ। चिपको आपूर्ति शृंखलाका कुनै न कुनै बिन्दुमा अमेरिकाको संलग्नता रहेकाले चीनले जापान र दक्षिण कोरियाजस्ता चिपका प्रमुख केन्द्रलगायत लगभग सबै उन्नत सेमिकन्डक्टरमा पहुँच गुमाएको छ। अर्थात् विद्यमान चिपमाथि चीनको पहुँच प्रभावकारी रूपमा कटौती गरिएको छ।



चिप्सको उन्नतिको खबरले अमेरिकामा एक तरंग आयो। पश्चिमी प्रविधिविज्ञमाझ कठोर प्रतिबन्धका बाबजुद आखिर चीनले कसरी यति छिट्टै असम्भव ठानिएको उन्नत चिप बनाउन सक्यो भन्ने विषयमा विभिन्न अनुमान गरिन थालियो। केहीले चीनले प्राविधिक चोरीमार्फत सफलता हासिल गरेको अनुमान गरे।

अमेरिकाले युरोपेली आयोगको सहयोगमा सबैभन्दा उन्नत चिप्स उत्पादन गर्ने इयुभी मेसिन चीनलाई निर्यात रोक्न बाध्य बनायो। विश्वमा अहिले नेदरल्यान्डको 'एडभान्स सेमिकन्डक्टर म्याटेरियल लिथोग्राफी (एएसएमएल)' ले मात्र यस्तो मेसिन बनाउन सक्छ। यी सम्पूर्ण अवरोधका बाबजुद यदि चीनले सात नानोमिटरको चिप पूर्ण रूपमा देशभित्रै डिजाइन गरेर उत्पादन गर्न सक्षम भएको हो भने, त्यो ठूलो सफलता भएको विज्ञको निष्कर्ष छ। भलै चीनको यो चिप्स हाल विश्वमा प्रचलनमा रहेको चिप्सभन्दा करिब पाँच वर्षपछाडि नै किन नहोस्। र त्यसको निर्माणमा सिलिकन वेफर्सलाई एकपटकको साटो धेरैपटक प्रकाशको साक्षात्कार गराउने धेरै महँगो र समय लाग्ने गर्ने बहुप्यार्टर्निङ प्रविधि नै प्रयोग किन नभएको होस्। 'महँगो निर्माण खर्चले चीन चिप्स युद्धमा पछाडि नपर्न कतिसम्म दृढ छ भनेर देखाउँछ। हुवावेको विशाल वित्तीय स्रोत र सरकारको उदार अनुदानले मात्र यो फोन आमबजार मूल्यमा बेच्न सकिने भएको हो,' गभेकाल ड्रागोनोमिक्सका विश्लेषक टिली झाङले भने।

चिनियाँ मिडियाले हुवावेको नयाँ फोन सार्वजनिक भएसँगै चीनविरुद्ध लागू अमेरिकी प्रतिबन्धले आफ्नो देशको प्राविधिक विकासलाई रोक्न असफल भएको कुरामा जोड दिइरहेका छन्। 'चीनको चरम दमन असफल भएको छ र यसले अमेरिका-चीन प्राविधिक युद्धको समग्र चित्र र त्यसको अन्तिम परिणामको प्रतिनिधित्व गर्छ,' ग्लोबल टाइम्सको दाबी छ। हुवावे आफैंले पनि 'प्रतिबन्धका बाबजुद हासिल भएको उपलब्धि'का रूपमा व्याख्या गरेको छ। अमेरिकाले प्रतिबन्ध लगाउनुअघि हुवावे केही समयका लागि विश्वको अग्रणी मोबाइल निर्माता बन्न सफल भएको थियो। तर, प्रतिबन्धपछि यसको मोबाइल शाखा लगभग ध्वस्त भएको थियो, जसको कारण कम्पनीको समग्र राजस्व नै आधामा झर्‍यो। हुवावेको विश्वव्यापी बजार हिस्सा अहिले एकल अंकमा सीमित छ भने देशभित्रै पनि यसको बजार अंश १० प्रतिशतभन्दा तल छ। कम्पनीले 'मेट ६० प्रो'लाई पर्याप्त परिणाममा उत्पादन गर्न सक्यो भने पनि सम्भवतः उसको पुरानो उचाइ पुनः हासिल गर्न सक्ने छैन। तथापि, यस मोबाइलको सहयोगले उसले घरेलु बजारको ठूलो हिस्सा नजित्ला भन्न सकिँदैन।

अमेरिकाभित्र भने यो फोन सार्वजनिक भएपछि चीनविरुद्ध लागू प्रतिबन्धको प्रभावकारिताको समीक्षा गर्नुपर्ने आवाज बलियो बनेको छ। चीनलाई उन्नत प्रविधिमाथि पहुँच नदिने प्रयासले उल्टो असर गरेको हो कि (विशेषत चीनलाई जुन मूल्यमा पनि ती प्रविधि विकास गरिछाड्ने भावना उत्प्रेरित गरेर) भन्ने डर एक तप्कामा देखिन्छ। अमेरिकाले चिप्स प्रतिबन्ध लगाएर चीनको हातमा उन्नत चिप्स नपुगोस् र २१औं शताब्दीमा आफ्नो प्रमुख प्रतिस्पर्धी हुने सो मुलुकभन्दा आफूअगाडि रहने उद्देश्य राखेको छ। आखिर चिप्स आजको विश्वको व्यावसायिक, एआई (आर्टिफिसियल इन्टिलिजेन्स)जस्ता प्रविधि तथा सैन्य क्षेत्रमा अग्रता हासिल गर्न अत्यावश्यक नै देखिन्छ। तर, प्रतिबन्ध डिजाइन गर्दा अमेरिकाले चीनको प्राविधिक स्वतन्त्रताको दृढ संकल्प र नयाँ प्रविधि हासिल गर्न अर्बौं डलर खर्च गर्न सक्ने क्षमतालाई कम आकलन गरेको हुन सक्छ। अथवा हुन सक्छ, अमेरिकाले चिनियाँ प्रविधि क्षेत्रमाथि लगाएको प्रतिबन्ध विगत चार वर्षमा विभिन्न चरणमा लागू गरेकाले पूर्ण प्रभाव अझै महसुस हुन पो बाँकी छ कि।

हुवावेको फोन बजारमा गएको केही दिनमा स्टक सकिएकाले केहीले एसएमआइसीको सफलता सीमित रहेको पनि आकलन गरिँदै छ। यस्तो आकलन अमेरिकी नीति-निर्माताले भने चीनले थप उपलब्धि हासिल गर्नुअघि नै प्रतिबन्ध अझै कठोर बनाउनुपर्ने वकालत गर्न थालेका छन्। यस्तो तर्क गर्नेहरूले एसएमआइसीले पर्याप्त मात्रामा सात न्यानोमिटर चिप्स उत्पादन गरेकै भए पनि त्यो टिएसएमसीले उत्पादन गर्ने चार न्यानोमिटरभन्दा केही पुस्तापछि रहेकाले पनि प्रतिबन्ध कठोर बनाउनुपर्ने बताइरहेका छन्। र, डच कम्पनी एएसएमएलको उन्नत चिप बनाउने मेसिनविना सात न्यानोमिटरभन्दा सानो चिप्स बनाउन निकै कठिन साबित हुनेछ नै। विशेषतः अमेरिकाको वित्त मन्त्रालयअर्न्तगतको उद्योग तथा सुरक्षा ब्युरोले यस विषयमा अनुसन्धान गरेर अमेरिकाको प्रतिबन्धलाई थप कडा बनाउने सम्भावना रहेको विश्लेषकहरूले बताए छन्। जसले गर्दा चीनको नयाँ चिप्सले 'चिप्स युद्ध' मत्थर गर्नुको साटो थप गर्माउने सम्भावना छ।


तथापि अहिलेका लागि, चीनका घरेलु चिप निर्माताहरूले आफूसँग भएको स्रोतको अधितकम प्रयोग गर्दै पुरानो उपकरणबाट परिमार्जित सेमिकन्डक्टर बनाउन सफल भएका छन्। अब चीनको वास्तविक परीक्षण अहिलेको भन्दा उन्नत चिप्स बनाउन उसले देखाउने सफलतामा निर्भर हुनेछ। विश्व, त्यसमाथि पनि अमेरिकाको यसमाथि विशेष चासो हुने निश्चित छ।

(द बिजनेस स्पेक्टर नामक वेबसाइटका संस्थापक तथा कार्यकारी सम्पादक स्टिफन अस्ट्रेलियाका प्रतिष्ठितमध्येका एक बिजनेस स्तम्भकार हुन्। 'द सिड्नी मर्निङ हेराल्ड'मा प्रकाशित यो लेख श्रवण उप्रेतीले अनुवाद गरेका हुन्।)

देशको पश्चिमी कुनाका नौ जिल्ला समेटिएको सुदूरपश्चिम प्रदेश आफैंमा मनोरम प्रकृति, अद्भूत संस्कृति, विकट भूगोल र धार्मिक आस्था र धरोहरको मीठो संगमस्थल हो। यसलाई कवि हिकमतले 'सुदूरको सुन्दर पश्चिम हुँ म' शीर्षकको कवितामा समेटेका छन्।

गौरा र माधीमा देउडा र सखियाले बाँधेको साथ
सदैव बनिरहोस् मेरो अखण्ड सुदूरपश्चिमको यो सान।

सात प्रदेशका सप्तरंगी चित्रणसँगै कविले 'कर्णालीको वारि र पारि', 'कृषि र पर्यटन बाह्रै मास', 'देशमै घुर्मौं देशमै रमाऔं', 'हेर्न सकिन्छ हाम्रो भूमि लाप्चलाबाट मानसरोवर कैलाश', 'कोसीको तिरैतिर', 'म कतै हराउँदै छु कि?', 'घुमेर हेरौं, आफैंमा खोजौं', 'यात्रा मेची कोरिडोरको', 'तीन 'ज'को सुन्तुलन', 'सप्तरंगी इन्द्रेणीको मेरो देश'लगायत शीर्षकका कवितामार्फत देशलाई थप चिनाउने जमर्को गरेका छन्। उनका यी कविताले जोकसैमा पनि जीवनमा एक न एकपटक देशका यी मनोरम गन्तव्यमा पुगेरै मात्र विश्राम लिने हुटहुटी जगाउनेमा शंका छैन।



यस संग्रहलाई घरको टी-टेबल या कफी सपको टेबलमा राखिदिने हो भने यसबाट जोकोहीले चिया या कफीको चुस्कीसँगै देशदर्शनको मजा लिन सक्छ।

कवि हिकमतले संग्रहमा 'वर्तमान समाजको दिशा र अनुभूति' शीर्षकको खण्डमा ११ अलगअलग शीर्षकका कविता समेटेका छन्। जसमा उनले वर्तमान समाजप्रतिको आफ्नो बुझाइलाई कतै अभिधा, कतै लक्षणा त कतै व्यञ्जनामार्फत प्रस्तुत गरेका छन्।

यहाँ उड्न आफ्नै पखेटा चाहिन्छ
अर्काको त उडेको मात्र हेर्न सकिन्छ।

'आर्थिक गतिविधि र विकासको गति' शीर्षकको खण्डमा कवि हिकमतले सात अलगअलग शीर्षकका कविता राखेका छन्। यी कवितामार्फत कविले देश विकासका सम्भावना, सामर्थ्य र हाम्रा कमीकमजोरीलाई उजागर गरेका छन्। कतै हाम्रा कमीकमजोरी र परनिर्भर अर्थतन्त्रमाथि तिखो व्यंग्य गरेका छन्। कतै 'के छ र यहाँ ?' भन्नेहरूमाथि कडा प्रश्न गरेका छन्।

'भावनात्मक रहरहरू' शीर्षकको खण्डमा समेटिएका १३ अलगअलग शीर्षकका कविताले सकारात्मक सोच, जीवनका खुसी, सफलता, उल्लास, विफलता र दुःखलाई अभिव्यक्त गरेका छन्।


जीवन त यस्तै रहेछ
जेजस्तो पनि चल्दो रहेछ।
स्मृतिमा मात्र नयाँ पन्ना थपिँदो रहेछ।

'समसामयिक विषय' शीर्षकको संग्रहकै अन्तिम खण्डमा कविले पाँचओटा अलगअलग शीर्षकका कविता प्रस्तुत गरेका छन्।

स्थापित कविहरूका दृष्टिमा कतिपय कविता कविते नलाग्न पनि सक्लान्। तर, देश चिनाउने उद्देश्यले लेखिएका उनका कविता आफ्नो लक्ष्यमा खरो उत्रिएका छन्। १०२ पृष्ठमा त्यति नै संख्याका कविता समेटिएको पुस्तकको ६ सय रुपैयाँ मूल्य केही चर्कोजस्तो देखिन सक्छ। तर, कागजको गुणस्तर र पुस्तकको साजसज्जा हेर्दा स्वाभाविकै लाग्छ। यस संग्रहलाई घरको टी-टेबल या कफी सपहरूको टेबलमा राखिदिने हो भने यसबाट जोकोहीले चिया या कफीको चुस्कीसँगै देशदर्शनको मजा लिन सक्छ।

होर्ता

हेर्नेलाई दर्शक, सुन्नेलाई श्रोता। हेर्ने र सुन्ने दुवै भूमिका सँगै निर्वाह गर्नेको नाउँ अझै बनेको छैन। 'होर्ता' भन्दा हुन्थ्यो।





मुकुन्दराज शर्मा
mukundasharma37@gmail.com
क्षणिकी

म तबसम्म हाँसोलाई हाँसो मान्दिनँ जबसम्म त्यो प्रफुल्ल मनबाट घतपूर्वक उम्लिएर बाहिर नआओस्। मन थाम्नै नसक्ने गरी पेटका लाम्टा दोब्रिउन्जेल, आँखाबाट आँसु चुहिन्जेल रमाएर हाँस्नु पो हाँस्नु। अडिन नसकेर धुलोमा पसारिँदै, मडारिँदै हाँस्नु पो हाँस्नु। सुतेको बालक ब्युँझिने गरी खित्का छोडीछोडी हाँस्नु पो हाँस्नु।

ठुटा ठूलो सभाहल। राम्रो छ। सजाइएको छ। खर्चिलो देखिन्छ। प्रकाशले भरिभराउ छ। झलमल्ल बलेका छन् बत्ती। म तल छु, जहाँ मजस्ता सामान्य व्यक्तिहरू बस्छन्। तिनको नाउँ हो दर्शक। श्रोता पनि हो। हेर्नेलाई दर्शक, सुन्नेलाई श्रोता। हेर्ने र सुन्ने दुवै भूमिका सँगै निर्वाह गर्नेको नाउँ अझै बनेको छैन। 'होर्ता' भन्दा हुन्थ्यो। स्वीकार्य हुँदैन। आफ्नै डम्फु ठूला छन् सबैका।

म दर्शक बस्ने ठाउँमा छु, दर्शककै माझमा। 'होर्ता' हुँ म। मैले तीनवटा भूमिकाका लागि आफ्नो खटन गरेको छु- हेर्ने, सुन्ने र ताली पड्काउने।

अर्को एउटा महत् भूमिका पनि छ- बुझ्ने र मनन गर्ने। तर, यो ऐच्छिक हो, नगर्दा पनि हुने। परीक्षामा अल्छी विद्यार्थीलाई जस्तै सुविधा छ। बफे डिनरमा मन पर्ने परिकार रोजेजस्तै। दुईथरीका अचार, सलाद भनिने काँक्रा, गाजर, मुला, टर्निप, अनि एउटा पापड, दुई धर्सा नुडल्स, एक छिटा दाल मखानी, एकचौथाई टुक्रा नान, चिकेन र फिसका एकएक टुक्रा, फलफूल अनि आइसक्रिम, लालमोहन, जलेबी... छानीछानी। अथवा, गोलो टेबलको छेउमा बसेको अपरिचित मित्रको प्लेटजस्तै। बिरालोले उक्रेर नाघ्न नसक्ने। भातको धौलागिरी र त्यसका उपर मासुको विशाल छानो। डिलबाट रस बगेर रसातल जाने बाटो खोज्दै छ। तलबाट उधिनेर खानुपर्ने। कतै पहिरो पो जाला कि ?

यस तरहले विधा र विषय छान्ने सुविधा छ। धेरैले एक-दुईवटा भूमिकामै टार्छन् आफूलाई। कुरैपिच्छे कति ताली बजाइरहनु ? हजम नहुने कुरामा कसरी रमाउनु ? मन नपरी, घत नलागी ताली बजाउनु पनि सुन्दर सजाय हो- व्यर्थैमा वाहवाही गरेको। देउसुरे देउसुरे। कसैको बानी हुन्छ बेस्सरी ताली ठोक्ने। माझमा ओखर राखिदिए फुट्लाजत्तिकै। कोही औपचारिकता निभाउँछन् पिटीपिटी गरेर, माखो बल्लतल्ल उड्ने गरी। यस्ता भद्र व्यक्तिहरू प्रायः अग्रपंक्तिमा विराजमान हुन्छन्, क्यामेराकै सामुन्ने। कोही दायाँबायाँका ताली सुनेर 'पावर न्याप'बाट जुरुक्क ब्युँझिन्छन् र ताली ठोक्न थाल्छन्, अशिष्ट भइएला कि भनेर।

म यस्तै जमातको माझमा 'होर्ता' बनेर बसेको छु। मञ्च अलि टाढै छ। अग्लोमा छ। देखिन्छ। सुनिन्छ पनि ठुलाठुला यन्त्रहरू जो लगाएका छन्। सुन्नुपर्ने विषय र वाचक दुवैको आगमन हुन बाँकी छ। स्वागत भव्य होलाजस्तो छनक देखिन्छ। केही एकैरूपको पहिरन भिरेका मानिसहरूको फुर्तीफार्ती, दौडधुप, व्यस्तता हेर्दा त्यस्तो अनुमान गर्न सकिन्छ। म मनमनै शुभकामना व्यक्त गर्दै बसिरहेको छु- 'चार आनाको मासु, बाह्र आनाको मसला'जस्तो नहोस् कार्यक्रम कतै।

आज मञ्चबाट पस्किने मेनु मेरो मगजमा घुसेकै छैन। भोक्ताअनुसारको भोजन हुनुपर्ने हो। मेरावरिपरिका मान्छेहरू आधीसरो मेरो उमेरभन्दा अलि धेरै माथिकै, आधीसरो तन्नेरी वयका। अधकल्चो मैमात्रै जस्तो।

घोषणा भयो। महान् चिन्तक, दार्शनिक, अति विद्वान्, परोपकारी... आजका नायक...। मञ्चमा प्रवेश गर्नुभो। परर्र ताली बज्यो। मञ्चतिर तेजिला नजर लगाउँदै सबैजना आसनबाट उठे...म पनि। मभन्दा माथिल्लो वयका, मभन्दा तल्लो वयका। यद्यपि, जरुरी थिएन। तथापि, चमर बोकेका सेवकहरूको लर्को छ अघिअघि पछिपछि (स्त्रीलिंग पुलिंग अन्य लिंग सबै)। सभाकक्ष वातानुकूलित नै थियो। यतिन्जेल मैले केही फरक सोचेछु। आफ्नो भरोसासँग मेल नखाने जुनसुकै कुरालाई आडम्बर ठान्नु मूर्ख हुनुको प्रमाण हो। प्रसिद्ध नाटककार विजय मल्ल एक दिन मेरो डेरामा (त्यसवेला) आएका बखत अर्को एउटा सन्दर्भमा भन्नुभएको सम्झिन्छु, "आइदर यु प्रुभ इट अर यु विलिभ इट।" कि होइन भनेर प्रमाणित गर्न सक्नुपर्‍यो, नत्र विश्वास गर्नुपर्‍यो। मैले त्यो पनि सोचिभ्याएछु।

अहिले म फेरि अधकल्चो अवस्थामा छु।

म आफ्नै खटनमा 'होर्ता' बनेर यहाँ आएको हुँ। तीनवटा भूमिकाका लागि मञ्जुरी दिएर। त्यसैले विमति हुनुपर्ने मसँग कुनै कारण छैन। निकैबेरदेखि कर्णप्रिय धुन बजिरहेछ। म शान्त मनले बसिरहेको छु। हेर्ने र सुन्ने वेला हुँदै छ। त्यसपछि ताली बजाउने पालो।

मानिस कतिन्जेल धैर्य गरेर सुन्न सक्छन्, सुनेको कति स्मृत भएर बस्छ र बसेको कति व्यवहारमा प्रतिबिम्बित हुन्छ ? त्यो तपसिलमा राखिदिऊँ। तर, यस्ता प्रवचनप्रधान कार्यक्रममा वक्ताको तार्किक वाक्कलाले नै सबैलाई मोहित पार्छ। अझ कोयलकण्ठ बोली होस्, सम्प्रेषण शैली बिछट्टै रमणीय होस्, भोजनमा घिउ र गुन्द्रुकको पीरो अचार जोडेजत्तिकै हुन्छ।

मलाई जुनसुकै कुराले धीरतापूर्वक बस्ने बनाउन कठिन छ। जीउभरि जुम्रा उम्रिएर म्याराथन प्रतियोगिता गर्न थाल्छन्। आज म धैर्यपूर्वक बसेको छु, सुन्दै छु, हेर्दै पनि छु। ताली बजेकै छैन, मै मात्र किन बजाऊँ निरोको बाँसुरी ?

एक्कासि मेरा कान टनक्क टन्किएर दुख्लान्झैं गर्न थाले। अनुहार रापिलो हुँदै आयो। आँखाका गेडी फैलिएर आँखाभित्र नअटाउलान्जत्रा भए। आँखीभौं बटारिएर खरको जिउरोझैं भए।

मञ्चासीन नायकको महावाणी आयो- हाँसिरहनुस्, सुख बढिरहन्छ।

सुख बढ्नु घट्नुतिर मलाई खासै आकर्षण रहेन। थियो। अब छैन। किनकि धेरै परिभाषामध्ये अत्यन्त दुर्बल र दरिद्र तवरले परिभाषित छ- सुख। अति बहुरूपी, छलकपटमा पोख्त, अस्थिर विषय। हिमाञ्चलका थुम्कातिरको कुइरोजस्तै। उड्ने र बस्ने टुंगो नभएको। परिभाषाले कुनै निश्चित गुण वा दुर्गुणलाई टेक्छ। सुख ऐना हो। अरूले प्रकाश नदिएसम्म छाया बनाउन सक्दैन। यो पनि म कसरी भनुँ ? सुख सबैले आ-आफ्ना तवरले भोगचलन गर्ने निजी सम्पत्ति हो। यसको सर्वमान्य सिद्धान्त नै छैन।

यहाँ मलाई 'हाँसिरहनुस्' भन्ने शब्दले घोच्यो। श्रोता भएकाले सुन्नेबित्तिकै कानमा घोच्यो। र त कान टन्कियो। दर्शक भएकाले आँखामा घोच्यो र आँखाका गेडी सुन्निएर बाहिर निस्किए। कान र आँखाको 'हेडक्वार्टर्स' मन हो। मन बर्बरायो र जीउको राप बढ्यो।

किन ?

हाँसिरहन को सक्छ ? हाँस्नलाई विषय चाहिन्छ। व्यर्थमा हाँस्दा कविजीलाई झैं राँची पुऱ्याइदिने डर हुन्छ। हिजो म घरभित्रको झ्यालनेर एक्लै उभिएर खुबै हाँसैं। बाहिर सडक किनारामा एकजना मानिस चिप्लिएर लड्यो। बल्ड्याङ खायो। उठ्न खोज्दा फेरि चिप्लियो। फेरि लड्यो। ऊ चिप्लिँदा, बल्ड्याङ खाँदा म खुब हाँसे। किनकि म मान्छे हुँ। यस्ता ईर्ष्या, क्रोध र कुण्ठामा हाँस्ने विषय कति छन् कति। छरछिमेकमा। समाजमा। देशमा। सर्वत्र।

हुन सक्छ हाँस्ने आआफ्नै 'स्टाइल' होस्। अभिमानले ढाडिएर निस्किएको खलनायकको कोलाहलपूर्ण हाँसो होस्, वीरता र पराक्रमयुक्त नायकको आत्मविश्वासी हाँसो होस्, घाँटीमा हाड अड्किएझैं हिक्कहिक्क गर्ने चटकेको हाँसो होस्, मुसुक्क मुस्कुराउने लाजवन्ती हाँसो होस्, अलिकति ओठ ल्याप्राक्क पारेर हाँसेको अभिनय गर्ने कूटनीतिक हाँसो होस्। अथवा कसैलाई पन्छ्याउन च्यापु मात्रै तन्काएर हाँसेको कलात्मक हाँसो होस्।

म तबसम्म हाँसोलाई हाँसो मान्दिनँ जबसम्म त्यो प्रफुल्ल मनबाट घतपूर्वक उम्लिएर बाहिर नआओस्। मन थाम्नै नसक्ने गरी पेटका लाम्टा दोब्रिउन्जेल, आँखाबाट आसु चुहिन्जेल रमाएर हाँस्नु पो हाँस्नु। अडिन नसकेर धुलोमा पसारिँदै, मडारिँदै हाँस्नु पो हाँस्नु। सुतेको बालक ब्युँझिने गरी खित्का छोडीछोडी हाँस्नु पो हाँस्नु।

रुद्रघन्टीभन्दा माथिबाट सबैजना एउटै लयमा, एकैनासले भखेरै जसरी यो सभाहलको भित्ता चर्किने गरी हाँसे, त्यो त झुठो अभिनय हो। मिथ्या प्रयास। एउटा अट्टहास।

मिस्टर महोदय, सुन। यो दुनियाँमा हाँसो हरण गर्ने गान्धारीपुत्र दुःशासनजस्ता दुःखहरू कोटिकोटि छन्। कीटपतंगभन्दा पनि धेरै।

जीवन दरिद्र छ। छोरो गँजडी छ। छोरी पोइल गई। श्रीमतीलाई लकवा मारेको छ। पहिरोले बारी लग्यो। खोलाले पाँच मुरी खेत। बाख्राको गोठमा चितुवा पसेछ। लैनुभैंसीलाई थुनेलो भयो। तरकारीको भाउ आएन, सडकमा पोख्नु छ। खाडी जाँदाको ऋण निख्रिएको छैन। रुस-युक्रेन युद्धले भान्सा महँगो भयो। यसपालि पनि वृद्धभत्ता बढेन। सलह किरा उडिसके रे। लामखुट्टेको बिगबिगी छ। कोरोना फर्किन सक्छ भन्छन्। भुइँचालोले चर्किएको भित्तो टाल्न बाँकी छ।

हाँसो खाद्य पसल, क्युरियो सपमा पाइने वस्तु होइन कि झोलामा थापेर ल्याउने। फार्मेसीबाट किनेर ल्याउने काँसोको ओखती होइन। बिहान एक चम्चा अनि फेरि बेलुकी एक चम्चा। यसको कारखाना हुँदैन। न फल्छ यो रासायनिक मल हालेर। मुठीको पाथी, मानोको मुरी।

निस्तो हाँसोले सुख बढ्दैन। दुखैदुःखको दलदलमा ठडिएर जब एउटा जीवन माथि आउँछ, त्यस दिन हाँसो नै स्वतस्फूर्त हाँस्न थाल्नेछ।

मिस्टर प्रवचक, आजका मञ्चाधिपति, तिम्रा खर्चिला शब्दहरूले मेरो मनको रथ टक्क अडियो। मेरो रथ मेरो मन हो। प्रकाशको गतिभन्दा तेज दगुर्न सक्ने रथ यही मात्रै हो। हाललाई तिम्रो हाँसोकथन यही सभाकक्षका भित्तहरूलाई नासो राख्न दिएर म निस्किँदै छु। फेरि भेटौंला अर्को विमतिमा। आज तिम्रा लागि म 'होर्ता' भइदिएकोमा मलाई धन्यवाद।

इति !

चिलियन 'कु'को ५० वर्ष



हरि रोका
hariroka@gmail.com

विश्व



राष्ट्रपतिभवनमाथि बमबार्डिङ गर्दै जनरल अगस्तो पिनोचेका सेना।

५० वर्षपछि अलेन्डेको एउटा ठूलो सपना भने साकार भएको छ। आज सम्पूर्ण ल्याटिन अमेरिका संयुक्त राज्य अमेरिकाको साम्राज्यवादी हैकमलाई चुनौती दिँदै एक्काइसौँ शताब्दीको समाजवाद हुर्काउन तल्लीन छ, जसलाई आज 'पिंक कलर मुभमेन्ट' भनेर पनि चिनिन्छ।

राष्ट्रपति निवासलाई ट्यांकसहित सेनाले घेरेका छन्। एक हुल मानिस निवासभित्र पसेर राष्ट्रपति साल्भाडोर अलेन्डेलाई राष्ट्रपति पदबाट राजीनामा दिइहाल्न धम्क्याउँछन्। वामपन्थीहरूको युनिडाड पपुलर गठबन्धनको तर्फबाट राष्ट्रपति बनेका अलेन्डेले राजीनामा नदिने प्रस्ट्याएपछि राष्ट्रपति भवनमाथि बमवार्डिङ गरिन्छ। राष्ट्रपतिलगायत अधिकांश मानिस मारिन्छन् र थोरै मात्र भाग्न सफल हुन्छन्। दक्षिण अमेरिकी मुलुक चिलेको राजधानी सेन्टियागोमा अवस्थित ला-मोनेदा दरबारमा सेप्टेम्बर ११, १९७३ मा घटाइएको घटना थियो यो।

समाजवाद स्थापनाको लक्ष्य राखेर खुला र प्रतिस्पर्धी निर्वाचनमार्फत विश्वमै पहिलो सिंगो मुलुकमै सरकार बनाउन पुगेका अलेन्डेलाई एक कार्यकाल पूरा हुनै नदिई अपदस्थ गरेर हत्या गरिएको थियो। बीसौँ शताब्दीमा यो कु-देतालाई भयानक क्रूर घटनाको रूपमा गणना गरिन्छ।

अलेन्डेको सत्तारोहरण समाजवादी/मार्क्सवादी आन्दोलनको एक ऐतिहासिक मिसाल थियो। यो लोकतान्त्रिक पद्धतिअनुरूप दक्षिण तथा मध्यपन्थी पार्टीहरूसँग चुनावी मुकाबिला गरेर सत्तारुढ हुन पुगेको थियो। रुसमा सन् १९१७ मा भएको बोल्सेभिक क्रान्ति, सन् १९४९ मा भएको चिनियाँ क्रान्ति र सन् १९५९ मा भएको क्युबाली क्रान्तिभन्दा पृथक् थियो। भारतको केरलामा सन् १९५७ मै कम्युनिस्ट पार्टीले चुनाव जितेको भए पनि चिलेमा अलेन्डेको नेतृत्वमा जितेको यो जित एउटा प्रान्तमा नभएर सिंगो देशको विजय भएकाले राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमै यसको ठूलो महत्त्व थियो। किनकि यो भौगोलिक रूपमा संयुक्त राज्य अमेरिकाभन्दा टाढा थिएन, जसले क्युबाको क्रान्तिलाई ध्वस्त पार्नका लागि पटक-पटक आर्थिक प्रतिबन्ध तथा सैन्य गतिविधिमार्फत प्रयत्न गरेको कुरा विश्वसामु लुकेको थिएन। अक्सफोर्ड ब्रुक्स बिजनेस स्कुलको इमिरेट्स प्रोफेसर प्रितम सिंहका अनुसार अमेरिका चिलेको अलेन्डे सरकारलाई पाँचवटा कारणले क्युबाभन्दा पनि ठूलो खतरा महसुस गर्थ्यो। पहिलो, ल्याटिन अमेरिकामा सबैभन्दा खनिज स्रोतसाधन भएकाले दक्षिण अमेरिकामा ठूलो अर्थतन्त्र भएको मुलुकमा गनिन्थ्यो चिले, अहिले पनि संसारको सबैभन्दा बढी तामाखानी त्यहीँ छ। दोस्रो, क्युबासँग मिलेर अमेरिकी प्रभाव कम गर्न नयाँ गठबन्धन सुरु गर्न सक्छ। तेस्रो, सम्पूर्ण ल्याटिन अमेरिकाभरि चिलेले अंगीकार गरेको लोकतान्त्रिक निर्वाचनमार्फत सत्तामा पुग्ने खेल चम्किने पो हो कि ? जसले क्युबाको हतियारबन्द युद्धलाई इन्कार गरेको थियो। चौथो, अमेरिकी बहुराष्ट्रिय निगमहरू, जसले चिलेमा खानी तथा खनिजमाथि सम्पत्ति तथा विश्व शक्तिको बलमा कब्जा जमाएर नाफा कमाइरहेका थिए, ती सबैलाई राष्ट्रियकरण गर्ने पो हुन कि ? र, पाँचौँ तत्कालीन विश्वशक्ति सोभियत संघको पक्षमा लाइन लाग्ने पो हो कि ('रिमेम्बरिङ साल्भाडोर अलेन्डेज सोसिलिस्ट चिले, फिफ्टी इयर्स अन, दि वायर' सेप्टेम्बर ११, २०२३)।

चिलेमा राष्ट्रपति साल्भाडोर अलेन्डेको हत्यापछिको १५ वर्ष (१९७३-१९८८) मिलेटरी जुन्टाका प्रमुख अगस्तो पिनोचेको शासनमा विश्वमै सबैभन्दा ठूलो मानवअधिकारको हनन भएको थियो। मजदुर युनियन, प्राज्ञिक, कानुन व्यवसायी, विद्यार्थी, धेरै गिरफ्तार गरिए र थुनिए, कतिलाई गायब गरियो। राष्ट्रपति अलेन्डेको हत्यालगत्तै दुई हजार १३० को हत्या गरियो, ३० हजारभन्दा बढीलाई कडाभन्दा कडा शारीरिक सजाय दिइयो।

राष्ट्रपति अलेन्डेका चिफ अफ स्टाफका रूपमा काम गरेका बाल-बाल बाँचेका एरिएल डर्फम्यान लेख्छन्, 'त्यो देश, जहाँ अघिल्लो दिनसम्म सभा सम्मेलन, भाषण, संगठित हुने र अभिव्यक्तिको निर्बाध स्वतन्त्रता, संसद्मा स्वतन्त्रतापूर्वक बोल्ने र कारबाही गर्ने अधिकार, स्वतन्त्र न्यायपालिका र सेनाले राजनीतिमा कुनै पनि किसिमको हस्तक्षेप गर्न नपाइने संवैधानिक प्रावधान थियो, कु-देताको भोलिपल्टै सबै सकिए। हजारौँहजार तत्काल सेनाका सिकार भए। हजारौँलाई अकस्मात नजरबन्द (बन्दी बनाइयो) गरियो। लाखौँ शरणार्थीका रूपमा विदेश लखेटिए, लाखौँलाई थुनामा राखेर यातना दिइयो, हजारौँ बेपत्ता बनाइयो। हजारौँले जागिरबाट हात धुनुपऱ्यो। सामान्य यी मानिसको यसमा के गल्ती थियो ? राष्ट्रपति अलेन्डेको लगभग हजार दिनको शासनमा नागरिक भएर श्वासप्रश्वास लिएबापत ?, प्राकृतिक स्रोत साधनमाथि राष्ट्रको अधिकार भएबापत ?, आममानिसको हकमा स्वास्थ्य र शिक्षामाथिको हक कायम गर्दिै लगेको विषयलाई समर्थन गरेबापत ?, भूमिसुधारमार्फत सामाजिक न्याय तथा श्रम-उत्पाकत्व बृद्धि गरेबापत ?, बैंक तथा वित्तीय संस्थामा आममानिसको पहुँच स्थापना गर्दै लगिएको कुरालाई समर्थन गरेबापत ? ('फिफ्टी इयर्स आफ्टर दि अदर नाइन एलेभेन : रेमेम्बरिङ दि चिलियन कु' दि नेसन, सेप्टेम्बर ११, २०२३)। सन् १९७३-१९८८ सम्मको जर्नेल अगस्तो पिनोचेको कार्यकालमा दुई हजार १३० व्यक्ति मारिएका थिए, ३० हजारलाई थुनामा राखेर टर्चर दिइएको थियो।

०००

तीन वर्षभित्र अलेन्डे सरकारले सबैभन्दा पहिला भूमिसुधार लागू गऱ्यो। मुख्य ठूला उद्योग, खानी र खनिजहरूको राष्ट्रियकरण गऱ्यो र सर्वसाधारण जनताका लागि आवास (घर) बनाउने काम अगाडि बढायो। माथि उल्लेख गरिएझैँ शिक्षा र स्वास्थ्यको दायित्व राज्यले आफ्नो काँधमा लियो। बालबच्चा र महिलाको हक-अधिकार विशेष रूपमा स्थापित गऱ्यो।



साल्भाडोर अलेन्डे

राष्ट्रपति अलेन्डे भुइँ/जमिन टेकेका नेता थिए। उनी पेसाले मेडिकल डाक्टर थिए। उनी पेसागत रूपमा चिकित्सक हुँदा 'चिलियन हेल्थ कियर' शीर्षकमा एउटा किताब नै लेखेका थिए। उनी चिलियन कम्युनिस्ट पार्टीको सदस्य नरहे पनि त्यसको उनी भरपर्दो मित्र थिए र चिलियन श्रमजीवी मजदुरहरूको पक्षपोषण गर्थे। तर, सन् १९३० तिरै केही साथीहरू मिलेर चिलियन समाजवादी पार्टी गठन गरेका थिए। पार्टी गठन गरेपछि उनी बन्दरगाह सहर भलपराइसोको स्थानीय नेता बने। सिटी पार्लियामेन्टमा स्वास्थ्यमन्त्रीका रूपमा काम गरे। उनी करिस्म्याटिक नेता थिए, अत्यन्त ऊर्जावान्, आत्मविश्वासले भरिएका, अनुशासित आमजनतासँग भिजेका कुशल राजनीतिज्ञ थिए। उनी १९६० को दशकमा चिलेको सिनेटमा सदस्य चुनिए र त्यसको सभापति पनि भए। संसद्मा धेरैपटक चुनाव जिते। १९७० सम्मै संसद् सदस्य भइरहे। वामपन्थीहरूको गठबन्धनको नेताको हैसियतमा सन् १९५२, १९५८ तथा १९६४ मा राष्ट्रपतिमा चुनाव लडे, पछिल्लोपटक उनी थोरै मतले पराजित हुन पुगेका थिए। उनी यी हारहरूलाई सम्झिँदै आफैँमाथि जोक बनाएर भन्ने गर्थे, 'भविष्यको चिलेको राष्ट्रपति यता पल्टेको छ।' नभन्दै उनले सन् १९७० को निर्वाचनमा राष्ट्रपतिको चुनाव जिते। वास्तवमा उनी यस्ता राजनीतिक नेता थिए, जो हाम्रा नेताजस्तो आश्वासनको धरहरा मात्र खडा गर्दैनथे, वास्तविक रूपमै जनतासँग गरेका वाचा पूरा गर्न त्यसलाई असाध्य क्रियाशील बनेर योजनाबद्ध आकार दिन्थे। उदाहरणका लागि चिलेमा रहेका तमाम तामाखानीलाई राज्यको अधिकार क्षेत्रभित्र पार्न चिलेको संसद्मा एकमत बनाएर राष्ट्रियकरण गरेका थिए। शिक्षा र स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउन यी दुवै क्षेत्रलाई राज्यको दायित्वभित्र ल्याए। भूमिसुधार गरेर सर्वसाधारण गरिब किसानको हातमा जमिनको पहुँच पुऱ्याए (भिक्टर फिगेरुवा ९.११.२०२३, 'हाफ सेन्चुरी आफ्टर हिज डेथ, साल्भाडोर अलेन्डेज इज स्टिल प्रेजेन्ट अमोङ अस', ज्याकोविन)।

वामपन्थी खेमाका फ्रान्सेली दर्शनशास्त्री, पत्रकार र प्राज्ञ जुलिएस रेगिस देब्रेले साल्भाडोर अलेन्डेसँग राष्ट्रपति निर्वाचन भएलगत्तै एउटा अन्तर्वार्ता लिएका थिए। स्पेनिस र फ्रेन्च भाषामा छापिएको उक्त अन्तर्वार्ता सन् १९७१ मा 'न्यु लेफ्ट बुक'मा छापिएको थियो। सन्दर्भ पारेर ज्याकोविनले यसपटक साभार गरेको छ। वास्तवमा उनी आफ्नो विश्वासप्रति अटल थिए, जनताप्रति उनको कस्तो प्रतिबद्धता थियो भन्ने सुरुकै वार्तामा देखिन्छ। जस्तो एउटा उदाहरण हेरौँ :

रेगिस देब्रे : कमरेड प्रेसिडेन्ट, शक्तिमा पुगेपछि मान्छे बदलिँदो रहेछ ?

साल्भाडोर अलेन्डे : अच्छा रेगिस, जनताले मलाई पहिला 'कमरेड अलेन्डे' भनेर सम्बोधन गर्थे। अहिले कमरेड प्रेसिडेन्ट भन्छन्। वास्तमा म मेरो जिम्मेवारीप्रति अत्यन्त सजग छु।

रेगिस : राज्यको प्रमुख बनेपछि एउटा संघर्षशील समाजवादी बदलिँदो रहेछ ?

अलेन्डे : होइन, एउटा समाजवादी राज्यको प्रमुख (हेड अफ स्टेट) हुँदा पनि समाजवादी नै रहन्छ, तर उसको काम वास्तविकतासँग मेल खाने र समन्वयकारी भने अवश्य हुन जरुरी हुन्छ।

रेगिसले आफ्नो अन्तर्वार्ताका क्रममा उनको सैद्धान्तिक वैचारिक आधारबारे पनि प्रश्न गरेका छन्। जस्तो, रेगिस देब्रेले सोधे, 'कम्युनिस्ट नभएर तपाईं किन समाजवादी ?'

साल्भाडोर अलेन्डेले भने, 'हामीले जब समाजवादी गठन गर्‍यौँ, त्योभन्दा अगावै कम्युनिस्ट पार्टी अस्थित्वमा आइसकेको थियो। तर, हामीले चिलेको अवस्थाबारे विश्लेषण गर्‍यौँ, हामीलाई लाग्यो एउटा छुट्टै समाजवादी पार्टीको आवश्यकता छ। दर्शन र सिद्धान्तमा हामी कम्युनिस्ट दर्शन र सिद्धान्तभन्दा बाहिर छैनौँ। दुवैले मार्क्सवादी ऐतिहासिक व्याख्यालाई नै पछ्याउने हो। तर, यसको प्रकृति संकुचित भएर होइन, अन्तर्राष्ट्रिय रूपमा स्वतन्त्र हुन आवश्यक छ। त्यसको अर्थ अन्तर्राष्ट्रिय सर्वहारवादवाट अलग भन्ने कदापि होइन...।'

रेगिस : मैले के बुझेँ भने कुनै एक समय कुनै हदसम्म सेक्टरियनिजम हुन्छ भन्न खोजेको हो... ?'

अलेन्डे : हो, वास्तवमा कम्युनिस्ट पार्टी चरित्रगत हिसाबले संकुचित थियो, आफैँभित्र मात्र केलाउने जस्तो, र हामी उही विचार हुँदाहुँदै पनि बढी फराकिलो हुन चाहन्थ्यौँ, कसैको करकाप होइन, स्वतन्त्र हुन चाहन्थ्यौँ, हामी चिलेको समस्यालाई चिलिएयन आँखाबाट हेर्ने र त्यसअनुसार स्वतन्त्र ढंगले योजनाबद्ध कार्यान्वयन गर्न चाहन्थ्यौँ। कुनै अन्तर्राष्ट्रिय शक्ति वा उनीहरूले निर्धारण गरेको क्राइटेरियाभन्दा स्वतन्त्र हुन चाहन्थ्यौँ र अहिले पनि चाहन्छौँ।' उनले अन्तर्वार्ताका क्रममा लेनिनको भनाइ दोहोऱ्याउँदै भनेका थिए, 'क्रान्तिकारी विचार नभईकन क्रान्तिकारी क्रियाकलाप हुन सक्दैन। तर, म वास्तवमै काममा विश्वास गर्ने मान्छे हुँ।' त्यो अन्तर्वार्तामा उनको प्रतिबद्धता र उनको कम्युनिस्ट पार्टीसँगको सैद्धान्तिक वैचारिक भिन्नता कति थियो ? र, उनको पछिल्लो भनाइ कता लक्षित थियो भन्ने कुरा त राजनीतिको कखरा बुझ्नेले सहजै बुझ्छ, रेगिस देब्रेले नबुझ्ने त कुरै थिएन।

०००

तीन वर्षभित्र अलेन्डे सरकारले सबैभन्दा पहिला भूमिसुधार लागू गऱ्यो। मुख्य ठूला उद्योग, खानी र खनिजहरूको राष्ट्रियकरण गऱ्यो र सर्वसाधारण जनताका लागि आवास (घर) बनाउने काम अगाडि बढायो। माथि उल्लेख गरिएझैँ शिक्षा र स्वास्थ्यको दायित्व राज्यले आफ्नो काँधमा लियो। बालबच्चा र महिलाको हकअधिकार विशेष रूपमा स्थापित गऱ्यो। योजना निर्माण तथा कार्यान्वयनमा आमसहभागिता बढायो। असंलग्न परराष्ट्र नीति अवलम्बन गऱ्यो र दक्षिण अमेरिकन राज्यबीच आपसी सहयोग र सद्भाव बढाउने, एक-अर्कामा अहस्तक्षेप नीतिलाई जोड दिने घोषणा गऱ्यो। तर, दुर्भाग्यवश भन्नुपर्छ, सिनेटमा यी विषयमा सहमति जुट्न सकेन र समाज ध्रुवीकृत हुन पुग्यो। वासिंगटन डिसीबाट विचार र दाम पाएका विपक्षीहरूले आफ्ना कुरामा टसमस नहुने गरी हिंस्रक घटना बढाउँदै लान थाले (ज्याम्स दाउवेक (सेप्टेम्बर १०, २०२३), दि युएसस सेट दि स्टेज फर अ कुप इन चिले, इट ह्याड अनइन्टेन्डेड कन्सिक्वन्सेज एट होम, एन.पी.आर)।

> अलेन्डे राष्ट्रपति निर्वाचित भएकोमा अमेरिका खुसी थिएन। उनीहरूले अलेन्डेलाई बधाई पनि दिएनन्। अलेन्डे राष्ट्रपतिको कुर्सीमा बस्नुअघि नै अमेरिका उनलाई अपदस्थ गर्न चाहन्थ्यो। चुनावअघि नै सक्रिय रहेको सिआइएले पूर्वजर्नेल रोबर्टो भियाक्समार्फत कु गराउन पनि खोज्यो, तर त्यो बहालवाला जनरल रेनेस नाइडरका कारण कु असफल भयो।

वास्तवमा राष्ट्रपति अलेन्डेले सेप्टेम्बर १० कै दिन फौजी जुन्टा शक्ति हत्याउन लागिपरेको छ भन्ने कुरा थाहा पाएका थिए। किनकि चिलेका मुख्य बन्दरगाहमा जल सेनाले कब्जा गरिसकेको समाचार आइसकेको थियो। आवधिक रूपमा निर्वाचित सरकारलाई भविष्यमा हुने अर्को आवधिक निर्वाचनबाहेक कानुनतः राष्ट्रपतिलाई हटाउन सक्ने कुनै वैधानिक प्रावधान थिएन। तर, राष्ट्रपति अलेन्डे साम्राज्यवाद र फासीवादीहरू फौजी जुन्टालाई माध्यम बनाएर सत्ता हत्याउन उद्यत हुन सक्छन् भन्नेमा पनि सजग नै थिए।

अलेन्डे राष्ट्रपति निर्वाचित भएकोमा अमेरिका खुसी थिएन। उनीहरूले अलेन्डेलाई बधाई पनि दिएनन्। अलेन्डे राष्ट्रपतिको कुर्सीमा बस्नुअघि नै अमेरिका उनलाई अपदस्थ गर्न चाहन्थ्यो। चुनावअघि नै सक्रिय रहेको सिआइएले पूर्वजर्नेल रोबर्टो भियाक्समार्फत कु गराउन पनि खोजे, तर त्यो बहालवाला जनरल रेनेस नाइडरका कारण कु असफल भयो। तर, उनी गम्भीर रूपमा घाइते हुन पुगे। यसरी कुको सम्भावना टरेपछि अक्टोबर २४ मा नवनिर्वाचित राष्ट्रपतिलाई सिनेटले राष्ट्रपति पदमा १५३ का विरुद्ध ३५ मतले स्वीकार गऱ्यो। २५ तारिकको न्युयोर्क टाइम्सले पहिलो पृष्ठमै असन्तुष्टि जनाउँदै एउटा रिपोर्ट छाप्यो, जसको सार थियो- प्रेसिडेन्ट इलेक्टलर, उसको गठबन्धनले खानी र मुख्य उद्योगहरूको राष्ट्रियकरण गर्नेछ, बैंक तथा इन्स्योरेन्स कम्पनी र वैदेशिक व्यापारको जिम्मा राज्यलाई दिइनेछ, ...र निजी व्यक्ति र कम्पनीको अधीनस्थलाई भूमिसुधारका नाममा वितरण गर्नेछ।

राष्ट्रपतिमा इन्डोर्स पाएको भोलिपल्टै घाइते कमान्डर इनचिफ रेनेस नाइडरको देहावसान हुन पुग्यो। यसरी सुरुदेखि नै अमेरिका सत्तापलटका लागि तम्तयार भएको थियो। किन भन्ने तत्कालीन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनका नेसनल सेक्युरिटी एड्भाइजर रहेको हेनरी किसिन्जरले आफ्नो डायरी (जो पछि प्रकाशित भयो) मा यसरी उद्धृत गरेका छन्, 'अलेन्डे निर्वाचित भएपछि अमेरिकाको राष्ट्रिय हितमा चुनौती थपिएको छ। यो चाँडै क्युबा जस्तै भएर निस्कनेछ र चाँडै सोभियत संघसँग सम्बन्ध बनाउन अघि सर्नेछ (सेवेस्टायन एडवार्ड, सेप्टेम्बर ८, २०२३, 'चिलेज नाइन एलेभेन फिफ्टी इयर्स लेटर, प्रोजेक्स सिन्डिकेट')।' तर, किसिन्जर र निक्सन दुवै गलत थिए भन्ने कुरा रेगिस देब्रेसँगको वार्तालेे पनि पुष्टि गर्छ। अलेन्डे वास्तवमा चिले र सम्पूर्ण ल्याटिन अमेरिकी स्वतन्त्रताको पक्षपोषणमा खडा भएका थिए। त्यो हिसाबले उनी वासिंटन वा मस्को के रोज्ने भन्ने पक्षमै थिएनन्। उनी चिलेका आमजनता खासगरी महिला र बालबालिकाको पक्षमा सामाजिक, राजनीतिक सांस्कृतिक पहुँच विस्तार गरेर संसारमा चिलेको नाम रोशन गर्न चाहन्थे। त्यसका लागि चिले राजनीतिक र आर्थिक रूपमा सार्वभौम हुन जरुरी थियो (थोमस प्याले, सेप्टेम्बर ११, २०२३, मन्थ्ली रिभ्यु)।

०००

अलेन्डेका निमित्त समाजवादको अर्थ आर्थिक तथा राजनीतिक रूपमा सार्वभौम हुनु थियो। वास्तवमा उनी क्रान्तिकारी प्रजातन्त्रवादी थिए। राजनीतिक प्रजातन्त्रको अर्थ लोकप्रिय आन्दोलनभित्र या बाहिर दुवैमा बहुलवाद हो भन्ने मान्थे। र, लोकप्रिय आन्दोलन समाजवादी, कम्युनिस्ट, प्रजातन्त्रवादी, जन्ड सुधारवादी, क्रान्तिकारी, समाजवादीको भूमिकासहितको प्रजातन्त्र भन्ने उनको ठहर थियो र आर्थिक प्रजातन्त्र भन्नाले लोकतान्त्रिक वितरण थियो र सम्पूर्ण जनताको हितमा मुलुकभित्र रहेका खानी तथा खनिज वा उद्यमको उपयोगमा सबैले फाइदा प्राप्त गर्नुपर्छ भन्ने थियो। जसलाई मुलुकभित्रका सामन्त, नवसामन्त र बहुराष्ट्रिय कम्पनीहरूसँग जोडिएका बिचौलियाहरू मन पराउँदैनथे। साम्राज्यवादी शक्तिहरू कुनै एउटा तेस्रो विश्वको मुलुक आर्थिक र राजनीतिक रूपमा सार्वभौम हुँदा आफ्नो राष्ट्रिय हित हुन्न भन्ने ठान्थे र अहिले पनि ठान्छन्।

५० वर्षअघि चिलेमा भएको फौजी कु-देतामा राष्ट्रपति अलेन्डे र उनका सहयोगी मित्रहरू मात्र मारिएका थिएनन्, चिलियन जनतालाई मात्र सकस भएको थिएन, अमेरिकाको सिकागो विश्वविद्यालयको मिल्टन फ्राइडमेनको नेतृत्वमा रहेको सिकागो स्कुल अफ इकोनोमिक्सको नवउदारवादी प्रयोगशालाको मूल थलो बनाइएको थियो, अलेन्डे अपदस्थपछिको चिलेलाई। आज संसार त्यसैको सिकार भएको छ। गरिब र धनी देशहरूमाझ मात्र होइन, देशका जनताबीच पुर्ने नसकिने खाडल बनेको छ, जसबाट मुक्ति पाउन अहिले संसारका सबै मुलुक आआफ्नो ठाउँमा भिडिरहेका छन्।

५० वर्षपछि अलेन्डेको एउटा ठूलो सपना भने साकार भएको छ। आज सम्पूर्ण ल्याटिन अमेरिका संयुक्त राज्य अमेरिकाको साम्राज्यवादी हैकमलाई चुनौती दिँदै एक्काइसौँ शताब्दीको समाजवाद हुर्काउन तल्लीन छ। जसलाई आज 'पिंक कलर मुभमेन्ट' भनेर पनि चिनिन्छ। सन् २०१९ को चिलेमा भएको विद्रोहपछि समाजवादउन्मुख समाज निर्माण गर्न र नवउदारवादी पुँजीवादलाई परास्त गर्न ३५ वर्षीय युवा गाब्रियल बोरिकलाई चिलेका जनताले सत्ता सुम्पिएका छन्। उनले सेप्टेम्बर ११, २०२३ मै अलेन्डेको पदचाप पछ्याइरहेको बताएका थिए।

आर्थिक तथा सामाजिक न्याय, साँचो अर्थमा राजनीतिक स्वतन्त्रता र आर्थिक सामाजिक सार्वभौमिकता प्राप्त गर्न पुँजीवाद, फासीवाद र नाजीवाद तथा साम्राज्यवादका अगाडि घुँडा नटेकेका राष्ट्रपति अलेन्डे र ज्ञात-अज्ञात चिलेका सहिदहरू, लडाकुहरू र शान्तिपूर्ण आन्दोलन र विद्रोहबाट पनि समाजवाद हासिल गर्न सकिन्छ भनेर प्रयत्न गर्नेहरूप्रति हार्दिक श्रद्धासुमन ! प्रतिक्रान्तिको छाया सल्बलाइरहेको वर्तमान नेपालमा आफूलाई क्रान्तिकारी, कम्युनिस्ट, समाजवादी, सामाजिक जनवादी ठान्नेहरूले एकपटक चिले कू-देतापछि स्थापित भएको नवउदारवादी अँध्यारो त्रासदीलाई अध्ययन गर्दा राम्रै होला।

लासले सन्तान कुर्ने देश



कल्पना चिलुवाल
chiluwalkalpana@gmail.com

कविता

कहिले
आमाबाबाको लासले
परदेशिएको सन्तान कुर्छ

कहिले
परदेशिएको सन्तानको लास
आमाबाबुले कुर्छन्

लाग्छ, लास कुर्ने प्रतिस्पर्धामा
दौडिरहेछ मेरो देश

कतै रहरले
कतै सोखले
कतै बाध्यताले
कतै देखासेखीले
बग्दैबग्दै गइरहेछन्
होनाहार छोराछोरीहरू

सन्ताप छ
आमाबाबाको मनमा
सन्ताप छ
छोराछोरीको मनमा

बाँचुन्जेल मनले कुर्छ सन्तान
मरेपछि लासले कुर्छ सन्तान

सन्तान छन् उच्चपदस्थहरूका विदेशमा
सन्तान छन् मध्यम वर्गका विदेशमा
सन्तान छन् निम्नवर्गका विदेशमा

सबका सन्तान बढारेर लगिरहेछ
कतै सुविधाको कुचोले
कतै कमाइने दुई-चार पैसाले

यो कस्तो सिस्टम हो देश को ?

विदेशमा छन् सन्तान
स्वदेशमा आमाबाबु
कहिले सासले सन्तान कुर्छन्
कहिले लासले सन्तान कुर्छन्।

प्रेम-मध्याह्न



विश्व सिग्देल
sigbishwa@gmail.com

कविता

मैले
तिमीलाई हेर्दा पनि विचार पुऱ्याउनुपर्ने छ
तिमीलाई नहेर्दा पनि विचार पुऱ्याउनुपर्ने छ।

जसरी मैले
मेरो यौवनको प्रथम प्रहरमा
दिएको थिएँ तिमीलाई नाम
कुनै बहुमूल्य पत्थरको, कुनै मनोहर नक्षत्रको
कुनै सुगन्धित फूल/लता वा सङ्लो प्रपात भनेर
अनि बनाएको थिएँ आँखाको नानी
आज..
जीवनको यो घर्कंदो मध्याह्नमा
मैले विचार पुऱ्याउनुपर्ने छ
मैले दिएका नामहरू, रोजिदिएका उपमाहरू
नबनून् ती तिम्रा पाउजु नबनून्
बरु तिम्रा जुत्ता बन्न सकून्।

तिम्रो जीवनलाई बीसौँ वर्षपछाडि फर्काउन खोज्दा
मैले विचार पुऱ्याउनुपर्ने छ
कि मेरो स्पर्शको झोक्काले
तिम्रो - तिमी हुनुको अस्तित्वको परिधि नहल्लियोस्
र त्यो हल्केलाको गहिरा/खम्रा धर्साहरूमा
एउटा उत्सवको तरंग सुरु होस्
उड्नू एक एक तोप चराहरू
चाउरीले बुनिएका गुँडहरूबाट
हजारौँ सपना र सम्भावनालाई वास दिएको
तिम्रो काखको न्यानोपनमा समाहित हुन पाओस्
मेरो हजारौँ कोसको थकान...
फुल्दै गरेका केशको वसन्तले
थपिदेओस् हाम्रो जीवनमा अर्को नयाँ रङ।

यी यावत् कुराहरू
विचार पुऱ्याएर गरिएको मेरो प्रेम
तिमीलाई मन पर्ला/नपर्ला
योधरि मैले विचार पुऱ्याउनुपर्नेछ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ३० भदौ ०८०

उपभोक्ताको आकर्षण विद्युतीय गाडीमा

टाटा, एमजी, हुन्डाई, बिवाइडी, निटा, विलिङ, ग्रेटवाल, निसान, सिट्रोन, सेरेस, टेस्ला, किया, अउडी, बिएमडब्लूलगायत ब्रान्डका विद्युतीय गाडीले नेपाली बजार तताइरहेका वेला इन्धन गाडीका स्टलमा देखिएन आकर्षण

नवीन अर्याल/नयाँ पत्रिका

काठमाडौंको भृकुटीमण्डपमा जारी 'नाडा अटो सो'मा विद्युतीय र पेट्रोल तथा डिजेलबाट चल्ने गाडी प्रदर्शनीमा राखिएको छ। तर, आइसी अर्थात् पेट्रोल तथा डिजेल इन्जिन गाडीका स्टलमा दर्शक त्यति देखिँदैनन्। तर, कोभिड महामारी तथा आन्तरिक तथा बाह्य कारणले सुस्ताएको नेपालको अटो मोबाइल बजारमा फेरि चहलपहल बढेको ब्याट्रीबाट चल्ने विद्युतीय गाडीका स्टलमा देखिएको भिडले दर्साएको छ। अटो सो हेर्दा देशमा 'विद्युतीय गाडीको युग' सुरु भएको प्रस्ट हुन्छ।

अटो सोमा एमजी, बिवाइडी, टाटा, हुन्डाई, सेरेस, ग्रेटवाल, सिट्रोन, निटा, मेक्सस, विलिङ ब्रान्डका विद्युतीय कार प्रदर्शनीमा छन्। यस्तै, आधा दर्जनभन्दा बढी विद्युतीय भ्यान ब्रान्ड पनि अटो सोमा छन्। टेस्ला, अउडी, बिएमडब्लूलगायत ब्रान्डका विद्युतीय कार नेपाली बजारमा भित्रिसके पनि अटो सोमा भने छैनन्। हुन्डाई, महिन्द्रा, सुजुकी, फोर्ड, कियालगायत सीमित ब्रान्डका पेट्रोल, डिजेलबाट चल्ने कार प्रदर्शनीमा राखिएका छन्।

नेपालमा कोभिडपछि पेट्रोलियम पदार्थबाट चल्ने गाडीको बिक्री घटेको छ। कमर्सियल गाडीको बिक्री ८० प्रतिशतसम्म घटेको नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालले जनाएको छ। विद्युतीय कारमा उपभोक्ताको आकर्षण उत्साहजक रूपमा बढेको नाडाका अध्यक्ष ध्रुव थापा बताउँछन्। आइसी इन्जिन गाडीको बिक्री घट्दा विद्युतीय कारको बिक्री भने बढ्दो ट्रेन्डमा छ।

■ बिवाइडी : अटो थ्री, इसिक्स, डल्फिन, सिल

बिवाइडीको अटो सोमा चारवटा मोडल अटो थ्री, इसिक्स, डल्फिन र सिल प्रदर्शनमा राखिएको छ। डल्फिन सबैभन्दा सस्तो र सिल प्रिमियम कार हो। जसमध्ये अटो थ्री सर्वाधिक लोकप्रिय छ। अटो थ्री एडभान्समा ४९.९२ किलोवाटको ब्याट्री, १०० किलोवाटको मोटर रहेको छ। यसको मूल्य ५५ लाख ९९ हजार रुपैयाँ छ। यस्तै, सुपेरियरमा ६०.४८ किलोवाटको ब्याट्री र १०० किलोवाट मोटरपावर छ। यस मोडलको मूल्य ६५ लाख ८८ हजार रुपैयाँ रहेको छ।

बिवाइडीको अल न्यु इ-सिक्सको लङ रेन्जमा ७१.७ किलोवाटको ब्याट्री, ७० किलोवाटको मोटरपावर रहेको छ। फुलचार्जमा पाँच सय २२ किमि माइलेज दिने भनिएको यस मोडलको मूल्य ५९ लाख रुपैयाँ छ। हालै लन्च गरिएको डल्फिनमा ७० किलोवाटको मोटर र ४४.९ किलोवाट आवरको ब्याट्री प्याक छ, जसको मूल्य ३९ लाख ८० हजार रुपैयाँ छ।

■ टाटा : नेक्सन, टिगोर, एक्सप्रेस-टी र टियागो

टाटाका नेक्सन, टिगोर, एक्सप्रेस-टी र टियागो गरी चारवटा विद्युतीय कार बजारमा आइसकेका छन्। कम्प्याक्ट एसयुभी नेक्सन इभी सर्वाधिक रोजाइमा पर्छ। नेक्सन इभी म्याक्सको मूल्य ४९ लाख रुपैयाँ रहेको छ। यस्तै, टाटाकै २६ किलोवाट ब्याट्री र ५५ किलोवाट मोटर भएको टिगोरको मूल्य ३४ लाख रुपैयाँ छ। टाटाले नाडा अटो सोमा टियागो इभी सार्वजनिक गरेको छ, जसलाई हेर्न दर्शकको भिड छ। विभिन्न पाँच भेरियन्टमा उपलब्ध टियागो इभीको मूल्य २२ लाखदेखि २८ लाख रुपैयाँसम्म तोकिएको छ। सेडान एक्सप्रेस-टी विद्युतीय ट्याक्सीका रूपमा प्रयोग भइरहेको छ।

■ एमजी : जेडएस, एमजी फोर र कोमेट

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नाडामा एमजीको एमजी जेडएस, एमजी फोर, एमजी कोमेट प्रदर्शनीमा छन्। एमजी फोर र कोमेट हालै नाडालाई लक्षित गरेर सार्वजनिक गरिएको हो। अहिले एमजी जेडएस इभीमा ५१ किलोवाट आवरको ब्याट्री प्याक र ९९ किलोवाटको मोटर रहेको छ। जसको मूल्य ५३ लाख रुपैयाँ छ। एमजी जेडएसका अरू भेरियन्ट पनि छन्। एमजी लङ रेन्जको मूल्य ७२ लाख रुपैयाँ रहेको छ।

एमजी फोर कम्फर्ट र लक्जरी गरी दुई भेरियन्टमा उपलब्ध छ। कम्फर्टमा ५१ किलोवाट आवरको ब्याट्री प्याक र ९९ किलोवटाको मोटरजडित छ। यसको सुरुवाती मूल्य ४१ लाख ४९ हजार रुपैयाँ रहेको छ। यस्तै एमजी फोर लक्जरीमा ६४ किलोवाट आवरको ब्याट्री र एक सय ५० किलोवाटको मोटरपावर छ। यसको मूल्य ५९ लाख रुपैयाँ रहेको छ। एमजीको मिनी इभी कोमेट पनि सार्वजनिक गर्ने बताइएको छ। यसमा १७.३ किलोवाट आवरको ब्याट्री र ३१.२६ किलोवाटको मोटर छ। यो पनि प्ले र पेस गरी दुई भेरियन्टमा छ। नेपाली बजारमा कोमेटको सुरुवाती मूल्य १८ लाख रुपैयाँ तोकिएको छ।



■ हुन्डाई : कोना, आयोनिक फाइभ

नाडा अटो सोमा हुन्डाईले कोना इभी प्रदर्शनीमा राखेको छ। र, अरू आइसी इन्जिन गाडी प्रदर्शनीमा देखिन्छन्। दुई भेरियन्टमा उपलब्ध सय किलोवाट मोटरपावर भएको कोनाको मूल्य ६२ लाख र ६५ लाख रुपैयाँ रहेको छ। एक सय २५ किलोवाट मोटरपावर भएको आयोनिक फाइभको मूल्य एक करोड दुई लाख ९६ हजार रुपैयाँ तोकिएको छ।

■ सिट्रोन : सी थ्री

नाडामा सिट्रोनको सी थ्री इभी प्रदर्शनीमा राखिएको छ। तुलनात्मक रूपमा कम मूल्यको गाडीले उपभोक्ताको पनि ध्यान तानेको छ। दुई भेरियन्टमा उपलब्ध सिट्रोनको मूल्य ३३ लाख र ३५ लाख रुपैयाँ रहेको छ।

■ निटा : भी, एस, जिटी, यू

अटो सोमा निटाका चारवटा मोडल प्रदर्शनीमा राखिएको छ। प्रदर्शनीमा सबैभन्दा बढी भिडभाड निटाको स्टलमा देखिन्छ। निटा भी, निटा एस, निटा जिटी र निटा यू गरी चारवटा भेरियन्ट प्रदर्शनीमा राखिएको छ। दर्शकको सबैभन्दा बढी चासो नेटा जिटी र नेटा एसमा देखिन्छ। प्रिमियम सेगमेन्टका यी दुवै मोडल मेलामा अहिले प्रदर्शनमा मात्र राखिएको हो। अहिले बजारमा निटा भी उपलब्ध छ। ३८.५४ किलोवाट आवरको ब्याट्री प्याक र ७० किलोवाटको मोटर रहेको निटा भीको मूल्य ३९ लाख रुपैयाँ रहेको छ।

■ निसान : लिफ

अटो मेलामा निसान लिफ इभी प्रदर्शनीमा राखिएको छ। अरू चारवटा मोडल आइसी इन्जिनवाला कार हुन्। निसानका अरू कारमा भन्दा लिफ इभीमा बढी दर्शक तानिएका छन्। ४० किलोवाट आवरको ब्याट्री प्याक र ११० किलोवाट आवरको मोटरपावर रहेको लिफको मूल्य ६५ लाख रुपैयाँ छ।

■ सेरेस : सेरेस थ्री र मिनी इभी

नाडामा सेरेसले सेरेस थ्री र मिनी इभी प्रदर्शनीमा राखेको छ। सेरेस थ्री कम्फर्ट र प्रिमियम गरी दुई भेरियन्टमा र मिनी इभी तीनवटा भेरियन्टमा उपलब्ध छ। सेरेसको स्टलमा उपभोक्ताको बाक्लै भिड लागेको देखिन्छ। मिनी इभीको मूल्य १४ लाखदेखि १८ लाख रुपैयाँसम्म रहेको छ। सेरेस थ्री कम्फर्टको ५० लाख र प्रिमियमको ५३ लाख रुपैयाँ छ।

■ ग्रेटवाल : ओरा थ्री इभी

ग्रेटवाल मोटरको विद्युतीय कार ओरा थ्री अटो सोमा राखिएको छ। ग्रेटवालका आइसी इन्जिन गाडीले भन्दा उपभोक्ताको ध्यान ओरा थ्रीले खिचेको देखिन्छ। ९९ किलोवाट मोटरपावर रहेको ओराले फुल चार्जमा चार सय किलोमिटर माइलेज दिने दाबी गरिएको छ। यो गाडीको मूल्य ४७ लाख ४९ हजार रुपैयाँ रहेको छ।

■ मेक्सस : मिफा-९

नाडा अटो सोमा मेक्सस ब्रान्डको मिफा-९ इभी प्रदर्शनीमा राखिएको छ। प्रिमियम सेगमेन्टको यस गाडीको मूल्य एक करोड ४० लाख रुपैयाँ रहेको छ। तीन ड्राइभ मोड, सेभेन सिटर र फुल चार्जमा ५२० किलोमिटर माइलेज दिने भनिएको मिफा नाडामा राखिएको महँगोमध्येको इभी हो। यसमा ९० किलोवाट आवरको ब्याट्री प्याक रहेको बताइएको छ।

■ इभीमा चार्जर उपहार
इन्धन गाडीमा नगद छुट

नाडा अटो सोमा विद्युतीय गाडीमा नगद छुट दिइएको छैन। तर, इभी बुकिङ गर्दा कतिपय कम्पनीले चार्जर निःशुल्क, रोड ट्याक्सदेखि इन्स्योरेन्ससम्म तिरिदिने अफर ल्याएका छन्। आइसी इन्जिन गाडीमा भने नगद छुट नै उपलब्ध गराइएको छ। महिन्द्राले गाडीको मोडल हेरीकन एक लाखदेखि पाँच लाखसम्म नगद छुट दिएको छ।

ग्रेटवालको ओरा इभीमा सात किलोवाटको चार्जर र एक वर्षको इन्स्योरेन्स अफर ल्याइएको छ। सिट्रोनले नाडामा गाडी बुकिङ गर्नेलाई एक वर्षको इन्स्योरेन्स र रोड ट्याक्स तिरिदिने योजना ल्याएको जनाएको छ। निटा भी खरिद गर्नेले फ्रिज, टिभीलगायत होमअप्लायन्स प्राप्त गर्नेछन्। मारुतीले नाडामा एक लाखसम्मको स्क्र्याच कुपनमार्फत छुट दिने अफर ल्याएको छ। कियाले नाडामै लन्च गरेको स्पोर्टेज कारमा तीन लाखसम्म डिस्काउन्ट, सेल्टोसमा एक लाख र सोनेटमा ५० हजार छुट दिइरहेको छ। एमजीले जेडएस इभीमा सात किलोवाटको चार्जर, एक वर्षको इन्स्योरेन्स र एउटा टायर उपलब्ध गराएको छ।

■ ९.९९ प्रतिशतमै अटो लोन

नबिलले पाँच वर्ष अवधिका लागि १०.४९ प्रतिशत र सात वर्षका लागि १०.९९ प्रतिशत ब्याजदरमा अटो लोन उपलब्ध गराएको छ। ग्लोबल आइएमई बैंकले व्यक्तिगत रूपमा विद्युतीय गाडी किन्नेलाई १०.४९ प्रतिशत, इन्धनबाट चल्ने गाडीमा १०.९९ प्रतिशत ब्याजदरमा अटोकर्जा दिइरहेको छ। तर, कमर्सियल प्रयोजनका लागि खरिद गरिने विद्युतीय गाडीमा ११.४९ प्रतिशत र इन्धन गाडीमा १२.४९ प्रतिशत ब्याजदर तोकेको बैंकले जनाएको छ।

प्रभु बैंकले हुन्डाई ब्रान्डको विद्युतीय गाडी खरिद गर्नेलाई ९.९९ प्रतिशत ब्याजदरमै अटोकर्जा उपलब्ध गराएको छ। अन्य ब्रान्डका विद्युतीय गाडीमा बेस रेटमको १ प्रतिशत प्रिमियम जोडेर अटोकर्जा दिएको छ। हिमालयन बैंकले विद्युतीय गाडी खरिद गर्नेका लागि बेस रेटमा १.१२ प्रतिशत प्रिमियम थपेर आठ वर्षको फिक्स रेटको अटो लोन दिएको छ। यस्तै, सानिमा बैंकले १०.९९ प्रतिशतमा सात वर्षसम्मको फिक्स दरको अटो लोन दिँदा लक्ष्मी सनराइजले विद्युतीय गाडी खरिद गर्नेलाई बेस रेटमा एक प्रतिशत र इन्धन गाडी खरिद गर्नेलाई बेस रेटमा १.५ प्रतिशत मात्रै प्रिमियम थपेर कर्जा दिएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २०१६ असार २४

स्वर्गारोहण
वि.सं. २०८० भदौ १९

स्व. रवीन्द्र के.सी.

हाम्रा प्रियः स्मरणीय **श्री रवीन्द्र के.सी.**को असामयिक स्वर्गारोहण भएकोमा अत्यन्त मर्माहत भएका छौं । आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद घडीमा परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवान्‌ले प्रदान गरुन् भन्दै शोकसन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

जेठीसासू : इन्दिरा पाण्डे

सादुदाइ/दिज्यू
मुकुन्दकुमार कार्की/रुचि कार्की

सादुभाइ/साली
डा. प्रकाशजंग रायमाझी/श्री रायमाझी

साला/बहिनी
ज्योतिप्रकाश पाण्डे/निरु दाहाल पाण्डे
किरणप्रकाश पाण्डे/उषा पाण्डे
कन्चनप्रकाश पाण्डे/मन्दिरा पाण्डे
दीपप्रकाश पाण्डे/संचिता स्वाँर पाण्डे

भतिजा/भतिजी
डा. अकिनजंग रायमाझी
आयुष कार्की
डा. सुरज अधिकारी/डा. शमा पाण्डे
अल्वाना रायमाझी
डा. सागरिका पाण्डे
ई. अर्पण कार्की
जैसलप्रकाश पाण्डे
एकता पाण्डे
दीपंकरप्रकाश पाण्डे
नेहा पाण्डे
कनिष्कप्रकाश पाण्डे
अर्भनप्रकाश पाण्डे

भारत बंगलादेशसँग स्तब्ध

सर्वाधिक ६ पटकको च्याम्पियन भारतलाई सुपर फोरको अन्तिम खेलमा बंगलादेशले ६ रनले हरायो

कोलम्बो/ एसिसी एसिया कपअन्तर्गत सुपर फोरको अन्तिम खेलमा भारत बंगलादेशसँग स्तब्ध भएको छ। शुक्रबार राति कोलम्बोमा सम्पन्न खेलमा भारत ६ रनले पराजित भएको हो। अब, आइतबार हुने फाइनल खेलमा भारतले श्रीलंकाको सामना गर्नेछ। बंगलादेशले प्रस्तुत गरेको दुई सय ६६ रनको लक्ष्य पछ्याएको भारत ४९.९ ओभरमा सबै विकेट गुमाउँदा एक सय ५९ रनमा समेटिएको थियो। भारतका लागि सुभमन गिलले शतक बनाए पनि टोलीलाई जित दिलाउन सकेनन्। गिलले एक सय २१ रन बनाएका थिए। अक्षर पटेलले ४२ रन बनाउँदा अन्य ब्याट्समान्यले बलियो साझेदारी गर्न सकेनन्। बंगलादेशका मुस्तफिजुर रहमानले सर्वाधिक तीन विकेट लिएका थिए। यसअघि टस हारेर ब्याटिङ गरेको बंगलादेशले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै दुई सय ६५ रन बनाएको थियो। भारतविरुद्ध बंगलादेशका कप्तान सकिब अल हसनले ८० र तोबहिद हृदोयले ५४ रन बनाएका थिए। नसुम अहमदेले ४४ रन बनाए। सकिब र हृदोयले एक सय एक रनको साझेदारी गरेका थिए।

नेपालविरुद्ध रोहित शर्मा, विराट कोहली, हार्दिक पांड्या, कुलदीप यादव, मोहम्मद सिराजजस्ता चर्चित खेलाडीलाई मैदान उतारेको भारतले बंगलादेशविरुद्ध भने जसप्रीत बुमराहसँगै रोहित, विराट, हार्दिक, कुलदीप र सिराजलाई विश्राम दिएको थियो। उनीहरूको स्थानमा तिलक बर्मा, सूर्यकुमार यादव, मोहम्मद सामी, शार्दुल ठाकुर र प्रसिद्ध कृष्णालाई मौका दिएको हो। सूर्यकुमारको एसिया कप २०२३ मा पहिलो खेल हो। तिलकले डेब्यु गरेका छन्।

● उपाधिका लागि भारत र श्रीलंका भोलि भिड्ने

उपाधिका लागि आइतबार भारत र श्रीलंकाबीच प्रतिस्पर्धा हुने भएको छ। सुपर फोरमा भारत शीर्षस्थानमा रहँदै र श्रीलंका दोस्रो भएर फाइनलमा स्थान बनाएका हुन्। समान चार अंक भए पनि नेटरनरेटका आधारमा भारत शीर्षस्थानमा रहेको हो। यसअघि बिहीबार अन्तिम बलमा पाकिस्तानमाथि दुई विकेटको रोमाञ्चक जित निकाल्दै घरेलु टोली श्रीलंका एसिया कपको फाइनलमा प्रवेश गरेको छ। कोलम्बोस्थित प्रेमादाशा क्रिकेट रंगशालामा पाकिस्तानले प्रस्तुत गरेको दुई सय ५२ रनको विजयी लक्ष्य श्रीलंकाले अन्तिम बलमा आठ विकेट गुमाउँदै भेट्टाएको हो। श्रीलंकाका कुशल मेन्डिसले ८७ बलमा ८ चौका र १ छक्कासहित सर्वाधिक ९१ रनको योगदान गरेका थिए। अन्तिम बलमा नायम बनेका चरिथले ४७ बलमा तीन चौका र एक छक्कासहित अविजित ४९ रन बनाउन सफल रहे। सदिरा समाराविक्रमले ४८, पाथुम निसंका २९ र कुशल परेराले १७ रनमा बनाए। तेस्रो विकेटका लागि सदिरा र कुशलले एक सय रनको साझेदारी गरेका हुन्। पाकिस्तानका इफ्तिखर अहमदले तीन विकेट लिएका थिए।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको पाकिस्तानले निर्धारित ४२ ओभरमा सात विकेट गुमाउँदै दुई सय ५२ रन बनाएको थियो। वर्षा भएपछि ४२ ओभरमा झारिएको खेलमा पाकिस्तानका मोहम्मद रिजवानले अविजित ८६ रन बनाएका थिए। अब्दुल्लाह सफिकले ५२, इफ्तिखर अहमदले ४७, कप्तान बाबर आजमले २९ र मोहम्मद नवाजले १२ रन बनाएका हुन्। छैटौं विकेटका लागि रिजवान र अहमदले एक सय आठ तथा दोस्रो विकेटका लागि सफिक र आजमले ६४ रनको बलियो दुई साझेदारी गरेका थिए।



भारतका इसान किसनलाई आउट गरेपछि खुसीयाली मनाउँदै बंगलादेशका खेलाडी

● भारतविरुद्ध पाकिस्तान र श्रीलंका कमजोर

फाइनल प्रतिद्वन्द्वी श्रीलंकाले पनि सुपर फोरमा भारतलाई कडा चुनौती दिन सकेन। भारतविरुद्ध श्रीलंका एक सय ७२ मा समेटिएको थियो। दुई सय १४ रनको लक्ष्य पछ्याएको श्रीलंका ४१.३ ओभरमै अलआउट भएको थियो। श्रीलंकाका कुनै पनि खेलाडीले अर्धशतक बनाउन सकेनन्। दुनिथ वेलालागेले ४२ र धनञ्जय डी सिल्भाले ४१ रनको योगदान गरेका थिए। ओपनर र मध्यक्रमका ब्याट्समान्यले कमजोर प्रदर्शन गर्दा श्रीलंका सस्तैमा समेटिएको थियो। श्रीलंकाविरुद्ध कप्तान रोहित शर्माले ५३ रन बनाए।

यता पाकिस्तानले पनि भारतविरुद्ध राम्रो रन बनाउन सकेन। समूह 'ए'को खेलमा भारत र पाकिस्तानबीचको खेल पहिलो इनिङ्सपछि हुनै सकेन। वर्षाले प्रभावित हुँदा दुवै टोलीले अंक बाँडेका थिए। दोस्रो प्रतिस्पर्धामा भारतले तीन सय ५६ रन बनाउँदा पाकिस्तानले मात्र एक सय १८ रन बनाएको थियो। खेलमा भारत दुई सय २८ रनको विशाल जित निकाल्न सफल भयो। भारतविरुद्ध पाकिस्तानका अघा सलमान र इफ्तिकर अहमेदले सर्वाधिक २३ रन बनाएका थिए। कुनै पनि खेलाडीले ठूलो साझेदारी गर्न नसक्दा पाकिस्तान लज्जास्पद हार व्यहोर्न पुग्यो। पाकिस्तानलाई सस्तैमा समेट्न कुलदीप यादवले सर्वाधिक पाँच विकेट लिएका थिए। आठ ओभर बलिङ गरेका कुलदीपले २५ रन मात्रै खर्च गरेका हुन्।



पाकिस्तानविरुद्ध भारतका विराट कोहली र केएल राहुलले अविजित दुई सय ३३ रनको साझेदारी गरेका थिए। कोहलीले एक सय २० तथा राहुलले एक सय ११ रन बनाएपछि भारत बलियो स्कोर बनाउन सफल भएको थियो। यसैगरी, कप्तान रोहित र सुभमन गिलले पहिलो विकेटका लागि एक सय २१ रनको साझेदारी गरेका थिए। रोहितले ५६ र गिलले ५८ रन बनाएका थिए।

खेल संक्षेप

गोल्डेनगेटको तीनै टोली प्रिक्वार्टरफाइनलमा

काठमाडौं/ गोल्डेनगेटको 'ए', 'बी' र 'सी' तीनै टोली नेबा प्लस टु थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको पुरुषतर्फ शुक्रबार प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्। गोल्डेनगेटसँगै जेभियर इन्टरनेसनल र सिसिआरसीको 'ए' र 'बी' टोली तथा नामी, क्याम्पियन, ओमेगा 'ए', जेम्स, ट्रिनिटी, प्रिमियर, ट्रिटन, ग्रिनफिल्ड र मनास्लु वर्ल्ड कलेज पनि प्रिक्वार्टरफाइनलमा स्थान सुरक्षित गर्न सफल रहे। नेपाल बास्केटबल संघको आयोजनामा त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को सेमी कभर्डहलमा भइरहेको प्रतियोगिताको महिलातर्फ रातो बंगला, नामी, इन्साइट भिजन, एस, जेभियर इन्टरनेसनल 'बी', गोल्डेनगेट, जेम्स 'बी' र साइपाल एकेडेमी क्वाटरफाइनलमा पुगेका छन्। प्रतियोगिताको नेपाल बास्केटबल संघका कार्यवाहक अध्यक्ष भीमसिंह गुरुङले एक कार्यक्रमबीच उद्घाटन गरे। लिनिङ अफिसियल पार्टनर रहेको प्रतियोगिताको पुरुषतर्फ ३२ तथा महिलातर्फ १३ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरिरहेका छन्।

स्कोरलर्स होम र गोल्डेनपिक विजयी

काठमाडौं/ स्कोरलर्स होम र गोल्डेनपिकले १७औँ क्विक्स-ग्रिनल्यान्ड अन्तर्विद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ शुक्रबार जित हात पारेका छन्। धापासीस्थित आयोजक ग्रिनल्यान्डको कोर्टमा स्कोरलर्स होमले वेदव्यासलाई ३७-२३ ले पराजित गरेको हो। स्कोरलर्स होमको जितमा महेन्द्र पोखरेलले १४ अंक योगदान गरेका थिए। सुबिन तामाङको १५ अंक सहयोगमा गोल्डेनपिकले क्यान्भासलाई ४७-२७ ले हराए। सोही स्पर्धामा आयोजक ग्रिनल्यान्डले इन्साइट भिजनलाई ४२-३२ ले पाखा लगायो। विजयी टिमका निम्ति सुरेश विसीले १६ स्कोर गरेका थिए। महिलातर्फ ल्यान्डमार्कले एन्जल्स हार्टमाथि १३-७ को जित दर्ता गऱ्यो। ल्यान्डमार्ककी सगुन देवकोटाले ६ अंक जोडिन्।

सुबिन र शुभश्रीलाई स्वर्ण

काठमाडौं/ सुबिन क्षेत्री र शुभश्री श्रेष्ठले दोस्रो कल्याणराज पाण्डे राष्ट्रिय जुनियर टेबलटेनिस प्रतियोगितामा शुक्रबार स्वर्ण पदक जितेका छन्। दुवैले क्याडेट सिंगल्समा स्वर्ण पदक जितेका हुन्। अखिल नेपाल टेबलटेनिस संघद्वारा आयोजित प्रतियोगिताको पुरुषतर्फ फाइनलमा सुबिनले सार्थक मानन्धरलाई १२-१०, ११-९, ३-११, ६-११ र ११-७ को सेटमा पराजित गरे। सुजल आचार्य र रिजन शाक्य तेस्रो भए। लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको प्रतियोगिताको महिला फाइनलमा शुभश्रीले क्यारिना सुवाललाई ९-११, ११-७, ८-११, ११-८ र ११-८ को सेटमा हराइन्। महिमा महता र अंकित बज्राचार्य तेस्रो स्थानमा रहेका छन्।

सुभांगी पहिलो

काठमाडौं/ नेपाल प्रहरीकी सुभांगी श्रेष्ठले ११औँ कोरियन एम्बासडर खुला अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा शुक्रबार स्वर्ण पदक जितेकी छिन्। नेपालस्थित दक्षिण कोरियाली दूतावास र नेपाल तेक्वान्दो संघको संयुक्त आयोजनामा भइरहेको प्रतियोगिताको जुनियर महिला ५९ केजीमुनि फाइनलमा सुभांगीले राजदेवी तेक्वान्दोकी प्रज्ञा परियारलाई पराजित गरिन्। सिनियर महिला ५४ केजीमुनि प्रहरीकी सीता तामाङ, जुनियर महिला ४४ केजीमुनि लैनचौर तेक्वान्दोकी लेग्डेन साङ्मो तामाङ तथा महिल र जुनियर महिला ६३ केजीमुनि ममता रिजालले पहिलो स्थान हात पारे। जुनियर पुरुष ४५ केजीमुनि सुप्रिम बजगाईं शीर्ष स्थानमा रहे।

■ एन्फा विवाद

अध्यक्ष र महासचिव बर्खास्तगीको प्रस्ताव अनुशासन समितिमा



फाइल तस्बिर

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)को नेतृत्वले आफूविरुद्ध परेको बर्खास्तगीको प्रस्ताव दर्ता अनुशासन समितिलाई पठाएको छ। गत सोमबार असन्तुष्ट सहित स्मारक लिगमा ३२ क्लबसहित जिल्ला र प्रदेशका ४९ बहुमत सदस्यले एन्फा अध्यक्ष पंकजविक्रम नेम्बाङ र महासचिव किरण राईविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएका थिए। नेतृत्वले आफूलाई पेलेर लगेको भन्दै पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पा, पूर्वमहासचिव इन्द्रमान तुलाधरसहितको टोलीले वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कालाई पत्र बुझाएका थिए। त्यसअघि बिहान असन्तुष्ट सदस्यले मेलमार्फत पनि अविश्वासको प्रस्ताव दर्ता गराएका हुन्। संकटा क्लबमा अध्यक्ष तुलाधरले इमलेमार्फत पत्र पठाएसँगै अध्यक्ष र महासचिव निलम्बनमा रहेको र पदीय हैसियतमा कुनै कामकाज गर्न नमिल्ने बताएका थिए। यद्यपि, महासचिव राईले नयाँ पत्रिकासँग बोल्दै ४९ सदस्यले निवेदन मात्र दर्ता गरेको र एन्फा कार्यसमितिलाई मात्र अविश्वास प्रस्ताव अगाडि बढाउने वैधानिकता रहेको बताएका थिए। एन्फाले क्लबहरूलाई जानकारी गराएको पत्रमा भनिएको छ, 'दर्ता नं २२२ रहेको निवेदन अखिल नेपाल फुटबल संघमा प्राप्त हुन आएको विशेष साधारणसभा सम्बन्धमा उक्त निवेदनउपर छलफल गर्न तथा प्रक्रियालाई अगाडि बढाउन सो निवेदन एन्फा अनुशासन समितिमा पठाएको व्यहोरा अवगत गराउँछु,' महासचिव राईले हस्ताक्षर गरेको पत्रमा भनिएको छ।

वैधानिकता परीक्षणका लागि पठाएका हौं : राई

एन्फा महासचिव राईले अविश्वास प्रस्तावमाथि वैधानिकता परीक्षण गर्न पत्र अनुशासन समितिमा पठाएको नयाँ पत्रिकालाई बताएका छन्। 'सदस्यज्यूहरूले पठाउनुभएको पत्र विधानअनुसार भए-नभएको पत्ता लगाउन अनुशासन कमिटीमा पठाएका हौं। अनुशासन कमिटीबाट आएपछि थप कारबाही हुनेछ,' राईले भनेका छन्। यता, क्लबहरूले भने नेतृत्वले साधारणसभा बोलाउन ढिलो गर्न खोजेको आरोप लगाएका छन्। 'यो सबै प्रक्रिया लम्ब्याउन भनेर गरिएको कार्य हो। यसले झनै घटनालाई गम्भीर बनाउँछ,' हिमालयन शेर्पाका अध्यक्ष शेर्पाले भने। यसअघि साधारणसभा भर्चुअल बोलाएपछि एन्फाको विवाद पुनः सतहमा आएको थियो। एन्फाले आफूखुसी अडिटर नियुक्त गर्न खोजपछि आफूहरूले भौतिक उपस्थिति माग गरेको असन्तुष्ट पक्षले बताउँदै आएका छन्। गत आइतबार र सोमबार दुई दिन राखिएको एन्फाको साधारणसभा गणपूरक संख्या कम भएको भन्दै दुवैपटक स्थगित भएको थियो।

महानगरले क्रिकेट संरचनामा हातेमालो गर्ने

नयाँ पत्रिका

काठमाडौं महानगरपालिका र बागमती प्रदेश क्रिकेट संघबीच क्रिकेट संरचना विकासका लागि सम्झौता गरेको छ। काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साह (बालेन) र नवनियुक्त बागमती प्रदेशका अध्यक्ष पारस खड्काबीच सम्झौता भएको हो। महानगरले बागमती प्रदेशको प्राविधिक सहयोगमा वडाको विद्यालयमा नेट अभ्यास र प्रशिक्षकको स्तरवृद्धि कार्यक्रम अघि सारेको हो। महानगरले 'आईसिसी लेभल ओ' क्रिकेट प्रशिक्षक विकास कार्यक्रम सुरु गर्ने बताएको छ। जहाँ ५० भन्दा बढी प्रशिक्षकलाई तालिम दिने बताइएको छ।

कार्यक्रम पाँच दिनको हुनेछ। 'बागमती प्रदेशभित्र लेबल १ देखि ३ सम्मको सर्टिफाइड क्रिकेट प्रशिक्षक २५ जना मात्रै छन्। प्रशिक्षक र खेलाडीको अनुपातलाई हेर्दा यो निकै कम हो। यस खाडलललाई सम्बोधन गर्न हामीले बागमती प्रादेशिक क्रिकेट संघसँगको सहकार्यमा काठमाडौं क्रिकेट प्रशिक्षक विकास कार्यक्रम, 'आईसिसी लेभल ओ' क्रिकेट प्रशिक्षक विकास कार्यक्रम सुरु गर्दै छौं,' महानगर प्रमुख साहले लेखेका छन्।

उनले प्रशिक्षक तालिमबाट सहरभरका इच्छुक खेलाडीलाई क्रिकेटको ज्ञान र सीप फैलाउन सहयोग पुग्ने विश्वास लिएका छन्। '५० नयाँ क्रिकेट प्रशिक्षकलाई तालिम दिई त्यसपछि सहरभरका इच्छुक खेलाडीलाई क्रिकेटको ज्ञान र सीप फैलाउन सहयोग गर्नेछ।' पारस उमेश पियालाई पराजित गर्दै १५ भदौमा अध्यक्ष निर्वाचित भएका थिए। बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा उम्मेदवारी दिएका पारसले २३ र उमेशले १४ मत पाएका थिए। पारस प्यानलसहित विजयी भएका हुन्।



सम्झौतापत्र देखाउँदै काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साह (दायाँ) र बागमती प्रदेश क्रिकेट संघका अध्यक्ष पारस खड्का।

● काठमाडौंमा नयाँ खेलाडी निस्कने विश्वास

प्रमुख साहले पारससँगै ज्ञानेन्द्र मल्ल र पृथु बास्कोटापछि काठमाडौं महानगरबाट राष्ट्रियस्तरको खेलाडी ननिस्किएको बताएका छन्। उनले खेल्ने वातावरण नहुँदा खेलाडी उत्पादन नभएको बताएका छन्। 'पारस खड्का, ज्ञानेन्द्र, पृथुपछि काठमाडौंबाट राष्ट्रिय टोलीमा प्रतिनिधित्व गर्ने अर्को खेलाडी नै निस्किएन। कारण काठमाडौंमा खेल्ने वातावरण नै नभएर हो,' साहले भने, 'स्थानीय सरकारको दायित्व भनेकै स्थानीय जनतालाई खेल्ने वातावरण तयार पार्ने नै हो। त्यहीअनुरूप हामीले प्रादेशिक क्रिकेट संघको प्राविधिक सहयोगमा केही स्कुल तथा वडाहरूमा क्रिकेट नेट राख्ने व्यवस्था गर्दै छौं,' बालेनले भनेका छन्। उनले अन्तर्राष्ट्रियस्तरमा सम्भावित प्रतिनिधिको पहिचान गरी क्षमता अभिवृद्धि गर्ने बताएका छन्। कार्यक्रममार्फत युवालाई अनुशासन, टिमवर्क र नेतृत्व कौशल विकास गर्ने ठाउँ दिने प्रतिभावान् क्रिकेट प्रतिभाको संख्या बढाई, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सम्भावित प्रतिनिधिको पहिचान गरी क्षमता अभिवृद्धि गर्नेछ।

● २४ खेलाडी प्रशिक्षणमा

एसिसी पुरुष यु-१९ प्रिमियर कपका लागि नेपाल क्रिकेट संघ (क्यान)ले २४ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको छ। १२ देखि २४ अक्टोबरमा मलेसियामा हुने प्रतियोगिताका लागि क्यानले शुक्रबार २४ खेलाडीलाई प्रशिक्षणमा बोलाएको हो। प्रिमियर कपमा १६ एसोसिएट टोलीले प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोली र तेस्रो हुने टोलीले पाकिस्तानमा हुने एसिसी यू-१९ एसिया कप २०२३ मा स्थान बनाउनेछन्। नेपाली टोलीमा आकाश त्रिपाठी, अर्जुन कुमाल, दीपक बोहोरा, उत्तम थापामगर, दिपेश कँडेल, हेमन्त धामी, दीपक बोहोरा, दीपक डुम्ब्रे, दुर्गेश गुप्ता, आकाश चन्द, देव खनाल, सुवास भण्डारी, विशाल केसी, मिलन बोहोरा, प्रज्वल थापा, तुलबहादुर थापा, निर्मल गुरुङ, राजेश यादव, विपिन रावल, युनिससिंह ठकुरी, अशोक पौड्याल, अभिनाश तिवारी, नरेन भट्ट र नीरज यादव छन्।

प्रिमियर कपका सबै खेलहरू ५० ओभरका हुनेछन्। नेपाल प्रतियोगिताको समूह 'ए'मा छ। नेपाल सम्मिलित समूहमा बहराइन, साउदी अरबिया र इरान छन्। नेपालले १२ अक्टोबरमा इरानसँग खेल्दै प्रतियोगिताको सुरुवात गर्नेछ। १५ अक्टोबरमा बहराइन र १८ अक्टोबरमा साउदी अरबियासँग खेल्ने तालिका छ।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्सको रोकथाम तथा उपचारमा सहयोग चाहिएमा
सम्पर्क गर्नुहोस् ।



NARCONON NEPAL
नार्कोनन् नेपाल
The Only Narconon Drug Treatment, Rehabilitation & Prevention Center in South Asia
- बसन्त कुँवर/पुजा कुँवर
रिह्याव स्पेसलिस्ट
(अमेरिका, बेलायत, अस्ट्रेलिया बाट)
नि:शुल्क परामर्शका लागि
नार्कोनन् नेपाल
9851037529, 9745660707,9851048432
01-4377124, 01-4650054
E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com